वर्ष : १३, अंक : ३२, काठमाडौं, २०७४ मंसिर १५ गते शुक्रबार 1 December 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# मधेशमा त्रिपक्षीय भिडन्त : मधेशी दलसँग कांग्रेस तथा वाम गठबन्धनको कडा प्रतिस्पर्धा









*मधेशी गठबन्धनका शीर्ष नेताहरू बायाँबाट क्रमश: महन्थ ठाकुर, उपेन्द्र यादव, राजेन्द्र महतो, महेन्द्र राय यादव, शरत्‌सिंह भण्डारी, अनिलकुमार झा र राजकिशोर यादव चुनाव प्रचार प्रसारका क्रममा आ-आफ्ना क्षेत्रमा घरदैलो अभियानअन्तर्गत मतदाताहरूसँग मत माग्दै ।*

**मधेशवाणी डेस्क**

काठमाडौं । स्थानीय तहको निर्वाचन प्रचारमा जनकपुर आएका कांग्रेस सभापति शेरवहादुर देउवा दुई नम्बर प्रदेशमा १ सय तह जितेर मुलुकको पहिलो शक्ति बन्ने उद्‌घोष गरेका थिए तर देउवाले सोचेजस्तो परिणाम भने आएन । दुई चरणको स्थानीय निकायमा पहिलो शक्ति बनेको एमालेको प्रदर्शन पनि फितलो रह्यो । बेग्ला-बेग्लै निर्वाचनमा सहभागी भए पनि संघीय समाजवादी फोरम नेपाल तथा राष्ट्रिय जनता पार्टी नेपाल उत्साहजनक परिणाम ल्याउन सफल भए भने माओवादी केन्द्र आफ्नो गुमेको प्रतिष्ठा जोगाउन सफल भयो ।

अढाई महिनापूर्व सम्पन्न स्थानीय तहको निर्वाचनको मतादेशलाई आधार मानी राजनीतिक दलहरू मंसिर २१ गते दोस्रो चरणमा हुने प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको परिणाम आ-आफ्नो पक्षमा आउने विश्लेषण गर्दैछन् । तर, यो अढाई महिनाभित्र मुलुकको राजनीतिमा ठूलो परिवर्तन आएको छ । एमाले-माओवादी तथा संघीय फोरम-राजपाबीच चुनावी तालमेल भएको छ । यी चार दल अहिले दुई गठबन्धनमार्फत चुनावी मैदानमा छन् भने स्थानीय तह निर्वाचनमा यो प्रदेशको पहिलो शक्ति बनेको कांग्रेस एक्लिएको छ । वाम गठन्धन तथा मधेशकेन्द्रित दलहरूको एकताले प्रदेश नं. २ का आठ वटै जिल्लामा त्रिकोणात्मक प्रतिस्पर्धा हुने सम्भावना छ ।

संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवसँगै राजपा अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुर तथा अन्य पाँच शीर्ष नेता शरत्‌सिंह भण्डारी, राजेन्द्र महतो, महेन्द्रराय यादव, अनिलकुमार झा तथा राजकिशोर यादव यही प्रदेशबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार छन् भने कांग्रेसका पूर्व महामन्त्री विमलेन्द्र निधि, वरिष्ठ नेता प्रदीप गिरी, फरमुल्ला मंसूर, डा.अमरेशकुमार सिंह, माओवादी केन्द्रका रामचन्द्र झा, मातृकाप्रसाद यादव, एमालेका रघुवीर महासेठ आदि नेताहरूसमेत यही प्रदेशबाट चुनाव लड्दैछन् ।

यसैगरी, कांग्रेसका युवा नेता रञ्जित कर्ण, डा. चन्द्रमोहन यादव, राजपाका मनिष सुमन तथा एमालेका शत्रुघ्न महतो आदि निवर्तमान सांसदहरू प्रदेशसभाको चुनावमा भिड्दैछन् । तीन मुख्य दलले यी नेताहरूबाटै प्रदेशको मुख्यमन्त्री छान्ने अनुमान छ । स्थानीय तह निर्वाचन परिणामलाई विश्लेषण गर्दा धनुषा, सिरहा, सप्तरी, महोत्तरी र सर्लाहीमा मधेशी गठबन्धनको पकड बलियो देखिन्छ । पश्चिमका तीन जिल्लामा भने कांग्रेस, वाम गठबन्धन तथा मधेशी मोर्चाको स्थिति लगभग बराबर छ ।

मधेशी मोर्चाका तीन शीर्ष नेता प्रतिस्पर्धी रहेको धनुषा, महोत्तरी र सप्तरी प्रदेश नम्बर-२ मा मात्र होइन, मुलुकमै चर्चाको विषय बनेको छ । धनुषा-३ बाट राजपा अध्यक्ष मण्डलका राजेन्द्र महतो कांग्रेसका पूर्व महामन्त्री विमलेन्द्र निधिसँग प्रतिस्पर्धा गर्दैछन् भने सप्तरी-२ मा संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवको प्रतिस्पर्धा पूर्वमन्त्री समेत रहेका माओवादी केन्द्रका उमेश यादवसँग छ । यसैगरी महोत्तरी-२ मा राजपा अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुर प्रतिस्पर्धामा छन् । उक्त क्षेत्रमा कांग्रेसले आफ्नो उम्मेदवारी फिर्ता लिए पनि राजपाकै विद्रोही उम्मेदवार चन्देश्वर झाका कारण ठाकुर दबाबमा छन् । उक्त क्षेत्रबाट दुवै संविधानसभा निर्वाचनमा मधेशकेन्द्रित दलसँग सम्बद्ध संजयकुमार साह सभासद् भएका थिए ।

यसअघि धनुषा-३ बाट पटक-पटक सांसद भएका कांग्रेस वरिष्ठ नेता विमलेन्द्र निधिको गृहगाउँ नगराइन नगरपालिका तथा उनको अत्यधिक प्रभाव रहेको मुखियापटी मुसरनिया, औरही आदि ग्रामीण क्षेत्रमा कांग्रेसको जनाधार बलियो मानिन्छ । नगर क्षेत्रमा अझै पनि बलियो प्रभाव रहेको निलम्बित निवर्तमान सांसद संजयकुमार साहले निधिलाई समर्थन दिने घोषणा गरेका छन् । साहका समर्थकहरू खुलेरै निधिको प्रचार गर्न थालेका छन् ।

महोत्तरी-३ बाट प्रतिस्पर्धा गरी रहेका राजपा अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरको समर्थनमा कांग्रेसले आफ्नो उम्मेद्‌वारी फिर्ता लिए पनि राजपाका वागी उम्मेदवार चन्द्रेश्वर झा मैदानमा छन् । झा दोश्रो संविधानसभामा स्वतन्त्र उम्मेदवारका रूपमा सांसद निर्वाचित भए पनि उनको धरातल कमजोर देखिएको छ । भूमिहार बहुल महोत्तरी-३ का अधिकांश गाउँ तथा नगरमा राजपाको स्थिति बलियो छ ।

सप्तरी-२ बाट उम्मेदवारी दिएका संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव तथा माओवादी केन्द्रका उमेश यादवबीच सीधा मुकावला हुने आंकलन गरिए पनि मधेशी मोर्चाका वागी उम्मेदवार जयप्रकाश ठाकुरको उम्मेदवारीका कारण प्रतिस्पर्धा त्रिकोणात्मक भएको छ ।

## राजपाको घोषणा-पत्रमा विदेश नीति



काठमाडौं । राष्ट्रिय जनता पार्टी(राजपा)ले दक्षिणी छिमेकी भारतसँग 'पारिवारिक' र अर्को उत्तरी छिमेकी चीनसँग 'घनिष्ट' सम्बन्ध राख्नुपर्ने आफ्नो विदेश नीति सार्वजनिक गरेको छ । मंसिर १० र २१ गते गरि दुई चरणमा हुन लागेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि राजपाले गत बिहिबार घोषणापत्र सार्वजनिक गरेको हो । 'हामीले भारतसँगको भौगोलिक, धार्मिक, भाषिक, साँस्कृतिक, ऐतिहासिक र पारिवारिक सम्बन्धलाई विशेष महत्व दिनुपर्छ,' विदेश नीतिबारे राजापको घोषणापत्रमा भनिएको छ,'त्यस्तै चीनसँगको सम्बन्ध पनि एकअर्काको हितलाई ध्यानमा राख्दै नजिकको, असल एवं भरपर्दो छिमेकीको रूपमा अत्यन्तै घनिष्ट र आत्मीय हुनुपर्छ ।' राजपाले ठूला दलले विदेश नीतिलाई आफ्नो स्वार्थ अनुसार प्रयोग गरेको र क्षणिक स्वास्थका लागि एकदेशसँग नजिकिने र अर्को देशसँग टाढिने गरेको समेत आरोप लगाएको छ । 'दुवै देशसँग हाम्रो परम्परागत रूपमा राम्रो सम्बन्ध रही आएको छ । तर बेलाबखतमा ठुला राजनीतिक दलका क्षणिक, व्यक्तिगत, राजनीतिक र चुनावी स्वार्थका कारणले एकका विरूद्धमा अर्काको प्रयोग वा एकसँग नजिक र अर्कासँग टाढा हुने दृष्टान्तहरू पनि छन्,' राजपाले भनेको छ,'यो विदेश नीति होइन, यसो गर्न दिनु हुँदैन् ।'

राजपाले भारत र चीन दुवै देशका विरूद्ध नेपालको भूमि कुनै पनि हालतमा प्रयोग गर्न दिन नहुनेमा जोड दिँदै छिमेकी र अन्य देशसँग राष्ट्रिय हितलाई ध्यानमा राखेर विदेशनीति संचालन गरिनुपर्नेमा जोड दिएको छ ।

राजपाले देशको प्रमुख राष्ट्रिय चुनौतिहरूमा असन्तुलिन विदेश नीति समेत रहेको विश्लेषण गरेको छ । दुई छिमेकी भारत र चीन समृद्ध हुन लाग्दा समेत नेपाल गरिबको गरिबै रहनुमा नेपालको असन्तुलित विदेश नीति कारक रहेको तर्क गरेको छ । राजपाले भनेको छ, 'यसको मुल कारण पहिल्याउने हो भने नेपालले बनाएको आफ्नो अन्तर्राष्ट्रिय छवि र विशेष रूपमा यी दुई देशहरूसँग राखेको सम्बन्धको प्रकृति र तिनीहरूसँग गर्ने व्यवहार नै हो ।'

## त्रिपाठी र कलवारबीच प्रतिस्पर्धा

नवलपरासी । पटक-पटक मन्त्री बनेका हृदयेश त्रिपाठी र पूर्वसांसद देवकरण कलवार चुनावी प्रतिस्पर्धामा उत्रिएपछि यसले राष्ट्रिय राजनीतिमा चर्चा पाएको छ । प्रतिनिधिसभा सदस्यका लागि नवलपरासी- बर्दघाट सुस्ता पश्चिम निर्वाचन क्षेत्र नं १ बाट त्रिपाठी र कलवार उम्मेदवार भएका छन् । लामो समयदेखि राजनीतिमा क्रियाशील त्रिपाठी र सन्तु भनिने सामान्य किसान कलवारबीच चुनावी प्रतिस्पर्धा देखिएपछि रोचक बनेको हो । मधेशी दलमा सक्रिय त्रिपाठीले अहिले नेकपा(एमाले)को चुनावी चिह्न लिएर चुनावी मैदानमा छन् । यसअघिको निर्वाचनमा त्रिपाठीलाई करिब छ हजार मतअन्तरबाट कलवारले पराजित गरेका थिए । यसपटक त्रिपाठी र कलवारबीच निकै प्रतिस्पर्धा देखिन्छ । वाम गठबन्धनका तर्फबाट उम्मेदवार भएकाले पनि निर्वाचन जित्ने त्रिपाठीको जिकिर छ तर अघिल्लो पटक बढी मतअन्तरले त्रिपाठीसँग चुनाव जितेको र यस पटक मधेशी जनअधिकारफोरम नेपाल(लोकतान्त्रिक)सँग भएको पार्टी एकीकरणबाट समत आफ्नो जितमा सहयोग मिल्ने कलवारको भनाइ छ ।

## 'निधिको उम्मेदवारी फिर्ता भए गठबन्धन सम्भव'



उपेन्द्र यादव

राजविराज । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपाली कांग्रेसले धनुषा क्षेत्र नम्बर ३ बाट विमलेन्द्र निधिको उम्मेद्वारी फिर्ता लिए लोकतान्त्रिक गठबन्धन सम्भव रहेको बताएका छन् । धनुषा-३ मा राजपाका नेता राजेन्द्र महतो प्रतिनिधिसभा सदस्यको चुनाव लड्दै छन् । फोरमका अध्यक्ष यादवले कांग्रेसकै घमण्डका कारण लोकतान्त्रिक गठबन्धन बन्न नसकेको दोहोऱ्याए । तर, उसले अझैपनि गठबन्धनका लागि प्रयास गरिरहेको यादवले बताए । यादवले भने-'यदी धनुषा-३ मा कांग्रेसले उम्मेदवारी फिर्ता लिन्छ भने अझैपनि लोकतान्त्रिक गठबंधन सम्भव छ ।' यही मंसीर २१ गते हुने प्रदेशसभा र प्रतिनिधिसभा सदस्यको निर्वाचनमा यादव फोरम-राजपा गठबन्धनका तर्फबाट सप्तरी-२ बाट प्रतिनिधि सभा सदस्यका उम्मेद्वार छन् । 'धनुषा-३ मा राजपा नेता राजेन्द्र महतोजी हुनुहुन्छ हामी कुनैपनि हालतमा सम्झौता गर्न सक्दैनौं,' यादवले स्पष्ट पार्दै थपे-यदी काङ्ग्रेसले निधिको उम्मेदवारी फिर्ता लिन्छ भने गठबन्धनको सम्भावना सकिएको छैन ।'

**समय सन्दर्भ**

**जेपी गुप्ता**



## मधेशको शृङ्गारिक उपयोगिता

**चुनाव पछि मधेशका मागहरूको अवस्था के रहन्छ ? मागहरू यथावत् रहे पनि ती मागहरू पूरा गराउनका लागि आन्दोलनको सामर्थ्य वा सम्झौताको कत्तिको सम्भावना रहन्छ ?**

दोस्रो चरणको निर्वाचन हुन अब धेरै बाँकी छैन । यस चरणमा विशेषत: प्रदेश २ को निर्वाचन जहाँ मधेशी दलहरू नायकका रूपमा देखिन्छन् यता सबैको ध्यान गएको छ । यस चरणको निर्वाचन सम्पन्न हुनुमा अब कुनै शंका छैन । फलत: मूलधारका दलहरूका लागि संविधानको कार्यान्वयन हुनु पनि टाढाको विषय रहेन । चुनावलाई चुनौती ठान्नेहरूका लागि संविधानमा पहिचानको मान्यता र पहिचानको आधारमा संघीयताको निर्माण ठूलो समस्या थियो । पुरानै राज्य संरचनाको आधारभूत मर्ममा धुलीकरण भएको यो संघीयता पुरानो संरचनाकै पृष्ठपोषण गर्नेहरूका लागि सहज स्वीकार्य भएको छ । यो पक्ष पहिलो संविघान सभाको निर्वाचन २०६४ मा परिवर्तनका शक्तिहरूबाट पराजित भएका थिए । पहाड र मधेशमा पहिचानवादीहरूको उदय र उनैको विरादरीबाट माओवादीको प्रार्दुभाव यिनको अगाडी भीमकाय चुनौति थियो (अहिले यिनले यसको व्यवस्थापन गरिसकाका छन्) । मुलुकमा ३७५ जनसंख्या रहेको आदिवासी जनजातिहरू आजको संसदीय निर्वाचनमा कतै पनि एक शक्तिको रूपमा अस्तित्वमा रहेनन् । फगत अस्तित्व देखाउनका लागि अशोक राईहरू एक मधेश केन्द्रीत पार्टीमा आश्रय लिएका छन् र काँग्रेसको दयामा निर्वाचनमा उभिएका छन् ।

मधेशी पार्टीहरू घोषित रूपमा काँग्रेस नेतृत्वको गठबन्धनमा नरहे पनि यिनका नेतृत्व आफु चुनाव जित्नका लागि अनेकन् ठाउँमा काँग्रेससँग चुनावी सम्झौता गरेका छन् । उपेन्द्र यादव र महन्थ ठाकुरहरूका विरूद्ध काँग्रेसले उम्मेदवारी फिर्ता लिनु यसैका केही अकाट्‌य उदाहरण हुन् ।

राज्यको पुरातन ढाँचामा परिवर्तनका लागि मधेश सर्वाधिक दवावकारी शक्ति थियो । आफू भित्र मुलुककै संरचनागत परिवर्तनका लागि बिभिन्न अन्तरनिहीत शक्ति तथा तत्वहरू रहे पनि मधेशले त्यसको प्रयोग र निर्णायक भूमिका सिद्ध गर्न सकेन । अब मधेश मात्र एक चुनावी शक्ति तथा अरूको केन्द्रीय सत्ता निर्माणको पक्ष मात्र रहन गएको छ । यसर्थ, यस संसदीय प्रादेशिक निर्वाचनबाट यदि मधेशले सीमान्त विजय पाए पनि-त्यस विजयले मधेशका सवालहरूलाई गन्तव्यमा पुऱ्याउने कुरामा विश्वासका आधारहरू छैन् । यसैले म यस चुनावको जीत वा हारको बारेमा केन्द्रित हुन चाहन्न् । मेरो ध्यान यस तर्फ गएको छ कि, यस चुनाव पछि मधेशका मागहरूको अवस्था के रहन्छ ? मागहरू यथावत् रहे पनि ती मागहरू पूरा गराउनका लागि आन्दोलनको सामर्थ्य वा सम्झौताको कत्तिको सम्भावना रहन्छ ?

संसदीय लोकतन्त्रमा जनादेशको खास तथा वैधानिक महत्व हुन्छ । जुन विषयवस्तुमा आधारित रहेर दलहरू जनताबाट संसदीय शक्ति र समर्थन पाएका हुन्छन् त्यो दलहरूका लागि अनुलंघनीय हुन्छ । यो नैतिक बन्धनको विषय पनि हो । स्कटिश, कस्मिरी तथा संसारका अन्य पृथकतावादीहरू यसैले गर्दा देशको संसदमा गएर पृथकताको कुरा गर्दैनन् । नैतिक र वैधानिक दुवै रूप र सारमा मधेशका संसदीय दलहरू नेपालको अहिलेको प्रचलित संविधानलाई स्वीकार गरिसकेका छन् । यसको विरोधमा जाने कुरा गर्नु मधेशका भावनामुखी मतदाता एवम् जनतालाई सरासर मूर्ख बनाउनु हुनेछ । अहिले सबैले जान्न खोज्नु पर्छ कि, मधेशी पार्टीहरू कुन मुद्दामा चुनाव लडदैछन् ? यो जान्न यस निम्ति आवश्यक छ कि, यदि मधेशी दलहरू मधेश आन्दोलनका आधारभूत सवालहरूलाई एजेन्डा बनाएर र जनअनुमोदन लिन चाहेका छन् भने भोली उसले पाउने सीट संख्या कम वा बढी जे भए पनि उ आन्दोलनकारी शक्तिको रूपमा नै रहन्छ । मधेशी दलहरू वास्तविक रूपमा शक्ति मानिने छन् । अन्यथा उ संसदको फगत संख्या मात्र हुनेछ जसको उपयोग सत्ता निर्माणमा वा सत्ताभोगमा सिमीत रहनेछ । मधेशका लागि उसको शृङ्गारिक उपयोगिता बाहेक अरू केही हुने छैन् ।

मधेशको निर्वाचन अभियानलाई गहिरिएर हेर्दा जातिवाद मुख्य चुनावी मुद्दा हुन गएको दु:खद अवस्था भेटिन्छ । सर्लाहीबाट महन्थजी र राजेन्द्र महतोको क्रमश: महोत्तरी र धनुषा आगमन अनि मोरंग तथा सुनसरीबाट उपेन्द्र यादवको सप्तरी प्रवेश जातिवाद प्रवर्द्धनका निम्ति संरक्षित भूमिको चयन बाहेक अरू केही देखिन्न् । राजनीतिक परिदृश्यमा आफूलाई बचाई राख्नका निम्ति जातीय बर्चस्व रहेको स्थानको खोजी हो ।

काँग्रेस र एमाले-माओवादीले पनि मधेशमा यही रणनीति अपनाएका छन् । यिनको टिकट वितरणमा जातीय प्राथमिकतालाई हेर्दा नै स्पष्ट हुन्छ । मधेशमा यिनीहरूले पनि जातीय जनसंख्याको आधारमा टिकट वितरण गरेका छन् । यसरी मधेशी, काँग्रेस र बाम गठबन्धन यी तीनवटै पक्षले मधेशलाई दीर्घकालका लागि मधेशका आधारभूत सवालहरूबाट विचलित गरेर जातीय राजनीतिमा झोस्ने काम नै गरेका छन् ।

यस पटकको निर्वाचन मधेशमा, खासगरी २ न. प्रदेशमा पूर्ण रूपेण जातिवादमा आधारित भएको छ । निर्वाचनमा देखिएको यो प्रवृतिको पूर्वाभ्यास भर्खरै सम्पन्न स्थानीय निर्वाचनमा जोडदार रूपमा भएको थियो । मधेशी पार्टीहरूले संविधान सभाको पहिलो निर्वाचन २०६४ मा खेल्न शुरू गरेको जातीय राजनीतिको आत्मघाती खेलको अहिले यो परिपक्व निरन्तरता नै हो । स्वभवत: मधेशी राजनीतिक मानसिकता सीमावर्ती भारतीय प्रदेशहरूबाट बढी प्रभावित रहेको छ । भारत तिरका मुल्लाह, मौलबी, गुरू र सन्त महन्थहरू मधेशमा चुनाव जिताउने तारणहार हुने गर्दछ । त्यहाँ जातीय समीकरण वा ध्रुवीकरणको आधारमा मायावती, मुलायम

*बाँकी पृष्ठ ६ मा*





## सम्पादकीय



# अब प्रतीक्षा दोस्रो चरण निर्वाचनको

निर्वाचन हुने नहुने विभिन्न शङ्का आशङ्काबीच पहिलो चरणको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। निर्वाचन आयोगले यस चरणमा ६५ प्रतिशतभन्दा बढी मत खसेको प्रारम्भिक अनुमान गरेको छ। यी क्षेत्रको भौगोलिक अवस्थालाई हेर्ने हो भने यो प्रतिशतलाई उत्साहजनक रूपमा लिनुपर्छ। यसलाई स्थानीय निकायको निर्वाचनमा खसेको मतलाई आधार मानेर विश्लेषण गर्नु पनि हुँदैन।

स्थानीय उम्मेदवार र स्थानीय मुद्दा लगायतका कारणले राष्ट्रिय चुनावमाभन्दा स्थानीय चुनावमा बढी मत खस्ने गरेको तथ्याङ्कले नै देखाइरहेको छ। यस हिसाबले प्रथम चरणको निर्वाचन सोचेभन्दा धेरै व्यवस्थित र उत्साहपूर्ण सभागितामा भएको छ। पहिलो चरणको निर्वाचनले दोस्रो चरणको निर्वाचन पनि अझै उत्साहजनक रूपमा सम्पन्न हुन्छ भन्ने विश्वास बढाएको छ। यसले दोस्रो चरणको निर्वाचनलाई थप सुनिश्चितता गर्नेछ। अब निर्वाचन हुने क्षेत्र पहिलो चरणको तुलनमा सहज भएकाले मत प्रतिशत पनि बढी नै खस्ने अनुमान गर्न सकिन्छ। दोस्रो चरणको निर्वाचन सम्पन्न भएपछि ऐतिहासिक संविधानसभाबाट जारी नयाँ संविधान पूर्ण कार्यान्वयनमा आउनेछ।

> जनताले नरूचाएका र समाजले नपचाएका व्यक्तिलाई दलहरूले उम्मेदवार बनाएका कारण कतिपय मतदाता खुसी छैनन्। यस्ता उम्मेदवारका कारण नचाहेर पनि मतदान गर्नुपर्ने बाध्यतामा कतिपय मतदाता रहेका छन्।

संविधानअनुरूप स्थानीय निकायको निर्वाचन पनि सम्पन्न भएको छ। झण्डै छ महिनाको समय लगाएर स्थानीय चुनाव सम्पन्न भएसँगै प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनका लागि वातावरण तय भएको हो, तर स्थानीय निकायको निर्वाचनले लामो समय लिँदा र पटक-पटकको सार्नु पर्दा अब निर्वाचन नै हुँदैन कि भन्ने आशङ्का बढेर गएको थियो। विशेष गरेर राष्ट्रिय जनता पार्टीका कारण पटक-पटक निर्वाचनको समय सारेर भए पनि निर्वाचनमा उसलाई सहभागी गराउनमा शेरबहादुर देउवा नेतृत्वको सरकारले सफलता प्राप्त गरेको छ। सायद राजपाले स्थानीय निकायको निर्वाचनमा भाग नलिएको भए प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचन सम्भव हुने पनि थिएन। वास्तवमा एउटा निर्वाचन सकिएसँगै अर्को निर्वाचनमा होमिनुपरेका कारण मुलुकको लागि यो वर्ष चुनावी वर्ष साबित भएको छ। यसले राजनीतिक नेतृत्व र दलका कार्यकर्तालाई जनतासँग घुलमिल हुने र मुलुक र मुलुकबासीका समस्यालाई नजिकबाट साक्षात्कार गर्ने अवसर पनि जुटाएको छ। यस निर्वाचनबाट समाजले नयाँ-नयाँ नेतृत्व मात्र प्राप्त गर्ने छैन, यसले लोकतान्त्रिक परिपाटीलाई सुदृढ र सक्षमसमेत बनाउने छ। सङ्घीय संरचनाअनुरूप सम्पन्न यस निर्वाचनले ऐतिहासिक संविधानसभाबाट जारी नयाँ संविधान पूर्ण कार्यान्वयनमा आउने छ। सबैभन्दा ठूलो नेपाली जनताका त्याग र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गराउनमा मद्दत पुऱ्याउने छ।

हुन त निर्वाचनले मात्र जनताका सबै अधिकारलाई सुनिश्चित हुन्छ र गराउँछ भन्ने होइन तर निर्वाचन पनि लोकतन्त्रको महत्वपूर्ण आधार भने अवश्य हो। मतदाताले आफूले चाहेको उम्मेदवारलाई विवेक प्रयोग गरेर मतदान गर्न पाउनुले मतदाताको अपेक्षा प्रकट गरेको हुन्छ। जनताले नरूचाएका र समाजले नपचाएका व्यक्तिलाई दलहरूले उम्मेदवार बनाएका कारण कतिपय मतदाता खुसी छैनन्। यस्ता उम्मेदवारका कारण नचाहेर पनि मतदान गर्नुपर्ने बाध्यतामा कतिपय मतदाता रहेका छन्। आगामी दिनमा यसमा समेत सुधार ल्याउने प्रयास र प्रयत्न हुनु जरूरी छ। जे भए पनि यस निर्वाचनमा मतदाताले देखाएको सहभागितालाई दलहरूले गम्भीर रूपमा बुझेर उनीहरूको अपेक्षा पूरा गराउनेतर्फ आआफ्नो ध्यान केन्द्रित गराउन सकेमा मात्र निर्वाचनको सार्थकता रहने छ। मुलुकको राजनीतिले ऐतिहासिक फड्को मारेको प्रमाणित पनि यसैले गराउने छ।

## साताको सात बात



दक्षिण तराई, मध्य पहाड, उत्तर हिमालको भू-बनोटले नेपालको भू-गोललाई जति सुन्दर बनाएको छ, विपद्का दृष्टिकोणले त्यतिकै जोखिम बढाएको छ। विपद् जोखिमलाई न्यूनीकरण गर्ने ऐनको कार्यान्वयन गर्दै अगाडि बढ्ने हो भने बाढी, पहिरो, भूकम्प, आगलागीजस्ता क्षति कम गर्न सहयोग पुग्छ। **विद्यादेवी भण्डारी, राष्ट्रपति**



कम्युनिष्टले जिते विदेशी लगानी भित्र्न सक्दैन। समृद्धिका लागि विदेशी लगानी भित्रिनुपर्छ। विदेशीले कांग्रेसलाई मात्र पत्याउँछ र कांग्रेसले मात्र समृद्ध र विकास ल्याउसक्छ। देश कम्युनिष्ट शासनमा जाने कि लोकतन्त्रमा भन्ने गम्भीर मोडमा उभिएको छ। **शेरबहादुर देउवा, प्रधानमन्त्री**



पहिलो चरणको निर्वाचनमा दुई तिहाई सिट वाम गठबन्धनको आउँछ। दोस्रो चरणको निर्वाचनमा पनि वाम गठबन्धनले दुई तिहाई ल्याउने पक्का छ। मुलुकको समृद्धिका लागि आगमी दिनमा वागठबन्धनले काम गर्नेछ। वामगठबन्धनले मुलुकमा स्थिर सरकार र समद्धि दिने छ। **पुष्पकमल दाहाल, अध्यक्ष, माओवादी केन्द्र**



देशको लामो राजनीतिक इतिहास बोकेको नेपाली कांग्रेस बामगठबन्धन भएपछि अतालिएर अब अभिनायकवादको उदय हुने भ्रम फैलाईरहेको छ। तर, देशमा स्थायित्व कायम गरी जनतालाई समृद्ध बनाउने उद्देश्यले वामगठबन्धनको निर्माण भएको हो। **माधककुमार नेपाल, नेता, नेकपा एमाले**



धनुषा क्षेत्र नम्बर ३ बाट विमलेन्द्र निधिको उम्मेदवारी फिर्ता लिए लोकतान्त्रिक गठबन्धन अझ पनि सम्भव छ। मधेशी जनताको हक र अधिकारको लागि लड्दै आएको आन्दोलनरत पक्ष र सत्तपक्षबिचको प्रतिस्पर्धाको रूपमा यो चुनावलाई हेरेको छु। **उपेन्द्र यादव, अध्यक्ष, संघीय समाजवादी फोरम नेपाल**



तराई मधेशलाई अधिकारसम्पन्न बनाउन कांग्रेस क्रियाशील रहेको र संविधान संशोधनका लागि निरन्तर पहल गरेकाले कांग्रेसप्रति तराईका जनता विश्वस्त रहेका छन्। हामी प्रदेश नम्बर २ मा बहुमत ल्याउँछौं। तर, अब निर्वाचन नजिकिएकाले मधेशी दलसँग तालमेलको सम्भावना छैन। **विमलेन्द्र निधि, नेता, नेपाली कांग्रेस**



मतदाता शिक्षा ज्यादै जटिल, गम्भीर र अतिआवश्यक विषय हो। आयोगका तर्फबाट मतदाता शिक्षाका सबै प्रकारका सामग्री तयार पारेर जिल्ला-जिल्लामा पठाएका छौं। तर, मतदाता शिक्षा भनेको कहिल्यै पर्याप्त हुँदैन। त्यसको 'इन्टिकेटर' के हो त्यो मतदान पनि थाहा पाईएला। **अयोधीप्रसाद यादव, प्रमुख निर्वाचन आयुक्त**

*प्रस्तुती : संगीता रेग्मी*

# आसन्न चुनाव : कसको के अपेक्षा

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३९०



❖ उपेन्द्र झा

> देशमा फैलिरहेको राजनीतिक असन्तुलन, असन्तुष्टता तथा पारस्परिक चर्को अन्तर्विरोध समाधानको दिशामा यो चुनाव नरहेको स्पष्ट छ। स्पष्ट बहुमत लिएर शासन चलाउनु र शक्तिकेन्द्रलाई पोस्ने बाहेक यो सरकारबाट केही उपलब्धी नहुने स्पष्ट छ।

मंसिर २१ गते मधेशमा हुने चुनाव (प्रतिनिधिसभा र प्रदेशसभा) अब ६ दिन मात्र बाँकी छ। बलपूर्वक अनाधिकृत रूपमा चुनाव गराउने शक्तिहरू तथा आन्दोलन त्यागेर हठात् चुनावमा भाग लिने मधेशका दलहरू आफ्नै अपेक्षा अनुसार चुनावमा होमिएका छन्। शक्तिकेन्द्रहरू कोही चुनाव गराएर आफ्नो अभिष्ट पूरा गराउन सक्रिय रहेका छन् भने कसैका लागि चुनावी भएपनि मूकदर्शकझैं तमासे बनेका छन्। चुनावको माध्यमबाट कोही नेपालमा आफ्नो प्रभाव स्थापित गर्न चाहन्छ भने कसैको प्रभाव विस्थापनमा जाने सम्भावना पनि छ।

वाम गठबन्धन र नेपाली कांग्रेसको अपेक्षा एकथरिको छ भने राजपा, ससफो गठबन्धनको अपेक्षा अर्कोथरिको छ। आफ्नो लोकप्रियता गुमाएका मधेशका दलपतिहरूलाई सत्तापक्षले जिताएर लैजाने अवस्था पनि देखिएको छ। शीर्ष तीन ठूला मधेशका पार्टी अध्यक्षलाई जिताउन सहयोग गरे पनि मधेशका दलहरूलाई अपेक्षित सीट दिलाउन तयार छैनन्। राष्ट्रिय राजनीतिक वृत्तमा मधेशी प्रतिनिधि उत्रियोस् तर मजबुत भएर होइन, यही चाहना सबैको छ। प्रतिफल पनि यही चाहना अनुसार ल्याउने वाम गठबन्नको दाबी छ। अहिले वाम गठबन्धनको प्रतिस्पर्धामा कांग्रेस कमजोर रहेकोले राजपा र ससफोको कित्तामा देखिएको हो। मधेशलाई हेर्ने वर्गीय दृष्टिकोणभन्दा फरक विचार नेपाली कांग्रेसको पनि छैन। अप्रत्याशित रूपमा मिल्न नसक्ने माओवादी केन्द्र र एमालेको गठबन्धन बनाई दिने शक्तिको बरदान पाएर सहकर्मी नेपाली कांग्रेसलाई छोडिदिएकोले कमजोर देखिएका छन्।

स्थानीय चुनावमा पहाडबाट वाम पार्टीहरूले खेदेर दिएको घाऊलाई मधेशले आश्रय दिएर मलहम लगाएर घाऊ निको पारी दिएको छ। मधेशकै कारण स्थानीय स्तरमा नेपाली कांग्रेसले शीर्ष स्थान कायम राख्न सक्यो। एमालेको दम्भलाई तोडेर मधेशले आफ्नो अपमानको बदला एमालेसँग लिएको छ। वामको क्षीणता बर्दास्त गर्न नसक्ने शक्ति केन्द्रले यसको गठबन्धन बनाएर चुनावमा उतारेका छन्। वाम गठबन्धनलाई जिताएर सत्ता कब्जा गर्ने शक्तिकेन्द्र नेपालमा आफ्नो वर्चस्व लाद्ने अभिष्ट बोकेको छ। आफ्नो सहकर्मी नेपाली कांग्रेसलाई पनि किनारामा छाडी सर्वसत्तावादी अभिष्ट लिएर हिंडेको वाम गठबन्धन राजनीतिक असन्तुलन बढिरहेको आँकलन गर्न सकेको छैन। यो चुनावमा आफ्नो बहुमत हुने अहंकारमा वाम गठबन्धन अगाडि बढेको कुरालाई लोकतान्त्रिक शक्तिले राम्ररी हेरिरहेको छ। वाम गठबन्धनले बहुमत पाउने उन्मादमा शक्ति केन्द्रको इशारा प्रतिफलको चिन्ता नगरी अगाडि बढेका छन्।

देशमा धरातलीय समस्याको माग, वर्गी शासनको निरन्तरता दिने शासकीय मनोवृत्तिको कट्टरपन तथा आफ्नो अभिष्ट पूरा गर्न शक्तिकेन्द्रले शासकवर्गलाई नै समर्थन गर्ने परम्पराले पारस्परिक अन्त्यहीन द्वन्द्वलाई जन्म दिएको छ। शक्ति केन्द्रको स्वार्थ द्वन्द्वत् पक्षसँग पूरा नहुने भएकोले यिनको सम्बन्ध सोझै शासकवर्गसँग हुन्छ। यी पारस्परिक द्वन्द्वमा फँसाएर शक्तिकेन्द्र (कम्युनिष्ट र लोकतान्त्रिक) आफ्नै ढंगले नेपाली राजनीतिक पार्टीहरूलाई संचालन गर्छ। शक्तिकेन्द्रले राजनीतिक दलहरूलाई संचालन गर्ने प्रक्रिया नै उसको स्वार्थ पूर्तिको साधन हो। शक्ति केन्द्रको भक्ति पनि धन अनुसारको हुन्छ र यसमा स्थायित्व हुँदैन। स्थायित्व नभएका कारण नै अरू शक्ति केन्द्रले यिनलाई प्रयोग गर्न मौका पाउँछन् र शासकवर्ग धनवर्षामा रमाइरहेका हुन्छन्।

देशको समस्याको समाधान न शक्तिकेन्दले चाहेको हुन्छ न यिनका प्यादाहरूले। द्वन्द्व रहिरहने अवस्थामा नै शक्तिकेन्द्रको महत्व बढ्छ भने राजनीतिक दलहरू लाभका अवसर पाउँछन्। आन्दोलनरत् पक्षको समस्याको समाधान यिनको राजनीतिको अन्त्य हुने भएकोले जन्मिएको समस्यालाई समाधान गर्ने कसैको नियत हुँदैन। सधैं परावलम्बी अवस्थामा रहेको देश आर्थिक रूपले मात्र होइन, राजनीतिक रूपले पनि पराश्रित छ। लामो समयदेखि पराश्रित अभ्यास गरी आफ्नो राज्यसत्ताको वर्गीय चरित्र कायम राख्ने संस्कार बनाएकोले यसमा किंचित परिवर्तन यिनले बर्दास्त गर्दैनन्। राजादेखि लोकतन्त्रसम्म देश दिनानुदिन परावलम्बी हुँदै गएको ग्राफमा किंचित सुधार नदेखिनु यिनको यथास्थितिवादी सोच नभएर अरू के हो? समृद्धि र विकास यिनको जनतालाई झुक्याउने नारा मात्र हो। असलमा यिनी आफ्नो अस्तित्व यथास्थितिमा नै देख्छन्।

तस्कर र व्यापारीले मात्र चुनावी प्रतिस्पर्धा गर्न सक्ने दंगलमा जीतको सपना सजाएर उत्रेका कमजोर प्रतिस्पर्धी पनि हात जोडेर मतदाता रिझाउन व्यस्त छन्। विश्वासघातको पीडा भोगिरहेका मतदाता आफ्नो लाभको अपेक्षा मात्र राखेका छन्। लाभका अगाडि आफ्नो जातिलाई मात्र स्वीकार गर्ने मनस्थितिमा अरू उम्मेदवारको अवस्था कस्तो होला? विगतमा केही खर्च गर्न नसक्ने, कुनै छवि नभएकाहरूले जीत हासिल गरेको देखदा कतिपयले सोही आशमा कतिपयले उम्मेदवारसँग बार्गेनिङ्ग गरी लाभ लिने उद्देश्यले उम्मेदवारी दर्ता गराएका छन्। जनतासँग पटक-पटक विश्वासघात भएकोले उम्मेदवारप्रति खासै चासो देखिदैन। मत दिनै परे जातिको उम्मेदवार नभए जसलाई मन लाग्यो मन दिने अवस्था देख्छु। तत्काल जाति भएपनि लाभको आशमा अधिकांश मतदाता रहेका छन्।

मधेशी र पहाडीबीच सत्तापक्षले बढाएको दूरीले नेपाली कांग्रेस तथा वाम गठबन्धनका मधेशी उम्मेदवारलाई पहाडी मतदातालाई भारी समसया भएको छ। मधेशमा पहाडी उम्मेदवार मधेशीको पनि मत लिनेमा शंका छैन तर, नेपाली कांग्रेस र वाम गठबन्धनका मधेशी उम्मेदवार पहाडी मत नपाइरहेको अवस्था छ। चुनावको नतिजाले नै यो सब कुराको सत्यापन गर्नेछ। सप्तरी क्षेत्र नं. १ मा वाम गठबन्धनबाट प्रदेश सभाका उम्मेदवार सत्यनारायण मण्डल पहाडी मत नपाउने आशंका प्रवल छ।

पहाडी र मधेशीको दूरी बढाउने एमाले अन्ततः कुन अवस्थामा पुगेको छ, यही कुरा व्यक्त गर्न चाहेको छु। भारी अपमान सहेर पनि मधेश पहाडी उम्मेदवार वा पहाडी पहाडीलाई मतदान गर्ने जुन उदारता देखाइरहेका छन् सोही तुलनामा पहाडी मतदाता मधेशमा पनि मधेशी उम्मेदवारलाई स्वीकार गर्न तयार छैनन्। कट्टरताको यो अवस्था मधेशीलाई सहिष्णु रहन देला? स्थानीय चुनावमा कञ्चनरूप नगरपालिकाका मेयर तथा उपमेयरका पहाडी उम्मेदवारलाई नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्रका पहाडी मतदाताले एकमुष्ट मतदान गरी जिताए। मेयर एमालेको थियो भने उपमेयर कांग्रेसको। सप्तकोशीमा पनि त्यहीं भयो। मधेशी समाजमा पहाडी मतदाताको यस्तो चर्को कट्टरताले भविष्यमा सामाजिक कलह वा साम्प्रदायिकता नफैलाउला भन्न सकिन्न। चर्को अन्तर्विरोध लिएर बस्ने पहाडी समुदाय र मधेशी समुदायबीच सामन्जस्ता कसरी हुने?

चुनावी प्रतिस्पर्धामा सबैले आफ्नो हैसियत अनुसार अपेक्षा सजाएका छन्। कोही अज्ञानतावश उत्रेका छन् भने कोही सूत्रधार भई वर्चस्व लिन खोजिरहेका छन्। नेपाली राजनीतिक पार्टीको विडम्बना के हो भने दीपकले आफ्नो मुन्तिरको अँध्यरो भागलाई हेर्न सक्दैन। अरूकै सहारामा आफ्नो अस्तित्व देख्ने शीर्ष तीनै दल (नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्र)को गतिविधिका कारण याहँ शक्तिकेन्द्रले फाइदा लिइरहेको कुरालाई जानेर पनि पचाएका छन्।

वाम गठबन्धन बनाएर चुनाव लडाउने शक्तिले यहाँ वाम गठबन्नको बहुमतको सरकार बनाएर मनोवाञ्छित फाइदा लिने, मधेशी र नेपाली कांग्रेस समेतलाई दबाएर शासन चलाउने आदि क्रियाकलापले देशमा फैलिने राजनीतिक असन्तुलन तथा अराजकताको जिम्मेवार को हुने? चीनले बनाएको वाम गठबन्धनलाई भारतको इशारामा बनेको विश्लेषण गर्ने राजनीतिक ज्योतिषहरूले भोली वाम सरकार कसको इशारामा के गरिरहेको छ, स्पष्टीकरण दिने कुरा छदैंछ।

वाम गठबन्धनले राष्ट्रिय राजनीतिमा आफ्नो वर्चस्व प्राप्त गर्नेमा कुनै शंका छैन। मधेशमा पनि जनाधार भएका नेताहरू वाम पार्टीमा प्रवेश गरेकाले पनि वाम गठबन्धन पहिलो हुनेमा शंका छैन। वाम गठबन्धनको यही अपेक्षा हो।

मधेशी पार्टीहरू राष्ट्रिय राजनीतिको क्षीतिजमा आफ्नो उपस्थिति देखाउने मात्र अपेक्षा राखेर चुनाव लडिरहेका छन्। जनाधार खस्केका कारण आफ्नो जिल्ला छाडेर अर्को जिल्लामा गएर जसरी पनि जीत हासिल गर्ने मधेशी दलका अध्यक्षहरूको भगौडा मानसिकताले उम्मेदवारी दिएको क्षेत्रमा पनि कट्टु आलोचना भइरहेको तथ्य जनसमक्ष देखिन्छ। पार्टीभन्दा पनि आफ्नो जीत भए पुग्ने संकीर्णतामा जातिवादको आश्रयमा चुनाव लडिरहेका छन्।

देशमा फैलिरहेको राजनीतिक असन्तुलन, असन्तुष्टता तथा पारस्परिक चर्को अन्तर्विरोध समाधानको दिशामा यो चुनाव नरहेको स्पष्ट छ। स्पष्ट बहुमत लिएर शासन चलाउनु र शक्तिकेन्द्रलाई पोस्नेबाहेक यो सरकारबाट केही उपलब्धि नहुने स्पष्ट छ। खासगरी मधेशको मामिलामा एजेन्डाविहीन वाम गठबन्धनले अझ द्वन्द्व फैलाउने काम नै गर्छ।

*क्रमशः*

janukjha24@gmail.com

# विदेशिएका युवालाई स्वदेशमै राम्रो रोजगारी : उद्योगपति चौधरी

कपिलवस्तु। नेपाली कांग्रेसका नेता एवं उद्योगपति विनोद चौधरीले देशमा औद्योगीकरणको लहर चलाएर विदेशिएका युवालाई स्वदेश फर्काउने आफ्नो चाहना रहेको बताएका छन्।

कपिलवस्तुको तौलिहवामा मंगलबार आयोजित कार्यक्रममा बोल्दै उनले उक्त चाहना सबै नेपालीको चाहना भएको भएकाले त्यसलाई साकार पार्न आफू प्रयत्नशील रहेको स्पष्ट पारे।

२०४८ सालमा नेपाली कांग्रेसले लिएको आर्थिक उदारीकरणको नीतिले २०४८ देखि २०५१ सम्मको अवधिमा देशले विकासको दौरानमा ठूलो फड्को मारेको भएपनि त्यसपछिको राजनीतिक अस्थिरताले जनताको आर्थिक समृद्धि र विकासको चाहना पूरा हुन नसकेको चौधरीले बताए।

'आर्थिक उदारीकरणको नीतिलाई उचित ढंगले कार्यान्वयन गरिरहन पाएको भए आज ४३ लाख नेपाली कामका लागि विदेश जानुपर्ने अवस्था आउने थिएन' चोधरीले भने। उनले त्यसपछिको राजनीतिले बाटो



बिराउँदा जनचाहना अनुरूप आर्थिक समृद्धि र विकास हासिल हुन नपाएको उल्लेख गर्दै तत्कालीन समयमा कांग्रेसले लिएको आर्थिक नीतिको धरातलमा उभिएर आजसम्म पनि न्यून मात्रामै भएपनि विकासका काम हुन सम्भव भएको उनले दोहोऱ्याए।

देशको आर्थिक वृद्धिदर हालसम्मकै उच्च रहनु, नेपाल सिमेन्टमा आत्मनिर्भर हुनु, ३ हजार मेगावाटभन्दा बढीका जलविद्युत आयोजनाहरू निर्माण हुनु, ३/३ वटा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको प्रक्रियामा रहनु जस्ता कुराहरू सोही आर्थिक नीतिको देन भएको उनले दाबी गरे।

बलियो अर्थतन्त्रका लागि स्थीर सरकार आवश्यक गर्ने र लोकतन्त्रमा मात्र अर्थतन्त्र बलियो हुने भएकाले कांग्रेस नेतृत्वको लोकतान्त्रिक गठबन्धनलाई विजयी गराउनुको विकल्प नरहेको चौधरीले बताए। निर्वाचन प्रचार प्रसारको सिलसिलामा मंगलबार तौलिहवामा पुग्नुभएका चौधरीले जनचाहना साकार पार्नका लागि नेपाली कांग्रेस नै सक्षम पाटी भएको दाबी गरे।

नेपाली कांग्रेसको आर्थिक समृद्धि र विकास समन्वय उपसमितिका संयोजक समेत रहेका चौधरीलाई पार्टीले आर्थिक समृद्धि र विकासका लागि मतदातालाई बुझाउने जिम्मेवारी दिएको छ। स्थानीय निकायको निर्वाचन सम्पन्न भएर जनताका हातमा अधिकार गइसकेको अवस्थामा आर्थिक क्रान्तिको दिशामा अगाडि बढ्नुपर्ने आवश्यकता रहेको उहाँले औंल्याए।

तौलिहवामा पुग्नुअघि मंगलबार नै रूपन्देहीको सालझण्डीमा आयोजित आमसभामा बोल्दै चौधरीले लुम्बिनीको महत्वलाई अन्तर्राष्ट्रिय जगतमा मक्का मदिना सरह रहेकाले त्यसै अनुसारको प्रचार प्रसार र व्यवस्थापन गरेर संसारमै चिनाउनुपर्ने उल्लेख गरे। ऐतिहासिक लुम्विनी क्षेत्रको वृहत्तर विकास गरेर संसारका सबै धर्मावलम्वीको गन्तव्यका रूपमा विकास गर्न सकिने उनले बताए। उनले धार्मिक मान्यता, सद्भाव र प्राकृतिकरूपमा नेपाल संसारकै नमुना रहेकाले सबै क्षेत्रको विकास र दीर्घकालिन व्यवस्थापनबाट समृद्धि हाँसिल गर्न सकिने दावी पनि गरे। उनी नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री सशांक कोइरालासहित दाङको तुलसीपुरमा आयोजित कार्यक्रममा समेत सहभागी थिए।

# तिरस्कृत भइसकेको साम्यवाद स्थापित हुने सम्भावना छैन



**जितेन्द्र सिंह**
**नेता, राष्ट्रिय जनता पार्टी नेपाल**

अहिले नेपाली राष्ट्रिय राजनीतिको आवश्यकता भनेको वामपन्थी गठबन्धनबाट हुने सम्भावित खतरा र लोकतान्त्रिक गठबन्धनबाट हुने सम्भावित गतिविधिहरूमा नेपाली जनताको नजर छ । अहिले वामपन्थी शक्तिले आफ्नो तरिकाबाट नेपालमा राजनीतिक वर्चस्व कायम गर्न खोजिरहेको छ । पटक-पटक भएको क्रान्तिबाट प्राप्त उप्लब्धि लत्याउने प्रयास भइरहेको छ । त्यस्तै, संविधानलगायत उपलब्धिलाई अन्त्य गर्ने षड्यन्त्र भइरहेको छ । जनआन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजातिका आन्दोलन, थरूहट आन्दोलनलगायतको परिणाम स्वरूप यो मुलुकले नयाँ संविधान पाएको छ । यद्यपि संविधानमा केही कमि कमजोरीहरू छन् । कमि कमजोरीका विषयमा मधेशकेन्द्रित दलहरूले प्रष्ट रूपमा भन्दै आएका छन् । नेपाली कांग्रेसको कुरा गर्ने हो भने उसले संविधान संशोधनप्रति प्रतिबद्धता जनाउँदै आएको छ । प्रतिनिधि र प्रदेशसभाको चुनावपछि संविधान संशोधन अपरिहार्य छ । यो नेपाली जनताको आवश्यकता छ । मधेशी जनताको चाहनामाथि विभिन्न दलहरूले कुठाराघात गर्दै आएका छन् । त्यसकारण सम्पूर्ण मधेशी जनताको एक मात्र चाहना एकता हो । यो एकता मधेशी जनताले प्रतिनिधि र प्रदेशसभाको चुनावको मतबाट व्यक्त गर्नेछन् । मधेशी जनताको चाहना भने राजपा र फोरमबीचको एकता हो । यो एकता भएपछि हामी सहजै संविधान संशोधनलगायत हरेक सवाल सम्बोधन गराउने लक्ष्य प्राप्न गर्न सक्छौं । स्थानीय चुनावमा पनि मधेशी जनताले मधेशकेन्द्रित दलहरू राजपा र फोरमबीच एकीकरण हुनुपर्छ भन्ने मत पहिला नै जाहेर गरिसकेका छन् । हामी यही लाइनमा अगाडि बढेका छौं । स्थानीय तहको मतादेशले पनि यो मधेशको आवश्यकता रहेको प्रष्ट पारिसकेको छ । मधेशी शक्तिहरू विभिन्न समूहमा बाँडिनुभन्दा एक भएर सशक्त भएर अगाडि बढ्नु सबैका लागि हितकर हुन्छ । अबको संसदबाट संविधान संशोधन गराएर मधेशको विकासलाई गति दिनु आवश्यक छ । वामगठबन्धनको विषयमा भन्नुपर्दा यो गठबन्धनले देशलाई हित गर्दैन् । गठबन्धनमा रहेका दलहरूले साम्यवादको कुरा गरेका छन् । दुनियाबाट तिरस्कृत भइसकेको साम्यवाद नेपालमा स्थापित हुने कुनै सम्भावना छैन ।

# जनतालाई भ्रमित गर्न गठबन्धन बनाइएको छ

**रूकमिणी चौधरी**
**नेतृ, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरूहट)**



हामी चुनावी प्रतिस्पर्धामा छौं । समानुपातिकका साथै प्रत्यक्षतर्फ पनि हाम्रो पार्टीले उम्मेदवार खडा गरेको छ । हामी कसैसँग गठबन्धन बनाएर चुनावमा गएका छैनौं । हामी एक्लै चुनावी प्रतिस्पर्धा छौ । हाम्रो पार्टीको अलगै विचार र एजेण्डा छन् । हाम्रो पार्टी आन्दोलनबाट स्थापित भएको छ । हामी कुनै व्यक्तिका लागि राजनीति गरेको होइन । हामी नेपालका उत्पीडित समुदायलाई अधिकार दिलाउनका लागि राजनीति गरेका हौं । नेपालका केही दल थ्रेसहोल्ड लगायत कारणले ठूला दलसँग मिसिन पुगे । अर्को तर्फ कानुन बनाउने संसद्को काम हो । थ्रेस होल्ड लगाइएको छ । यसबाट हामी विचलित भएका छैनौं । हामी कसैसँग चुनाव मोर्चाबन्दी गरेका छैनौं । हामीले आफ्नो श्रोत र क्षमताले भ्याएसम्म काम गरिरहेका छौं । जहासम्म एजेण्डाको कुरा छ, संविधान संशोधन होस् भन्ने हाम्रो चाहना छ । त्यस्तै, राज्यका हरेक निकायमा पूर्ण समानुपातिक प्रतिनिधित्व हुनुपर्ने हाम्रो एजेण्डा छ । सबैको भाषाको सम्मान गरिनुपर्छ । सबैको भाषालाई राष्ट्रिय भाषाको मान्यता दिइनुपर्छ । ती भाषालाई सरकारी कामकाजको भाषाको मान्यता दिनुपर्छ । जहाँसम्म पछिल्लो समय ठूला दलहरूले बनाएको गठबन्धनको कुरा गर्ने हो भने सबै नौटंकी हो । यो नौटंकी धेरै दिनसम्म टिक्दैन । जनतालाई भ्रमित गर्न गठबन्धनहरू बनाइएका छन् । मधेशी थारूलगायत राजनीति चेतनाको कमि भएका समुदायलाई फेरि पनि अधिकार दिनबाट वञ्चित गर्न गठबन्धन बनाइएको छ ।

# ठूला दलका नेताहरू आन्तरिक उपनिवेशीकरणका पात्र हुन्



**राकेश मिश्र (सर्लाही क्षेत्र नं. ४ का प्रतिनिधिसभा सदस्य उम्मेदवार तथा राजपा सहमहामन्त्री)**

मधेशी जनताको हक अधिकारको विषयमा संविधानमा तीन ठूला दल कांग्रेस, एमाले र माओवादी केन्द्रले बेइमानी गरे । त्यसकारणले मधेशी जनताले त्यो बेइमानीका विरूद्ध आफ्नो अमूल्य मत मधेश र मधेशी जनताका लागि संघर्ष गर्दै आएका मधेशी गठबन्धनलाई मतदान गर्नुपर्छ । हामीलाई जनताले बहुमत दियो भने संविधान संशोधन गराएर मधेशी जनताको हक अधिकार स्थापित गराएरै छाड्नेछौं । हाम्रो यो आश्वासनप्रति मधेशी जनता आश्वस्त पनि छन् । मधेशी जनता आफ्ना हक अधिकार सुनिश्चितताका लागि हामीलाई मतदान गर्न आतुर छन् । मधेशको मुक्ति र शुद्धिकरणका लागि हामी काम गर्छौं । मधेशी शहीदको सपना पूरा गराउनका लागि हामी सदैव संघर्ष गर्दै आएका थियो र गरि नै रहनेछौं । आफ्नो शासन, आफ्नो प्रशासनको माध्यमबाट सम्पन्न मधेश, समृद्ध मधेश र सशक्त मधेश निर्माणमा पूर्णरूपमा योगदान दिनेछौं । ठूला भनाउँदा दलका नेताहरू आन्तरिक उपनिवेशीकरणका पात्र हुन् । कांग्रेस, एमाले र माओवादीका मधेशी अनुहार भएका नेताहरूले जतिसुकै आश्वासन दिए पनि उनीहरू यहाँबाट जितिसकेपछि एकपटक पनि अनुहार देखाउन पनि आउँदैनन् । उनीहरूलाई उनका सुप्रिमोले जे भन्छन् त्यही गर्नेछन् । विगतमा यस्ता उदाहरणहरू देखिएका छन् । मधेशलाई सदियौंदेखि विकासबाट कोसौं टाढा राखिएको छ । चुनावका बेला ठूला ठूला प्रतिबद्धता मात्र दिन आउँछन् तर पछि एकपटक पनि हेर्न आउँदैनन् । तर, हामी त्यस्ता परिपाटीको अन्त्य गर्छौं । हामीले आफ्ना चुनावी घोषणापत्रमार्फत नै सम्पन्न मधेश समृद्ध मधेशको परिकल्पना ल्याएका छौं । हामी जे भन्छौं त्यो गरेर देखाउँछौं । म एउटा सामान्य परिवारका छोरा भएको हुनाले मलाई यस क्षेत्रका सम्पूर्ण समस्याहरू थाहा छ र यसलाई समाधान गर्ने उपायहरूबारे अध्ययन पनि गरेका छौं । कोही आफ्नो नाउँको अगाडि डाक्टर लेखाएर हुँदैन । विगतमा पनि त यस क्षेत्रबाट कांग्रेस जितेको थियो के के गर्‍यो सबैलाई थाहै छै । त्यसकारण यसपटक जनता सचेत भइसकेका छन् ।

# शासन गर्ने उद्देश्यले वाम गठबन्धन बनाइएको हो

**अशोक यादव**
**नेता, संघीय समाजवादी फोरम नेपाल**



चुनावी माहौल बढ्दै गएको छ । मधेशका जनताको हकहितका लागि राजपा र फोरमले चुनाव जित्नुको विकल्प छैन । मधेशी जनताले अधिकारलाई ठूलो बलिदानी दिएका छन् । प्रतिनिधि र प्रदेशसभामा बढीभन्दा बढी प्रतिनिधित्वका लागि हामी प्रयासरत छौं । मधेशी जनताले चुनावलाई उत्सवका रूपमा लिएका छन् । जहाँसम्म फोरम र राजपाबीचको गठबन्धनको कुरा छ, यी दुई दल एकीकरणको मार्गमा अघि बढिसकेको छ । सबै मधेशी दल एक ढिक्का हुनुपर्छ भनेर विगतदेखि नै मधेशी जनताले भन्दै आएका थिए । संविधानमा आफ्नो अधिकार सुनिश्चित गर्नका लागि पनि एकढिक्का हुनुपर्छ । अहिलेको गठबन्धनले जनतामा सकारात्मक सन्देश दिएको छ । खासमा हामी त पहिल्यै नै एकीकृत भइसक्नुपर्ने थियो । जहाँसम्म युवावर्गको उम्मेदवारीको कुरा गर्ने हो भने यो चुनावमा युवाहरूको व्यापक सहभागिता छ । विभिन्न स्थानमा युवा नेताहरू उम्मेदवार बनाइएको छ । हाम्रो पार्टीको कुरा गर्ने हो भने करिब पचास प्रतिशत युवाहरू नै चुनावी मैदानमा छन् । जहाँसम्म वामगठबन्धनको कुरा छ । वामगठबन्धनले यो मुलुकलाई अर्कै दिशामा लैजान खोजेको छ । वामगठबन्धनको मधेशमा कुनै प्रभाव छैन । मधेशीलाई विदेशी देख्ने दलहरूले यो चुनावमा जवाफ पाउनेछन् । यी दलहरूले विगतदेखि नै मधेशीलाई अधिकार नदिनका लागि कुनै न कुनै षड्यन्त्र गर्दै आएका थिए । पछिल्लो समय बनाइएको वाम गठबन्धन पनि षड्यन्त्रको अर्को नमूना हो । उत्पीडित समुदायमाथि फेरि पनि शासन गर्ने उद्देश्यले वाम गठबन्धन बनाइएको छ ।

# गठबन्धन मधेशको हितका लागि बनेको होइन



**सन्तोष मेहता**
**प्रवक्ता, राष्ट्रिय जनता पार्टी नेपाल**

फोरम र राजपाको गठबन्धन त अहिले चुनावी गठबन्धन हो । तर, समान विचार, मुद्दा धरातल, भूगोल, धार्मिक सहिष्णुता भएको र समान नीति तथा कार्यक्रम रहेको पार्टीहरूबीच एकीकरण हुनुपर्छ । अहिले राजपा र फोरम नेपालबीच देखिएको सहकार्य कालान्तरमा एकीकरण हुने नै हो । मलाई लाग्छ चुनावपछि एकीकरणको प्रयास हुन सक्छ । यो प्रयास पहिला पनि भएको हो । तर, अहिलेलाई गठबन्धन गरेर चुनावमा जाने र पछि एकीकरणको कुरा गरौला भन्ने कुरा भएको छ । एकीकरण भन्ने कुरा विश्वव्यापी सिद्धान्त हो । अहिलेको गठबन्धनबाट दुईटा पार्टीबीचको सामिप्यता बढ्दै गएको छ । केही समयअघि ६ पार्टी मिलेर बनेको राजपाभित्र पनि सामिप्यता बढ्दै गएको छ । राजपा र फोरम नेपालबीचको कुरा गर्ने हो भने दुई पार्टीबीच सामिप्यता बढ्दै गएको छ । दुवै पार्टीका नेताहरूले एकले अर्काका उम्मेदवारलाई सहयोग गरिरहेका छन् । एकीकरणको आधार निर्माण हुँदैछ । दुवै पार्टीका सिद्धान्त र एजेण्डा समान छन् । त्यसैले दुवै पार्टी एकीकृत हुनै पर्छ । एकीकरण भएपछि प्रदेशको मात्र होइन देशको समेत नेतृत्व गर्ने सक्ने गरी क्षमतावान बन्न सक्छ । चुनावको परिणामको कुरा गर्ने हो भने बराबरी हैसियतको परिणाम आए पनि कम बेसी आए पनि एकीकरण हुनुपर्छ । वाम गठबन्धनको कुरा गर्ने हो भने यो गठबन्धन मधेशको हितका लागि बनेको होइन । वाम गठबन्धनभित्र रहेका दलहरू संविधान विरोधी दल हुन् । २०६२/६३ मा भएको मधेश आन्दोलनका बेला माओवादी मधेशीको विपक्षमा थियो । तेश्रो मधेश आन्दोलनका बेला नेकपा एमाले संविधान संशोधनको विरूद्धमा आयो । यही दुई दलबीच वाम गठबन्धन भएको छ । यो वाम होइन ब्राम्हणहरूको गठबन्धन हो । यो गठबन्धनले दुई तिहाई ल्याए भने मधेशलाई अझ हानी पुर्‍याउने छ ।

# उत्पीडित समुदायलाई अधिकार नदिन वाम गठबन्धन

**कृष्ण सिंह**
**सहप्रवक्ता, राष्ट्रिय जनता पार्टी नेपाल**



अहिले भइरहेको प्रतिनिधि र प्रदेशसभाको चुनावमा अत्यधिक मत ल्याएर राजपा फोरम गठबन्धन विजयी हुनु आवश्यक छ । किन भने संविधान संशोधनलगायत मधेशीका एजेण्डा सम्बोधन गराउन मधेशकेन्द्रित दलको जित्नुको विकल्प छैन । मधेशलाई अधिकार सम्पन्न गराउने र मधेशलाई समृद्ध बनाउने लक्ष्यका साथ हामी हिडिरहेका छौं । राजपा र फोरमबीचको गठबन्धनको कुरा गर्ने हो भने अहिले हामी चुनावी गठबन्धन गरेर अघि बढिरहेका छौं । एकीकरणका लागि हामीले सुरूदेखि नै प्रयास गरिरहेका छौं । ६ वटा दल मिलेर राजपाको निर्माण भएको हो । यसरी एकीकरणको प्रक्रियाले निरन्तरता पाएको छ । फोरमसँग पनि एकीकरण हुने सम्भावना छ । यो लक्ष्यका साथ नै हामी अगाडि बढिरहेका छौं । चुनावी गठबन्धनले गर्दा यी दुई दलबीच सामिप्यता बढेको छ । राजपाका नेता उम्मेदवार भएका क्षेत्रमा फोरमका र फोरका नेता उम्मेदवार भएका स्थानमा राजपाका नेता तथा उम्मेदवारहरूले जनतासमक्ष मत मागिरहेका छन् । पक्कै पनि यसले दुई दलबीच एकीकरणको मार्ग बन्दै गएको छ । यो मधेश र मधेशीका लागि सकारात्मक कुरा हो । फोरमको बाहुल्य रहेका स्थानमा फोरमका उम्मेदवार र राजपाको बाहुल्य रहेका स्थानमा राजपाका उम्मेदवार खडा गरिएको छ । यो चुनावपछि एकीकरणको विषयमा छलफलले तीब्रता लिनेछ । जहाँसम्म वाम गठबन्धनको कुरा छ, वामगठबन्धन नाटक हो । उत्पीडित समुदायलाई अधिकार नदिनका लागि यो गठबन्धन बनाइएको छ । वर्षोदेखि उत्पीडित समुदायसँग भइरहेको शोषण र अत्याचारलाई कामय राख्न वाम गठबन्धन बनाइएको छ । प्रदेश नम्बर २ को राजधानीको कुरा गर्ने हो भने जनकपुरलाई मधेशको राजधानी बनाउनुपर्छ । दुई नम्बर प्रदेशको राजधानी जनकपुर बन्नेमा लगभग पक्का नै छ । सामाजिक सञ्जालमा वीरगञ्जलाई राजधानी बनाउनुपर्ने भनेर पनि केहीले आवाज उठाएका छन् । यस्तो आवाज उठ्नुलाई मैले स्वभाविक रूपमा लिएको छु । तर, जनकपुरलाई प्रदेशको राजधानी र वीरगञ्जलाई आर्थिक राजधानीका रूपमा स्थापित गर्नुपर्छ । भारतलगायत देशमा पनि यस्तो अभ्यास भएको देखिन्छ ।

# मधेशबाट शासकवर्ग समाप्त हुन्छ



**प्रकाश यादव**
**(संघीय समाजवादी फोरम नेपालका विद्यार्थी नेता)**

आसन्न प्रतिनिधि सभा र प्रदेश सभामा प्रदेश नंबर २ मा मधेशी गठबन्धनको बहुमत आउने पक्का छ । मधेश र मधेशीको हक अधिकारको संरक्षण सम्वर्धनको लागि मधेशवादी दल एउटै विकल्प रहेकोले शाषकवर्गको जवाफ दिने बेला रहेको छ । मधेशी, थारू, जनजाति, मुस्लिम माथि २४० वर्षसम्म गरेको दमनको मधेशी जनताले बैलेटबाट जबर्दस्त जवाफ दिने तयारीमा छन् । मधेशी युवाहरू मधेशका लागि आफ्नो जीवन आहुति दिन पछि कहिलै पनि नहटेको र आगामी दिनमा पनि हट्ने छैन । मधेशीको अधिकार विपरीत संविधान जारी गर्ने तीन ठूला दल मधेशबाट पतन हुने पक्का भइसकेको छ । मधेशवादी दल निर्वाचनमा एकजुट भएर सहभागी भएकोले यो एकदम सराहनीय कार्य हो । उमेदवार छनौटमा मधेशी नेताहरूले स्वार्थपूर्ण काम गरेकोप्रति मधेशमा आक्रोश देखिए पनि सन्ततिको भविष्य, संविधान संशोधनको सवालमा मधेशीहरूको झुकाव राजपा फोरम गठवन्धनको उमेदवारप्रति देखिएको छ । टिकट नदिएको कारण निर्वाचनमा बागी उम्मेदवार भएकाहरूलाई धैर्यता दिखाउनुको साटो मधेशवादी दलको पराजित गर्ने सोचले केहि हदसम्म समस्या भएको भएकै हो । तर, आगामी दिनहरूमा पार्टीप्रति लगनशील भएर कार्य गर्ने युवा नेतालाई पार्टी नेतृत्वपंक्तिले स्थान दिनुपर्छ । शहीद परिवार, आन्दोलनमा दिन रात खटेका व्यक्तिको सम्मान गर्नु पर्ने सो नगरेकोले पार्टीको नेतृत्वपंक्ति प्रति प्रश्नचिन्ह खड़ा भएको हो । रौतहटको ४ वटा प्रतिनिधि सभामा मधेशवादी दलको कड़ा प्रतिस्पर्धा रहेको छ । प्रतिनिधि सभाको परिणाम जस्तो सुकै आओस तर प्रदेश सभाको परिणाम मधेशी दलको पक्षमा हुने छन् । निर्वाचनमा प्रत्यक्ष तर्फमा युवा र शहीद परिवारलाई ठाउँ दिन नसक्ने नेतृत्व वर्गले समानुपातिक तर्फमा ठाउँ दिनु पर्थ्यो । यस्तो नगरेर पार्टीले गल्ती गरेको हो ।

# अधिकारका लागि मधेशवादीलाई मत दिनुपर्छ

**नवीन कुमार सिंह, युवा नेता**



मधेशवादी दलको जित मधेशीको जित हुने छन् । मधेशका एजेण्डा स्थापित गर्नका लागि मतदान मधेशी दलमा गर्नुको विकल्प छैन । मधेशवादी दलको कार्यप्रति असन्तुस्टि रहेपनि विगत देखिको कार्य अहिलेपनि सुधार्न सकेका छैनन् ।

मधेशवादी दलसंग आवद्ध भएर अहिले राजनितिक क्षेत्रवाट टाढा भए पनि अन्तर आत्मा मधेशी मुदाको पक्षमा छौं । युवाहरूलाई प्रयोग गर्ने र पछि फाल्ने निति समाप्त नगरेकोले मधेशी युवाहरूको नेतृत्वपंक्तिका नेताहरूको कार्यप्रति बिछुब्ध भएको भएपनि अधिकारको सबालमा मधेशको पक्षमा उभिनु आजको आवश्यकता हो । राजनितिमा युवालाई पनि जिम्मेवारी दिनु पर्नेमा नेतृत्व वर्गले त्यसो नगरी आआफ्नो परिवारवादमा लागेको तितो यथार्थलाई नकार्न सकिन्न । तैपनि, मधेश मुद्दाप्रतिको समर्पणलाई मध्यनजर गरी मधेशी दलको विकल्प छैन ।

अन्तरिम संविधानमा दिइएको अधिकार समाप्त गरी अधिकारविहीन बनाउने उद्देश्यले खसवादी सरकारले जारि गरेको संविधान मधेशी जनजाति आदिवासी मुस्लिमको लागि अस्वीकार्य भएको छ । संविधान संशोधनका लागि मधेशबाट मधेशी दलको बहुमत आवश्यक भएकोले मधेशी दलको पक्षमा मतदान गर्नका लागि सबैलाई अपील गर्न चाहन्छु ।

नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र मधेशको लागि अभिशाप रहेकोले मधेशबाट मधेश विरोधी दल निर्वाचित भए मधेश आन्दोलनको औचित्य समाप्त हुने छ । मधेशको विरोधी पार्टीलाई मधेशबाट समाप्त गर्ने तर्फ युवा, महिला, किसान, बुद्धिजीवी, व्यापारीलाई लाग्नु पर्छ । मधेश आन्दोलनबाट प्राप्त उपलब्धि संस्थागत तथा संविधान संशोधन गंभीर मुद्दा भएकोले आफ्नो सहभागिता सुनिश्चित गर्नलाई खसवादी दललाइ होइन मत मधेशवादी दललाई दिनुपर्छ ।

# लोकतान्त्रिक गठबन्धन नै समकालीन राजनीतिक शक्ति



मनोज कुमार कर्ण

नेपालको राजनीतिक परिदृश्यमा वामपन्थीहरूको अलायन्स स्वयँ कार्ल मार्क्स र माओत्जे तुङलगायत अन्य कम्युनिस्ट नेताहरू भन्दा पर रहेर बनेकोले तथा चीनको प्रत्यक्ष संलग्नतामा खडा गरिएकोले उनीहरूको नैतिक धरातल खस्किएको छ। कि विश्व कम्युनिस्टहरूले नेपालमा कम्युनिस्टहरू विकास, समानुपातिक प्रतिनिधित्व, गणतन्त्र आदिको मुद्दामा पथभ्रष्ट भएका छन् भनेर भन्नु पर्‍यो वा संसारका हामी सबै कम्युनिस्टहरू बोल्ने एउटा कुरा तर गर्ने अर्को कुरामा विश्वास गर्छौं भन्न सक्नु पर्‍यो। यस लेखमा नेपालका कम्युनिस्टहरू विकास, लोकतन्त्र, अधिकार माग्नेहरूको पक्षमा कसरी छैनन् भन्ने कुरा केही दृष्टान्तहरूबाट पुष्टि गरिने प्रयत्न गरिएको छ।

**संविधान घोषणा**

२०७२ सालको भदौ २०/२१ गतेतिर नै तत्कालीन एमालेका गृहमन्त्री वामदेव गौतमले काठमाडौंको नक्सालस्थित नेपाल प्रहरीको हेडक्वार्टरमा सबै जुनियर प्रहरीलाई खेदेर केवल डीआईजी, एआईजिपी, आईजिपीलाई बन्द कोठामा ब्रिफिङ गरे, '...यो संविधान हामी पहाडीको बर्चस्वको लागि जारी हुनैपर्छ। यसपाली जारी भएन भने हाम्रो शासनसत्ता, हातको डाडुपन्यू सबै मधेशीले खोस्छ। संविधान अशोज ३ गते नै जारी गर्ने हो। यदि मधेशीको धेरै विरोध भयो, मान्छे धेरै मरे भने अशोज ५ गते हो। हाम्रो प्रयास ३ गते नै हो। संविधान जारी गर्न रोक्न आउने जो कोहिपनि मधेशी आए उडाईदेउ, टौप लेभेल नेता नै आएपनि ठोक्देउ। नेपाल प्रहरीको मानव अधिकारको प्रश्न उठ्यो भने त्यसको जिम्मा म लिन्छु।' ब्रिफिंगको केही मिनेटमै मैले हु-बहु थाहा पाउने बित्तिकै मधेशवादी एउटा साप्ताहिकको सम्पादकलाई सबै खबर गरें अनि मेरै नाउँको समाचार स्रोत दिएर भएपनि तुरून्त मीडीयामा हालिदिउँ अनुरोध गरें। लगत्तै कुपण्डोलस्थित राजधानी दैनिकको कार्यालयमा मलगायत अन्य मधेशी पत्रिकाका सम्पादक र कलाकारहरू सन्तुलित समाचार बनाउन र वामदेवको ब्रिफिंगको समाचार मेरै नाउँको स्रोतमा बनाउन आग्रह गरें। तर त्यहाँ एमालेका फौजहरू रहेका हुनाले हाम्रो केही शीप लागेन भने अन्य साथीहरू कान्तिपुरमा पनि पस्नु भयो। तर केही भएन। नेपालको मीडीया यस्तो रहेछ। वामदेव गौतमको मधेशी हत्या गर्ने योजना अनुसारनै संविधान जारी गरियो। मधेशीको घरघरमा पसीकन, मधेशी विरोध गर्नेको बाटा, खेत जहाँपनि टाउको, छाती, कञ्चटमा ताकीताकी गोली हानेर हत्या गरियो। सकेजति विभिन्न दूतावासलाई यथार्थ चित्रणसहित वामदेवको जिनोसाईडबारे अवगत गराउँदै मधेशीको रगतले लेखिएको तथा मधेशमा औंसीको रात पारेर जारी गरिएको अधूरो संविधानलाई हामी मधेशी, आदिवासी, जनजातिहरू मान्दैनौं, तपाईंहरूपनि समय बर्बाद नगर्नुस्, नमान्नुस् भनी मधेशीको अधिकार र मधेशीलाई थप मर्नबाट जोगाउन गुहार लगायौं।

ज्ञातब्य छ, कहिले पचासी त कहिले नब्बे प्रतिशतको बहुमत रहेको संविधान भनी एमाले, वामदेव गौतमहरूद्वारा भ्याली पिटिएकोमा वामपन्थीको पेलानमा जारी गरिएको तर लोकतान्त्रिक शक्ति काँग्रेसको प्रम सुशिल कोइरालाले संशोधनको बाटो रोजे र विश्वलाई कूटनीतिक तवरले हामीलाई कविला राज्यको ज्यानमारा कम्युनिस्टहरूले घेरेकोमा सहयोग गर्न संविधान संशोधनमार्फत् याचना गरे। हाल पनि खासै २०७२ सालको संविधानमा मधेशीमैत्री कामहरू भएका छन् किमार्थ भन्न सकिदैन। सबभन्दा महत्वपूर्ण कुरा माओवादीले राजसंस्था फालेर गणतन्त्र ल्याउन, संघीयता, समानुपातिक प्रतिनिधित्वको मुद्दा, पहिचानको मुद्दा, मधेशीको सम्मानको मुद्दा, मधेशलाई आधिकारीकरूपमै मधेश नै शब्द जहाँपनि उल्लेख गराउन, पहाडमा भौगोलिक विकटता तथा मधेशमा विपी कोइरालाको न्यायोचित विचार जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्न, मधेशमा अन्ततः दुई होइन, एक प्रदेश नै कायम गराउन सबकामहरू बाँकी छन्।

**आजको राजनीति**

नेपालमा आज राजनीति वामपन्थी कम्युनिस्टहरूको घोषित अलायन्स र काँग्रेसको नेतृत्वमा लोकतन्त्रवादीहरूको चुनावी तालमेलको आधारमा विभक्त भएको छ। गिरिजाबाबु जिवित छँदै पूर्व प्रम सूर्यबहादुर थापाले डेमोक्र्याटिक अलायन्स गर्न कम्तिमा दुई पटक सुझाउनु भयो। तर गिरिजाबाबुले नेपालमा अलायन्स बनाउने बित्तिकै विश्वको ध्यान नेपालका जनतालाई ध्रुवीकरणमा तान्ने र कमजोर नेपालमा आफ्नो स्वार्थ पूरा गराउने तथा दीर्घकालीन्रूपमा नेपाल विलिन हुने भनेर हालको तरल अवस्थामा परिवर्तनलाई संस्थागत गर्न लोकतान्त्रिक शक्ति र वामपन्थि खासगरि काँग्रेस र माओवादी मिलेरै हरेक परिवर्तनलाई संस्थागत गर्न जरूरी छ भन्दै अलायन्स गर्न मान्नु भएन। आज वामपन्थि अलायन्स चीनको नीजि स्वार्थमा हुने बित्तिकै भारतलगायत विश्वका लोकतान्त्रिक देशको आँखा नेपालमा पर्न गएको छ। वास्तवमा वामपन्थि गठबन्धन हाल चीनले गराएकै उसको नीजि स्वार्थहरू पूरा गराउन र पावर कि एक ठाउँमा पुनः राजालाई स्थापित गरि थुपार्न वा एकतन्त्री तानाशाही व्यवस्थामा राख्ने कुत्सित मनसाय देखिन्छ नत्र, एकसय असी डिग्रीको कोण बनाई स्थापित भएका कम्युनिस्ट कहाँ राजा भोज (माओवादी) ले कुहेका, लुटेरा, संस्थाथगत भ्रष्टाचार देशमा गर्न माहिर, क्रिमिनलहरूको पार्टी कहाँ गँगबू तेली (एमाले)संग कसरी अलायन्स-कम-एकीकरणमा पुगे ? कहाँ प्रचण्ड गणतन्त्र ल्याएर राजसंस्था फाल्ने मान्छे कहाँ केपी ओली गणतन्त्रलाई नेपालबाट बयलगाडा चढेर अमेरिका पुग्ने यात्राको संज्ञा दिने मान्छे! यो उनीहरूको मिलन प्राकृतिक छैन, स्वाभाविक छैन र जहाँ बलमिच्चाई हुन्छ, त्यहाँ प्रकृतिले जिम्मेवारहरूलाई सजाय दिन्छ।

**वामपन्थीहरू फरेब**

२००७ सालमा राजा त्रिभुवन, काँग्रेसका बीपी कोइराला र राणाको मोहन सम्शेरसँग दिल्लीमा त्रिपक्षीय वार्ता हुंदा नेपालमा संविधानसभाको निर्वाचन गराउने सम्झौता भयो। पछि राजा त्रिभुवनले संसद वा संविधानसभाको निर्वाचन गराइने जस्ता दोधारे कुरा गर्दा बीपीले ज्यानको बाजी राखिकन राजामाथि सर्वोच्च अदालतमा संविधानसभाको निर्वाचन किन नगराउने भनी मुद्दा दायर गर्नुभयो। २०६४ सालमा जबसम्म काँग्रेस र गिरिजाबाबु कन्भिन्स हुनुभएन तबसम्म संविधानसभाको निर्वाचन संभव भएन। सो बेलाका शेरबहादुर देउवा नेतृत्वको प्रजातान्त्रिक काँग्रेसमा विमलेन्द्र निधिले कर्णाली (क), दलित (द), महिला (म), जनजाति (ज), मधेशी (म) अर्थात् कमदजमको नारालिई संस्थापन काँग्रेसमा एकीकरण हुँदा सिंगो काँग्रेसलाई संघीय लोकतान्त्रिक गणतन्त्र, पहिचान, समावेशी, समानुपातिक प्रतिनिधित्व, धर्मनिरपेक्षता (सबै विमलेन्द्र निधिजीको फर्मूला प्रयोगमा ल्याइएको)मा जान सजिलो भयो र संविधानसभाको निर्वाचन संभव भयो। गिरिजाबाबु अभिभावकको भूमीकामा पार्टीलाई हराएर बालुवाटारमा बस्नु भयो। तर माओवादीले आज भन्छ, संविधानसभाको निर्वाचन हामीले नेपालमा गराएको!

२०७२ सालमा संविधान जारी पश्चात् मधेशीको सीमामा बसाईको कारणले आवागमन अवरूद्ध भई नेपालमा भारतले नाकाबन्दी लगाएको मादल पिट्दा सो नाका खुलाउने काम भारतमा कार्यरत्त गोर्खा रेजिमेन्टका रिटायर्ड सैनिक नेतृत्वले भारतको बहालवाला सैनिक नेतृत्वलाई हाम्रो घरमा ग्यास छैन, छोरी, बुहारीलाई के जवाफ दिउँ हामी ? भनेर तपाईं बहालवाला सैनिकहरूले भारतीय सरकारलाई भनीकन सहयोग गर्नुस् भन्दा बल्ल नाकाबन्दी खुलाइयो। यता केपी ओलीले मैंले नाकाबन्दी खुलाएको भनी उल्लू जस्तो चिच्याउँदै थिए!

**चीनको नेपालमाथि आँखा**

२०१६ सालतिरै प्रथम लोकतान्त्रिक प्रधानमन्त्री बीपी कोइरालाले माओत्जे तुङ्गको निमन्त्रणामा चीनको भ्रमणमा जाँदा हाम्रो नेपालको सीमावर्ती एउटा गाँउ नै चीनको हो भनी चीनीयाँ नक्साले सावित गर्न खोजे। बीपीले नेपाल/चीनको नक्सा छोडौं, युएनओको नक्सा हेरौं र तय गरौं भन्दा बीपी चीनको नजरमा कहिल्यै फेरी भ्रमणमा नपर्ने गरि एक नम्बर चीनको दुश्मनमा पर्नुभयो। २०३१ सालमा कीर्निनिधि विष्ट प्रधानमन्त्री रहेको बेला नेपालको केन्द्रीय प्रशासनीक कार्यालय सिंहदरबारमा आगलागी त्यही आलमीडाबाट भयो जसभित्र नेपालको गाविस सावित गर्ने र बीपीले दाबी गर्नुभएको नक्सा थियो! झण्डै चौबिस घण्टामा सब जलेर नष्ट भएपछि दमकल पठाइयो भने कथित् नैतिकताको आधारमा प्रम कीर्तिनिधि विष्ट (चीनको परम् मित्र)ले राजीनामा दिए। उता भारतीय चेकपोष्ट लाई नेपालबाट हटाए। हिजो चीनले माउन्ट एभरेस्ट चीनमा हो भनी दाबी गर्‍यो। आज चीनको पोजिसन के हो भने उ त्यही एभरेस्टको मुन्तिरबाट नेपालमा विकासको नाममा लुम्बिनीसम्म रेल पुर्‍याउने रे! दोक्लम विवाद र विदेशनीतिमा नेपाल पहिलादेखि काँग्रेसको देउवा सरकारसम्मले तटस्थ बसेकोमा चीनले एक क्षेत्र-एक सडक (ओबओर)बनाउन चीनको पक्षमा ढल्काउन भोली नेपालको संसदबाट वामपन्थीको बहुमतले पारित गराउने उद्देश्य हो ताकि नेपालको पूर्व-पश्चिम राजमार्गलाई सीमारेखा बनाउँदै पहाड र उपत्यकालाई चीन भनी घोषणा गर्न सकियोस् जसको लागि भोली वामपन्थीहरू जिते भने चीनीयाँ सेना मधेशभएर भारतको बोर्डरमा तैनाथ गरिने पक्का छ। हालै काठमाडौंमा ईश्वर पोखरेलहरूले हामीलाई अलायन्स गर्ने चीन र युरोपियन युनियनको पूर्ण समर्थन रहेको तथा हामी वामले जितेमा नेपाललाई धर्मविहीन बनाउने भनेर गोप्य भेला गरेका छन्।

**संक्षेपमा**

मधेशीको समानुपातिक मागलाई नबुझिकन वा भनौं मधेशीको माग अब राष्ट्रिय माग हो भन्ने कुरो नबुझेर महिला/पुरूष सबै पहाडीहरू असहयोग गर्दा आज दलहरूले महिला उम्मेदवारको संख्यामा हैसियत देखाईदिएका छन्। अधिकार विपन्नवर्ग जुनपनि अब पीडीत हुने बेला आइसक्यो। उत्ता नेपाललाई मधेशी/पहाडीमा विभक्त गराई चीनले नेपाललाई कमजोर बनाइकन आफ्नो स्वार्थ नेपालबाट पूरा गराउन नेपालको संसदको बर्ड आईभ्यू गरिबसिरहेको छ। यस देशमो ठोस परिवर्तनको लागि संविधानमा कुरा राख्नुपर्ने अवस्था छ। लोकतान्त्रिक शक्ति काँग्रेसका केही मान्छे मधेशी विरोधी हुन सक्छ तर पार्टी होइन भने काँग्रेसले नै लोकतान्त्रिक अलायन्सका राजपा, फोरम, राप्रपाहरू आदिलाई लिड गरिरहेको अवस्था छ। यस्तोमा काँग्रेसको न्यूक्लियस विमलेन्द्र निधिमाथि चीन, पूर्वराजालाई कमब्याक गराउने रेजिड्यूअल फोर्सेज, पूर्णरूपमा मधेशी मागको विरोधी केपी ओली र एमाले तथा अधिकांश वामपन्थिको आँखा काँग्रेस र खासगरी विमलेन्द्र निधिलाई हराउनमा केन्द्रीत छ। धनुषा ३ मै राजपाका राजेन्द्र महतोजीको त्योपनि आफ्नै रोजाई किन ? कार्यकर्ता संजय साह 'टकला'की श्रीमती किन परिनन् राजेन्द्रको च्वाईस् ? किन राजेन्द्र महतो नाकाबन्दीको बेला काठमाडौं नटेक्ने भनिरहेको बेला दिल्लीबाट अचानक काठमाडौंमा प्रम केपी ओलीसंग भेटे ? किन एकतर्फी सो बेला नाकाबन्दी फिर्ता गरेको घोषणा महतोले गरे ? विमलेन्द्र निधि गृहमन्त्री छंदा सप्तरीको घट्नामा एमाले र आजको राजपा एकअर्काका प्रमुख दुश्मन रहेकामा, नेपाल प्रहरीले वामदेव गौतमको इशारामा मन्त्री निधिको आदेशको गलत अर्थ लाग्ने गरि मधेशीद्वारा मधेशीकै हत्या गराए जस्तो घट्ना घटाए, पनि आज कसरी राजेन्द्र महतो र एमाले तथा एमालेको रघुविर महासेठको घांटी जोडिएको छ ? जित्ने त एकजना मात्र हो ? यस अवस्थामा स्थान अभावको कारणले यतिमात्र बुझौं कि काँग्रेसको लोकतान्त्रिक अलायन्सलाई नै नेपालमा भोली फेरी अद्यावधिक पाँचवर्षे निर्वाचन हेर्न तथा नेपालको अस्तित्व जोगाउनलाई जसरीपनि जिताऔं जसमा विमलेन्द्र निधिजीको समुपस्थिती संसदमा परिवर्तन संस्थागत गर्न अनिवार्य छ।

**(लेखक पाटन संयुक्त क्याम्पसमा प्राध्यापनरत् छन्)**


## जानकारी

**सडकमा सवारी चलाउँदा र सडक फुटपाथ प्रयोग गर्दा निम्न कुराहरुमा ध्यान राख्नु हुन सम्बन्धित सबैलाई अनुरोध छ।**

- दुई वा दुईभन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन पालन गरौं।
- सडकमा बाटो काट्नुपर्दा जेब्रा क्रसिङ्ग, आकाशेपुल, सब-वे अथवा पेलिकन बत्ती वा कुनै नभएको ठाउँमा सुरक्षित ठाउँबाट बाटो काटौं।
- चोक बत्ती भएको ठाउँमा पैदलयात्रीका लागि व्यवस्था गरिएको हरियो बत्ती तथा सवारी चालकले सवारी साधनका लागि व्यवस्था गरिएको हरियो बत्ती बलेपछि मात्र सवारी अगाडि बढाऔं।
- सवारी चलाउँदा वा बाटो काट्दा मोबाइल फोनको प्रयोग नगरौं।
- जथाभावी ओभरटेक नगरौं, दाहिनेपट्टिबाट अथवा अगाडिको गाडीले संकेत दिएपछि मात्र ओभरटेक गरौं।
- विपरीत दिशाबाट आउने सवारी साधनको लेनमा प्रवेश नगरौं।
- पैदलयात्रीले जान-अन्जानमा बाटो काट्न लागेको छ भने गाडी रोकौं र पैदलयात्रीलाई प्राथमिकता दिऔं।
- निश्चित तोकिएको ठाउँ (बस स्टप तथा टेम्टो स्टम) बाट मात्र यात्रु चढाउने र ओराल्ने काम गरौं।
- सडक विभागको मापदण्ड तथा सवारी साधनको क्षमताभन्दा बढी यात्रु/बजन नबोकौं।

**"हामी सबैले ट्राफिक नियमको पालना गरौं र गर्न लगाऔं दुर्घटनाबाट बचौं र बचाऔं।**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

**काठमाडौं उपत्यका सडक विस्तार आयोजना**

काठमाडौं उपत्यका सडक विस्तार आयोजना, नयाँ बानेश्वर



**कृषि सडकको व्यापक विस्तार स्थानीय पूर्वाधार विकासको मूल आधार।**

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DOLIDAR)


## मधेश अपडेट

### एमालेका सयौं कार्यकर्ता फोरममा प्रवेश

वीरगञ्ज। मंसिर २१ गते दोस्रो चरणमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति नजिकिएसँगै पर्सा क्षेत्र नम्बर ३ मा अन्य पार्टी परित्याग गरी संघीय समाजवादी फोरम नेपालमा प्रवेश गर्नेहरूको संख्या दिनप्रतिदिन बढ्दै गएको छ। सोमबार बहुअर्वाभाठामा एक समारोहबीच नेकपा एमालेका सय जनाभन्दा बढी कार्यकर्ता फोरममा प्रवेश गरेका छन्। एमालेले मेधसीलाई अधिकारविहीन बनाउने नीति लिएको र पर्साबाट जितेर गएका उम्मेदवारहरूले पनि विकास र स्थानीयका समस्यामा गैरजिम्मेवार बनेको भन्दै एमालेका स्थानीय अगुवा प्रभुलाल श्रीवास्तवसहितका कार्यकर्ता फोरममा आएका छन्। प्रवेशीहरूलाई फोरम नेपालका केन्द्रीय सदस्य एवम् सो क्षेत्रमा प्रतिनिधिसभा सदस्यमा फोरम र राजपा नेपालका संयुक्त उम्मेदवार हरिनारायण रौनियारले टीका लगाएर पार्टीमा स्वागत गर्दै पर्सामा मधेसवादी दलको जीत निश्चित भइसकेको बताए। उनले पर्साका मतदाताको साथ र आशीर्वाद आफ्नो पक्षमा रहेको पनि बताए। सो अवसरमा भएको घरदैलो कार्यक्रममा प्रदेशसभातर्फका उम्मेदवार प्रह्लाद गिरी, नेता गोवर्द्धन यादवलगायतको सहभागिता थियो।

### अदालतको कामकाज प्रभावित

राकेश यादव, रौतहट। रौतहट जिल्ला अदालतमा कार्यरत जिम्मेवार कर्मचारीहरू आगामी प्रतिनिधि सभा र प्रदेश सभको निर्वाचनमा खटिएपछि सेवग्राहीहरूको काम प्रभावित भएको छ। मुख्य जिल्ला निर्वाचन अधिकृत एवं मुख्य जिल्ला न्यायधीश लेखनाथ ढकालले आफ्नो मातहतका कर्मचारीहरूलाई निर्वाचनमा खटाएको कारण सेवाग्राहीहरूलाई काम गराउन सास्ती भएको हो। अदालतमा जिम्मेवारी सम्हाल्दै आएका उपसचिव चिन्तामणि शर्मा, शाखा अधिकृत सुमन कुशवाहा, तहसीलदार मनोज बराल, सुब्बा जय नारायण यादव, कन्हैया प्रसाद सिंह, कृष्णा साह, लालबाबू सिंह, नायव सुब्बा सुरेश प्रसाद श्रीवास्तव, मदन सहनी लगायतका कर्मचारी निर्वाचनमा खटिएपछि दुनियावादी मुद्दाको फिराद पत्र दर्ता गराउन आउने सेवाग्राहीहरूको काम प्रभावित भएका हुन्। लेखापढी कानून व्यवसायीका अनुसार बिहान १० बजेदेखि २ बजेसम्म फिरादपत्र दर्ता गर्ने अदालतले समय निर्धारण गरेको छ तर तोक लगाउने कुनै अधिकारी नहुँदा घण्टौं घण्टा सम्म कर्मचारीको बाटो कुर्नु पर्छ। टाढाबाट आएका सेवाग्राहीहरूलाई समयमा काम नहुँदा घर फर्किने समस्या भएको उनीहरूको भनाइ रहेको छ।

### "देशलाई कंगाल बनाउनेहरूदेखि सतर्क बनौं"

नेपालगञ्ज। नेपाली कांग्रेसका नेताहरूले लोकतन्त्रको रक्षा, आर्थिक विकास, समृद्धि र संविधान कार्यान्वयनका लागि कांग्रेसलाई साथ दिन आह्वान गरेका छन्। बाँकेको क्षेत्र नम्बर ३ अन्तर्गत्को प्रदेश सभा ३ क को उढरापुर गिजराबस्तीमा आइतबार आयोजित चुनावी सभालाई सम्बोधन गर्दै नेताहरूले लोकतन्त्रको नाम भजाएर कम्युनिष्ट शासन ल्याउन खोज्नेहरूदेखि सतर्क रहन आग्रह गरेका छन्। सभामा नेपाली कांग्रेसका केन्द्रिय सदस्य किशोरसिंह राठोरले संविधानसभाबाट प्राप्त ऐतिहासिक संविधानलाई असफल बनाएर मुलुकलाई कंगाल बनाउने उद्देश्यले अभिप्रेरित बाम गठबन्धनलाई परास्त गर्न सके मात्र मुलुक समृद्धिको बाटोमा अघि बढ्न सक्ने बताए।

### रेलमार्ग निर्माण अन्तिम चरणमा

जनकपुरधाम। निर्माणाधीन जयनगर-जनकपुर रेलमार्गमा बिछ्याउने रेलका लिकं आउन थालेका छन्। ३५ किलोमिटर लामो उक्त मार्गका लागि आवश्यक फलामे लिक सोमबारदेखि आउन सुरू गरेका हुन्। उक्त रेलमार्गमा बिछ्याउनका लागि झन्डै ४१ हजार टन रेल लिक ल्याउन लागिएको हो। सोमबार झन्डै १० टन लिक आइसकेको रेल विभागका महानिर्देशक अनन्त आचार्यले बताए। भारतको आर्थिक र प्राविधिक सहयोगमा बनिरहेको यो परियोजना आसामको नायक इन्फ्रास्ट्रक्चरले बनाइरहेको छ। १० अर्ब रूपैयाँको यो परियोजनाका लागि आएका सबै लिकहरू यसै अन्तर्गत हुन्। यो ब्रोडगेज रेलमार्ग हो। झन्डै ७० किलोमिटरमध्ये जनकपुर-बिजुलपुरासम्मको मार्गमा जमिन मिलाउने काम भइरहेको विभागले जनाएको छ। यो मार्ग निर्माणको लागि कालिकारमण जेभीले ठेक्का पाएको छ। बिजुलपुरादेखि बर्दिबाससम्मको भने जग्गा अधिग्रहण हुन सकेको छैन। लिक बिछ्याउने तयारी भइरहेको भए पनि रेलको डिब्बा किन्ने प्रक्रियामा भने अघि बढ्न सकेको छैन।

### सेती अञ्चल अस्पतालको स्तरोन्नती

धनगढी। सकारले धनगढीमा रहेको सेती अञ्चल अस्पतालको स्तरोन्नती गर्ने निर्णय पारित गरेको छ। कैलाली क्षेत्र नम्बर ५ का नेपाली काूग्रेसका प्रतिनिधि सभा सदस्य उम्मेदवार नेतृ डाक्टर आरजु राणा देउवाको विषेश पहलपछि सरकारले सेती अञ्चल अस्पताललाई तीन सय सैय्याको अस्पताल बनाउने निर्णय पारित गरेको जनाइएको छ। मन्त्रीपरिषद्को शुक्रबार बसेको बैठकले हाल एक सय ५० सैय्याको अञ्चल अस्पतालको स्तरोन्नती गरी तीन सय सैय्याको बनाउने निर्णय गरेको छ। यससंगै यो अस्पताल क्षेत्रीय अस्पतालका रूपमा स्तरोन्नती हुने बाटो खुलेको छ। प्रतिनिधि सभा सदस्य उम्मेदवार डाक्टर आरजुले एक साताअघि अस्पतालको निरीक्षणका क्रममा स्तरोन्नतीका लागि विशेष पहल गर्ने बताइन्।

### "लोकतन्त्र बचाउने र सिध्याउने बीचको लडाई"

चन्द्रकान्त खनाल, रूपन्देही। नेपाली कांग्रेसको विजयलाई कसैले रोक्न नसक्ने नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले बताएका छन्। रूपन्देहीको देवदहमा पार्टीद्वारा आयोजित विशाल चुनावी सभालाई सम्बोधन गर्दै उनले यस पटकको निर्वाचन लोकतन्त्रलाई बचाउने र लोकतन्त्रलाई सिध्याउने दुई फरक धारको निर्वाचन भएकाले लोकतन्त्रलाई जोगाउन कांग्रेसलाई मतदान गर्न आग्रह गरे। वामपन्थी जनतामाथि शासन गर्न खोज्ने पार्टी भएको विचार राख्दै सभापति देउवाले कांग्रेस जनतालाई मालिक बनाउने पार्टी भएको बताए। प्रधानमन्त्री एवं कांग्रेस सभापति देउवाले वाम गठबन्धनले मुलुकमा एकदलीय तानाशाही शासन लाद्न खोजेको बताए। उनले कांग्रेसले विकास र समृद्धिका मात्र मुद्धालाई उठाउँदै आएको चित्रण गर्दै बुद्धमावली देवदह क्षेत्रको विकासका लागि सरकारले छिट्टै गुरूयोजना बनाउने जानकारी समेत दिए।

### "अधिकारका लागि मेरो उम्मेदवारी"

नेपालगञ्ज। संघीय समाजवादी फोरम नेपाल, बाँके क्षेत्र नं. २ का प्रतिनिधिसभा उम्मेदवार मोहम्मद इस्तियाक राईले आफूले कुनै समुदाय विशेषको नभइ सबै वर्ग र समुदायको अधिकारका लागि उम्मेदवारी दिएको बताएका छन्। नेपालगन्ज नगर क्षेत्रभित्र चलिरहेको चुनावी घरदैलोका अभियानमा सक्रिय भइरहेका उनले यस्तो बताएका हुन्। 'मलाई कुनै एउटामात्रै समुदाय विशेषको एजेन्डा बोकेको आरोप लगाएर अरूहरूले भड्काउन खोजेका छन्, यो मिलेर बनेको हाम्रो समाजमा मैले सबै समुदायको हक र अधिकारको लागि उम्मेदवारी दिएको हुँ' राईले भनें 'म मुश्लिम हुँ, तर, म एउटामात्रै समुदायको मुद्दा लिएर हिंडेको मान्छे होइन, मलाईमात्रै होइन, त्यस्ता सामन्ती मानसिकता भएकाहरूले हामीलाई हेपेर समाज भड्काउन खोजेका छन्।' उनले ठूला भनिएका राजनीतिक दलहरूले भाषा, धर्म अनि समुदाय र जातजातिको आधारमा राष्ट्रियता खोजिरहेको भन्दै त्यो भ्रमलाई चिर्नुपर्ने जरूरी भएको बताए।

### "विकास नगर्नेलाई भोट नदिनुहोस्"

वीरगञ्ज। मंसिर २१ गते दोस्रो चरणमा हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मिति नजिकिदै गर्दा पर्सा क्षेत्र नम्बरमा मधेशी गठबन्धनका उम्मेदवारहरूले चुनावी सभा र घरदैलो कार्यक्रमलाई तीव्र पारेका छन्। शनिबार सो क्षेत्रका विभिन्न स्थानमा सम्पन्न सभा र घरदैलोमा हजारौं नेता, कार्यकर्ता र मतदाताहरूको सहभागिता रहेको थियो। शनिबार साँझ बहुदरामाई नगरपालिकाको वडा नम्बर ५ र बिन्दवासिनी गाउँपालिकाको पर्सौनीमा चुनावी रात्रिसभामा भएका छन्। प्रतिनिधिसभा सदस्यका उम्मेदवार हरिनारायण रौनियारले आफ्नो क्षेत्रको विकास र मधेसीमाथि भइरहेको विभेद समाधानका लागि आफू चुनावी मैदानमा उत्रिएको बताए।

### विकास नै मेरो मूल एजेन्डा : लाभ

महोत्तरी। महोत्तरी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यका लागि स्वतन्त्र उम्मेदवारी दिएका युवा नेता प्रवीण कुमार लाभले जिल्लाको समग्र विकास नै आफ्नो मूल एजेन्डा रहेको बताएका छन्। जिल्लाको रौजामा आइतबार घरदैलो कार्यक्रम गर्दै स्वतन्त्र उम्मेदवार लाभले मतदाताहरूलाई यस्तो आश्वासन दिएका हुन्। उनले आफू अन्य उम्मेदवारसरह प्रलोभन वा आश्वासन दिन नचाहेको बताए।

# यस्तो छ राजपा नेपालको चुनावी घोषणापत्र-२

**१. बाढीपहिरोको स्थायी समाधान**
हरेक वर्ष तराई-मधेशको समथर मैदानमा आउने बाढीले व्यापक जनधनको क्षति गर्ने गरेको छ। यसको स्थायी समाधान खोजिनुको साटो सरकारको काम टालटुले र ओठे हुने गरेको छ। राजपा नेपाल यसको स्थायी समाधानका लागि वैज्ञानिक योजना बनाएर बृहत बाँध र कल्भर्ट निर्माण, वर्षा यामको पानीको उचित निकास, चुरे-भावरको प्रभाकारी संरक्षण एवं व्यापक वृक्षरोपणको कार्यक्रम संचालन गरी तराई-मधेशका जनतालाई यस प्रकोपबाट सधैंको लागि मुक्त गर्न सशक्त कार्यक्रम संचालन गर्ने छ।

२. हुलाकी मार्ग, थप सडक संजाल र रेलसेवाको विस्तार
सडक, रेल एवं अन्य भौतिक संरचना निर्माणको दृष्टिले तराई-मधेश अत्यन्तै सुगम र सस्तो भएता पनि उदासिन राज्य, पूर्वाग्रही कर्मचारीतन्त्र एवंम् स्थानीय स्तरमा हुनु पर्ने दवावको कमीले हुलाकी मार्गको घोषणा दशकौं पहिले भएता पनि यसको निर्माण कार्य अत्यन्तै सुस्त छ। तराई-मधेशमा सहज आवागमन र सर-सामानको ढुवानीको लागि हुलाकी मार्गलाई यथाशीघ्र सम्पन्न गरी थप सडक सन्जालको निर्माण राजपा नेपालको प्राथमिकता रहने छ। पुर्व-पश्चिम राजमार्गको समानान्तर आधुनिक रेलमार्गको निर्माण र विस्तार गरिने छ।

**३. काठमाण्डौ-निजगढ द्रुतमार्ग र निजगढ दोश्रो अन्तराष्ट्रिय विमानस्थल**
प्रमुख राजनीतिक दलहरू, विशेष रूपमा नेकपा एमालेको संकीर्ण सोचका कारण बन्नै लागेको काठमाण्डौ-निजगढ द्रुतमार्ग अहिले अलपत्र परेको छ। हुनत यसको निर्माणको जिम्मा नेपाली सेनालाई दिइए तापनि सेनाको अनुभव यो स्तरको योजना सम्पन्न गर्ने कार्यमा नभएकोले उसलाई गाह्रो पर्ने कुरामा दुई मत छैन। साथै यो द्रुतमार्गको पूर्ण सदुपयोग र आर्थिक प्रतिफल निजगढ़को दोश्रो अन्तराष्ट्रिय विमानस्थल बनेपछि मात्र हुने भएकोले राजपा नेपालको प्रयास यी दुवै योजनाहरू एकै चोटी र यथाशीघ्र सम्पन्न गर्नँमा हुनेछ। यी दुवै योजनाहरू नेपालको अन्तराष्ट्रिय छवी, छरितो विकास र आधुनिकीकरण संग जोडिएका छन्।

**४. जनकपुरः अन्तराष्ट्रिय पर्यटन स्थल एवं विश्व हिन्दू केन्द्र**
सीताको जन्मभूमि, राम-सीताको विवाह स्थल एवं मिथिला साम्राज्यको केन्द्र भएकोले जनकपुरको महत्व विश्वका करिव सवा अर्व हिन्दूहरूका लागि अद्वितीय छ। यसको सही विकास, सम्वर्धन, थप भौतिक संरचनाको निर्माण र अन्तराष्ट्रिय रूपमा प्रचार-प्रसार गरियो भने यो विश्वको हरेक हिन्दूहरूको लागि अनिवार्य आराध्य स्थल बन्न सक्छ र यहाँ वर्षेनी लाखौं पर्यटक र धर्मावलम्बीहरूको आगमन हुन् सक्छ। यसका लागि जनकपुरको वृहत् र चौतर्फी विकासका लागि दक्ष र अनुभवी विशेषज्ञहरूको सहयोगमा आधुनिक गुरूयोजना तयार गरी जनकपुरका सबै मठ-मन्दिरको जिर्णोद्धार, सबै पोखरी एवं तलाउहरूको सफाइ र घाट निर्माण, सबै सडक र ढल नालाको उचित व्यवस्थापन र वृक्षारोपण द्वारा शहरको हरियालीकरण, मिथिला हाट एवं संग्रहालय आदिको निर्माण, रामायणका विभिन्न घटनाक्रमहरूलाई झल्काउने श्रव्यदृश्य एवं प्रकाशको व्यवस्था, वर्षेनी हुँने विवाह पंचमी, राम नवमी र परिक्रमाहरूको आधुनिक तरिकाले सही व्यवस्थापन, आवश्यक थप पर्यटकीय संरचनाहरूको निर्माण र साथै धनुषाधाम, जलेश्वर आदि अन्य महत्वपूर्ण पर्यटकीय स्थलहरूसंग जोडिने सडक र पूर्वाधारको निर्माणलाई प्राथमिकतामा राखिने छ। निजी क्षेत्रलाई पाँच तारे होटेल, आधुनिक रेस्टुरेन्ट, व्यापारिक मल (क्जयउउप्लन :र्बा), अम्युजमेंट पार्क (ब्कगकभ्रभलत एबचप) आदिमा लगानी गर्न प्रोत्साहन, करमा छुट एवं अन्य विशेष सुविधाहरूको व्यवस्था गरिने छ। जनकपुरलाई रामायण सर्किटको अवधारणा अन्तर्गत अयोध्या एवं नेपाल र भारतका अन्य शहरहरूसंग जोडिने छ। जनकपुर विमानस्थललाई अधिनुक बनाइने छ। शुरूमा क्षेत्रीय र पछि अन्तराष्ट्रिय विमानस्थलको रूपमा यसको विकास गरिने छ।

**५. विरगंजः नेपालको आर्थिक कारोबार र व्यापारको प्रमुख केन्द्र**
विरगंजको ऐतिहासिक महत्व र नेपालको आर्थिक उन्नतिमा पुर्याएको योगदान र सम्भावनालाई उच्चतम मुल्यंकन गर्दै यसलाई नेपालकै आर्थिक गतिविधिको केन्द्र (ँप्लिबलअर्ष्वा ज्गद) को रूपमा थप विकास गरिनेछ। विरगंजलाई आधुनिक सहरको रूपमा विकास गर्न यहाँ सडक, व्यापारिक भवन र कम्प्लेक्स, स्तरीय तारे होटेलहरू र सूचना प्रविधिको विस्तार गर्न आवश्यक व्यवस्था मिलाइने छ। यसलाई बैंकिंग, बिमा, शेयर कारोबार र अन्तराष्ट्रिय व्यापारको केन्द्र बनाइनेछ। हाल विरगंजमा रहेका उद्योगहरूलाई थप प्रोत्साहित गर्दै नयाँ उद्योगहरू खोल्न निजी क्षेत्रलाई आकर्षित गर्ने सेवा, सुविधा र छुटको योजना बनाइनेछ। अनुभव, सिकाई, लगानी र प्रविधि हस्तान्तरणको लागि विरगंजलाई विश्वका अन्य व्यापारिक र आर्थिक कारोबार हुने सहरहरूसँग मित्र-सहरको रूपमा औपचारिक र सरकारी स्तरमै जोडिने छ।

**६. विराटनगर, भैरहवा र नेपालगंजः नेपालको आर्थिक विकासको मेरूदण्ड (न्वयधतज भ्लनष्लभ)**
नेपालको औद्योगिक विकासमा विराटनगर, भैरहवा र नेपालगंजको ऐतिहासिक महत्व छ। तर उदासीन सरकार, असक्षम नेतृत्व, आवश्यक पूर्वाधारको अभाव र बारम्बारको बन्द एवं हडतालका कारण त्यहाँ रहेका उद्योगहरूले उचित सम्मान, संरक्षण र प्रोत्साहन पाएका छैनन्। तसर्थ, नेपालको सम्पूर्ण आर्थिक वृद्धिलाई नै प्रभावित पार्न सक्ने सम्भावना भएका विराटनगर, भैरहवा र नेपालगंजमा रहेका सबै उद्योगहरूको योगदानलाई कदर गर्दै तिनको सम्वर्धन र थप विस्तारको कार्यक्रमहरू बनाइने छ। निर्वाध विद्युत आपूर्ति, औद्योगिक निकासको व्यवस्थापन, ब्अअभकक च्यबम को निर्माण एवं स्तरोन्नति, श्रमिक विकास, प्राविधिक प्रशिक्षण र राजनीतिक हस्तक्षेपको समाप्ति आदि दिशामा ठोस कार्य गरिने छ। निर्यात केन्द्रित र अन्य विशेष औद्योगिक क्षेत्रहरूलाई थप सुविधा पुर्याउन पहल गरिनेछ।

**७. लुम्बिनीः अन्तराष्ट्रिय बुद्धिस्ट केन्द्र**
अन्तराष्ट्रिय आकर्षणको केन्द्र भएता पनि र लुम्बिनी विकासको लागि गरिएका थुप्रै आन्तरिक र वैदेशिक कार्यक्रमहरूका बावजुद समग्र लुम्बिनीको विकास अपेक्षित गतिमा हुन सकेको छैन। यहाँ सुरू गरिएका योजना एवं कार्यक्रमहरू असम्वेदनशील नेतृत्व, सुस्त संयोजन, राजनीतिक हस्तछेप र समन्वय अवाभका कारण प्रभावित हुने गरेका छन्। यसका साथै, लुम्बिनी वरिपरि रहेका तर उत्तिकै महत्वका अन्य ऐतिहासिक र धार्मिक महत्वका स्थलहरूलाई वेवास्ता गरिएको वा पर्याप्त ध्यान न दिइएको अवस्था छ। यसका साथै थुप्रै अन्य विदेशी, स्वदेशी, स्थानीय, व्यक्तिगत, संस्थागत र सरकारी स्तरमा गरिने सहयोगहरूप्रति रूची देखाइएता पनि नेता र कर्मचारीको व्यक्तिगत लाभ नहुने देखिएकोले आलटाल गरिएका तथ्यहरू पनि बाहिर आएका छन्। तसर्थ, लुम्बिनीको समग्र र अपेक्षित विकासका लागि लुम्बिनी विकास गुरूयोजनालाई तत्काल थप प्रभावकारी बनाइने छ। ढिलो भएका योजना र निर्माण कार्यहरूलाई यथाशीघ्र सम्पन्न गरिने छ र सुरू नभएका कार्यक्रमहरूलाई अविलम्ब प्रारम्भ गरिने छ। राजनीतिक हस्तक्षेप लाई निरूत्साहित गरिने छ तथा ऊर्जावान, जानकार र सक्षम कर्मचारीको वहाली गरिनेछ। सुस्त गतिमा निर्माण हुँदै गरिएको गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थललाई शीघ्र सम्पन्न गरी संचालनमा ल्याइने छ।

**८. सूचना प्रविधि र इन्टरनेट सेवाको विस्तार**
सूचना प्रविधि र इन्टरनेटको सेवा उपलब्ध नभएको वा गुणस्तरीय नभएका ठाउँहरूमा आवश्यक नीति तर्जँमा गरी सुलभ र सस्तो इन्टरनेट सेवा उपलब्ध गराइनेछ। सरकारी र सार्वजनिक रूपमा संचालित माध्यमिक, उच्च माध्यमिक एवं व्यवसायिक शिक्षा केन्द्रहरूमा निशुल्क इन्टरनेटको सुविधा प्रदान गरिने छ। यसका लागि सरकारी र निजी क्षेत्रका इन्टरनेट सेवा प्रदायकहरूसंग आवश्यक सहकार्य गरिने छ।

**९. युवा मैत्री नीति तथा कार्यक्रम**
युवाहरूका लागि धरौटी रहित शैक्षिक ऋण उपलब्ध गराउन आवश्यक नीति निर्माण गरी बैंकिंग सेवालाई युवा मैत्री बनाइनेछ। वैदेशिक रोजगारमा जान चाहने युवाहरूका लागि धरौटी रहित ऋण सहज र छरितो बनाइनेछ। स्वरोजगार योजनालाई नयाँ र परिमार्जित रूपमा लागू गरिनेछ। बैंक र वित्तीय संस्थाहरूलाई कुल ऋण प्रवाहको कम्तिमा १% युवाहरूको नयाँ कारोबार (क्तबचत गउ) को योजनामा बिना धितो अनिवार्य लगानी गर्नँपर्ने व्यवस्था गरिने छ। आवश्यक नयाँ नीति निर्माणका साथ-साथै युवाहरूमा उद्धमशीलता विकासका लागि प्रशिक्षण र अभिमुखीकरणका कार्यक्रमहरू संचालन गरिनेछ। विराटनगर, जनकपुर, वीरगन्ज, भैरहवा, नेपालगंज र धनगढीमा आधुनिक क्रिकेट मैदानको निर्माण वा स्तोरन्नती गरिने छ। त्यसमध्ये कुनै दुईलाई अन्तराष्ट्रिय प्रतियोगिता आयोजना गर्न सकिने स्तरकोरंगशालाको रूपमा विकास गरिने छ।

**१०. महिला मैत्री नीति तथा कार्यक्रम**
सरकारी/सार्वजनिक शैक्षिक संस्थाहरूमा महिलाको लागि हरेक तहको उच्च शिक्षा निशुल्क गरिने छ। हरेक नवजात वालिका जन्मनासाथ उसको सुरक्षित भविष्यका लागि आमाको संरक्षत्वमा वालिकाको नाममा रू. १०००० (दश हजार) अनुदान दिर्घकालिन मुद्दती खाता खोलि बैंकमा जम्मा गरिने छ जुन वालिका १८ बर्ष पुगेपछि आवश्यकता अनुसार ब्याज सहितको एक मुस्ट रकम प्रयोग गर्न सक्नेछन्। दहेज प्रथाको उनुचित प्रयोगलाई निरूत्साहित गर्न कम्तिमा १०+२ सम्मको शिक्षा प्राप्त गरेका र उमेर पुगेका विवाहयोग्य महिलालाई विवाहको समयमा आधा तोला सुनको मङ्गलसुत्र वा सो वरावरको रकम प्रदान गरिने छ, अरू अवाञ्छित कुनै पनि दाइजोलाई कानूनअनुसार व्यवहार गरिने छ।

**११. किसान मैत्री नीति तथा कार्यक्रम**
बढ्दो सरकारी उदासिनता, घट्दो कृषि उत्पादन, बाँझो खेत, ऋणमा डुबेका किसान र मर्कामा परेका कृषि कामदार नेपालमा ७०% जनसंख्याको जीविका धान्ने र राज्यको ढुकुटीमा ३०% योगदान गर्ने कृषि क्षेत्रमा देखिएका बिडम्बना मात्र होइनन् अपितु अशुभ संकेतहरू हुन्। कृषि क्षेत्रको आधुनिकीकरण, नयाँ प्रविधिको प्रयोग, पैदावारको औद्योगीकीकरण, उत्पादन वृद्धि र विविधिकरण, सरलीकृत कृषि ऋणको सहज उपलब्धता तथा नयाँ बजार विस्तार र व्यवस्थापन आदि केही यस्ता उपायहरू हुन् जसले किसानको जीवन सुखद बनाउनुको साथै देश विकासमा कृषि क्षेत्रको योगदानलाई वृद्धि गर्न सकिन्छ। यो राजपा नेपालको प्राथमिकताको विषय रहनेछ। १२. गरिब मैत्री कार्यक्रम नेपालमा समानुपातिक समावेशीताको सिद्धान्तलाई आत्मसात गर्दै नेपालमा राजनीतिक प्रतिनिधित्व, कर्मचारी नियुक्ति र राज्यले प्रदान गर्ने केही अन्य अवसरहरूमा केहि सार्थक प्रयासको थालनी भएको छ। तर यो पूर्ण, पर्याप्त र प्रभावकारी छैन। यसलाई अझ बढी व्यवहारिक, विस्तारित र वैज्ञानिक बनाउनु पर्ने आवश्यकता छ। यसको प्रतिफल नेपालको कुल जनसंख्याको लगभग एक चौथाई गरिबीको रेखा मुनि रहेका अति बिपन्न नेपाली समक्ष तुरून्तै पुग्ने सम्भावना न्यून छ। तसर्थ, तिनको जीवनलाई थप कस्टकर हुनबाट बचाउन त्यस्ता हरेक नेपालीको पहिचान गरी तिनलाई सहुलियत मुल्यमा चामल र अन्य दैनिक सामग्री सहज उपलब्ध गराउने व्यवस्था गरिने छ।

**१३. वैदेशिक लगानी आकर्षण र निजी क्षेत्र प्रोत्साहन**
कुनै पनि देशको द्रुत गतिको विकासका लागि, वर्तमान समयमा सरकारी प्रयास र स्वदेशी पुंजी पर्याप्त हुँदैन। यसको लागि वैदेशिक लगानी र निजी क्षेत्रको सहभागिता अपरिहार्य छ। प्रस्तावित संघीय संरचनामा प्रदेशले विदेशी लगानी आकर्षित गर्नका लागि केन्द्र सरकारको अनुमति र सहकार्यको अनिवार्यता राखिएको छ। यो उचित अवस्था होइन। संघीय सरकारले हरेक प्रदेशको हरेक वैदेशिक लगानीलाई नियन्त्रण वा अनुगमन गर्न थाल्यो भने यो सुस्त र पेचिलो हुने मात्र होइन यसमा कर्मचारीतन्त्र हावी हुन जान्छ। हरेक प्रदेश सरकारलाई आफ्नो आवश्यकता अनुसार अन्य सरकार र विदेशी निकायहरूसंग समन्वय र सहकार्य गर्ने स्वतन्त्रता हुनु पर्छ। राजपा नेपाल यस्तो अवस्थाको बहालीका लागि प्रयासरत रहनेछ। देश र विदेशका निजी क्षेत्रहरूको बिचमा संचार, समन्वय र सहकार्यले मात्र आधुनिक समयमा सस्तो, गुणस्तरीय र छरितो सेवा एवं वस्तु उपलब्ध गराउन सकिन्छ। राजपा नेपाल निजि क्षेत्रको विकास, विस्तार र राष्ट्र निर्माणमा योगदान गर्ने वातवरण निर्माण गर्न कटिवद्ध छ।

**१४. शहिद स्तम्भ एवं शहिद स्मारक निर्माण**
मधेश आन्दोलन, थरूहट आन्दोलन र अन्य आन्दोलनहरूमा आफ्नो ज्यानको आहुति दिने अमर शहिदहरूलाई श्रद्धाञ्जली अर्पण गर्न, तिनको त्यागलाई प्रेरणाको श्रोतको रूपमा रूपान्तरण गर्न र तिनको योगदानलाई चिर-स्मरणीय बनाउन शहादत दिएका हरेक ठाउँमा शहिद स्तम्भ र शहादत भएका हरेक जिल्लामा शहिद स्मारकको निर्माण गरिने छ। साथै शहिद परिवारको उचित हेरचाह, घाइते र अंगभंग भएकाहरूको उपचार र रोजगारीको उपायको बारेमा पनि राजपा नेपाल कटिवद्ध र क्रियाशील रहने छ।

**१५. हरेक क्षेत्र, विशेष क्षेत्र**
हरेक क्षेत्रलाई निम्नानुसार प्राथमिकतामा राखेर योजना कार्यन्वयन एवं कार्यक्रमहरू संचालन गरिनेछ। एक प्रादेशिक निर्वाचन छेत्र, एक प्राविधिक शिक्षालयको स्थापना एक संसदीय निर्वाचन क्षेत्र, एक आधुनिक अस्तपलाको स्थापना एक संघीय प्रदेश, एक विशिष्ट उधोगको स्थापना मिथिला, भोजपुरा, अवध र थारू समुदायको इतिहास, भाषा, संस्कृति र कलालाई संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले उपयुक्त स्थानहरूमा संग्रहालय र अनुसन्धान केन्द्रहरूको स्थापना गरिने छ। प्रदेश-२ मा निर्माण गरिने पहिलो दुई वटा पाँच तारे होटेललाई संचालनमा आएको मिति देखि पाँच वर्षसम्म प्रदेश स्तरीय हरेक करमा पूर्ण छुट दिइनेछ। प्रदेश-२ मा स्थापित गरिने एक अर्वभन्दा बढी लगानीको कुनै पनि उद्योगलाई संचालनमा आएको मिति देखि पाँच वर्षसम्म प्रदेश स्तरीय हरेक करमा ५०% सम्मको छुट दिइनेछ।

**दीर्घकालिन द्रुत विकासका लागि नीति तथा कार्ययोजना**
वर्तमान अर्थतन्त्र दश वर्षे जनयुद्ध, लामो संक्रमणकालीन अवस्था, विनाशकारी भूकम्प, विभाजित एवं विभेदकारी संविधानले खडा गरेको द्वन्द्व र सत्ताधारीहरूको संवेदनहिनताले अत्यन्त अप्ठेरो स्थितिमा पुगेको छ। ऊर्जा संकट एवम औद्योगिक मैत्री वातावरणको अभावमा उद्योगहरू वन्द भईरहेका छन्। युवाहरूको पलायन र कृषि प्रति सरकारी उदासिनताले हजारौं हेक्टर कृषि योग्य भूमि बाँझो रहेको छ। जीवन जोखिममा हालेर आएको रेमिटेन्सको उपयोग अर्थतन्त्रको सुदृढीकरण भन्दा आयातमा खर्च भई रहेको छ। हाम्रा दुईवटै छिमेकी विश्वका प्रवल आर्थिक शक्तिको रूपमा स्थापित भई सके तापनि हामीले त्यस बाट फाईदा लिन नसकेको अवस्था छ।

हामी लोकतान्त्रिक समाजवादको अनुशरणकर्ता हुनुका साथै उदार अर्थतन्त्र, खुल्ला वजार र मिश्रित अर्थ व्यवस्थाका पक्षधर हौं। हाम्रो ग्रामिण अर्थतन्त्रमा स्रोत साधन जुटाउन राज्यको प्रवल उपस्थिति हुनुको साथै शहरी अर्थतन्त्र (ग्चदवल भ्अयलयफथ) मा नीजि क्षेत्रको प्रमुखता हुनु पर्ने हो। पूर्वाधार विकासको साथै शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा दुवैको उपस्थितिको साथै सहकारीको सिद्धान्त समेत अपनाउदै सार्वजनिक निजी साझेदारी (Private Public Partnership) को अवधारण समेत लिएर अगाडी वढ्दै, देशको सामाजिक, आर्थिक रूपान्तरण गरी देशलाई आत्मनिर्भर वनाउने लक्ष्य हासिल गर्नु पर्छ।

**१. कृषि**
कृषि नेपालको अर्थतन्त्रको मेरूदण्ड हो र यो अधिकांस नेपालीको जीविकोपार्जनको मूल माध्यमको रूपमा रहेको छ। कृषि क्षेत्रले जनसंख्याको ७% लाई आंशिक वा पुर्ण रोजगारीको अवसर प्रदान गर्दछ र कुल ग्राहस्थ उत्पादनमा यसको ३% योगदान रहेको छ। यसले रोजगार तथा जीविकोपार्जन, औद्योगिक विकास, अर्न्तराष्ट्रिय व्यापार, जीवनस्तर उकास्ने र गरीवी निवारणमा समेत महत्वपुर्ण योगदान गरेको छ। तथापि नेपालले अहिले ठुलो मात्रामा खाद्यान्न आयात गर्नु परेको छ। सार्क देशहरूमध्ये नेपालमा कृषि तर्फ राज्यले कहिल्यै यथेष्ट ध्यान दिएन र प्राथमिकतामा पनि पारेन। उदाहरणको लागि १९६१ देखि १९९९ सम्मको विचमा धान खेति नेपालमा ०.६% वार्षिक रूपले मात्र बढ्न सक्यो। जवकि बंगलादेश (१.४१), श्रीलंङ्का (१.४३), भारत (१.७९) र पाकिस्तान (१.९७) ले वृद्धि गरेको छ। अहिले नेपालमा खाद्यान्नको पर निर्भरता बढ्दै गएको स्थिति छ।
तराई-मधेस देशको खाद्यान्न भण्डार हो भन्ने कुरा निर्विवाद छ किनभने कृषिको मुख्य आधार क्षेत्र तराई मधेसको समथर भूमी नै हो र यसले नै पहाड/हिमालको ठुलो खाद्यान्न अभाव (ँययम(म्भाष्अप्त) मध्येको दुई लाख टन आपूर्ति गदर्छ तथापि तराइ-मधेशका अधिकांस जिल्लामा व्याप्त विपन्नताले यस क्षेत्रमा सरकारको यथेष्ट ध्यान नपुगेको तथ्यलाई छर्लङ्ग पार्दछ। कम उत्पादनले कृषकको आर्थिक स्तरलाई झनै कमजोर बनाएको छ र त्यसैले मानव विकास सुचाङ्क (ज्कष्) मा पनि प्रत्यक्ष असर पारेको छ। कृषिलाई आयमूलक व्यवसाय बनाएको भए सायद मधेसका किसान अर्थात् एक उल्लेखनिय जनसंख्या आज गरीबीको रेखामुनि नभई सम्पन्नताको बाटोमा लम्किन्ये। नेपालमा कृषि उत्पादनमा सुधारका प्रवल सम्भावना छ। त्यसका लागि साधन र श्रोतको संचालन, जग्गाको चक्लाबन्दी, वाली विविधिकरण भुमिस्थलको संरक्षण एवं देशको बृहत जलश्रोतको सहि परिचालन र संरक्षण तथा ग्रामिण सडक र विद्युतीकरण जस्ता पुर्वाधार विकासका साथै शिक्षा तथा तालिमद्वारा कृषकको क्षमता-वृद्धि जस्ता कुरा प्राथमिकताको क्षेत्र हुनु पर्छ।
कृषिमा लगानी वृद्धि नहुनु परोक्षरूपमा मधेसका किसानहरूप्रति विभेदकारी नीतिको परिणाम हो। विभेदकारी र असमान बजेट वितरण अर्को कारण हुन। उदाहरणार्थ स्टाभेरी, अलैची, कफी खेती ईत्यादिको अनुदानमा ठुलो खर्च गर्ने तर वार्षिक अरबौको खाद्यान्न आयातलाई प्रतिस्थापित गर्ने र आन्तरिक खाद्य सुरक्षालाई सुनिश्चित गर्ने कार्य प्रति विगतका सरकार हरूले किन लगानी वृद्धि गर्न सकेन रू प्रतिकूल मौसमले पर्ने कुप्रभावलाई सामना गर्न पनि श्रोत साधनको अभिवृद्धि गरी आवाश्यक उपाय अपनाउन सकिन्छ। यसको साथै विगतमा गरिएका कृषि क्षेत्रका सोधहरू पनि सोधकर्ताहरूको हितलाई भन्दा किसानको आवश्यकतालाई ध्यानमा राखेर हुनु पर्ने हो। प्रविधि र तालिमको पहुँच सिमान्तकृत किसानसम्म पुग्न सकेको छैन। यो अत्यन्त सिमित परिधि, खासगरी केही ठूला किसानको पहुँचसम्म मात्र रहेको छ। गाउँका अधिकांस युवा र किसानहरू सहरी क्षेत्र भारत वा अन्य तेश्रो देशको वैदेशिक रोजगारमा लगातार पलाएन हुँदै गएका छन्। कृषि लाभमूलक पेशा नभएकै कारण युवा पुस्ताको चासो यस प्रति घट्दै गएको छ।
**जल व्यवस्थापनः** जल कृषिको जीवन हो तसर्थ उत्पादन वृद्धिको सबभन्दा महत्वपुर्ण कार्य जल व्यवस्था नै हो। कुल कृषि योग्य भुमिको १८% मात्र सिञ्चित भुमि रहेको छ र यसको आधा क्षेत्रफल अर्थात् ९% मा मात्र बर्षभरि सिंचाई सुविधा उपलब्ध छ। त्यहाँ वर्षमा ३/४ पटकसम्म वाली उत्पादन हुन सक्छ। जग्गा वृद्धिको संभावना लगभग समाप्त प्राय छ। तसर्थ दुई किसिमले उत्पादन बृद्धि गर्नु पर्दछ। पहिलो वाली सघनतामा वृद्धि अर्थात् एउटै जग्गामा ३-४ पटक सम्म उत्पादन गर्ने, दोश्रो कृषिमा प्रयोग हुने मलखाद, उन्नत विउ, सिचाई, खनिजतत्व र विशेष टनिकहरूको प्रयोग गरी प्रति हेक्टरमा दोब्बर भन्दा वढि बृद्धि गर्ने। उदाहरणको लागि भारतमा उखुको लागि प्रयोग भएको प्रविधि विकास र ड्रिप प्रणालीद्धारा उत्पादनमा अढाई दोब्बर वृद्धि भएको तथ्याङ्क वाहिर आइसकेको छ। यसले उत्पादकत्व वृद्धिको कुरालाई तथ्यपरक रहेको प्रमाणित गर्दछ।
**भु-संरक्षणः** पहाड र खास गरी चुरे क्षेत्रको संरक्षण गरि तराई मधेसको मलिलो जमिनलाई मरूभूमिकरणबाट बचाउन भूमि र जल संरक्षणका विशेष परियोजनाहरू संचालन गर्नुपर्दछ। यसको साथै भु-संरक्षण रोक्न विभिन्न प्रारम्भिक र वैज्ञानिक पद्धति अपनाउन जरूरी छ।
**श्रोत-साधनमा पहुँचः** विगतका कार्यक्रमहरूले भित्रि गाउँ र सिमान्तकृत किसान समुह तथा भुमिहिन र महिला समुह सम्म पुगिराखेको अवस्था छैन। गरीबी निवारण र खाद्य सुरक्षालाई मध्यनजर राखेर नै सामाजिक न्यायको लागि आगामी दिनमा श्रोत साधन यी समुह सम्म पुग्नु पर्ने तथ्य कसैले विर्सनु हुँदैन।
**पुर्वाधारको विकास र उत्पादनको विविधिकरणः**
कृषि सडकको विकास र विद्युतीकरणद्वारा ग्रामिण क्षेत्रको कृषिलाई लाभमूलक बनाउन जरूरी छ। बाली उत्पादनको साथसाथै समथर भूमिमा (तराई-मधेसमा) उन्नत जातका पशुपालन, मत्स्य उत्पादन, दुध उत्पादन, विभिन्न जडिबुटी उत्पादन, कृषि वनका उत्पादन र यसैमा आधारित कुटिर उद्योगको स्थापना हुनुपर्दछ।
कृषि एवं पशु पंक्षीजन्य उत्पादनको व्यवसायीकरण, विविधीकरण तथा गुणस्तरीयताकोलागि उन्नत प्रविधि एवं कृषि पुर्वाधार र सुलभ कृषि कर्जाको व्यवस्था गर्नँपर्छ। साथै कृषि तथा पशु पंक्षी जन्य उत्पादनमा अनुदानको दायरा बढाई आयात प्रतिस्थापन गर्नँ पर्दछ।
कृषिलाई उद्योगको रूपमा विकास गर्नँपर्दछ र आवश्यक सबै पूर्वाधार तयार गर्न सरकारले यस क्षेत्रमा दिर्घकालिन योजना बनाई ठूलो लगानि गर्नु पर्दछ। यसले जनताको व्यापक सहभागिता तथा नीजि क्षेत्रको लगानीसमेतलाई आकर्षक गर्ने वातावरण बनाउनु पर्दछ। कृषिलाई साझेदारी, सहकारी र नीजि उद्योगको रूपमा चलाउन सक्ने व्यवस्था हुनु पर्दछ। साना-ठूला सबै खाले कृषकको जग्गा कृषि उद्योगको लागि आवाधिक १५-२० वर्ष सम्मको लागि लिजमा लिने/दिने कानूनी व्यवस्था हुनु पर्दछ। सिमान्तकृत र महिला किसानहरूलाई यस उद्योगमा काम गर्नलाई प्राथमिकता दिन' पर्दछ। यस कामको लागि सरकारले लक्ष निर्धारण गरि १० वर्ष भित्र वर्तमान कृषि उत्पादनलाई खाद्य सुरक्षा, आत्म निर्भरता, रोजगारी, कूल ग्राहस्था उत्पादनमा वृद्धि र गरीबी निवारणको प्रमूख कारकरूपमा लिएर अगाडि बढ्नु पर्ने अवको आवश्यकता हो।

**२. सिचाइ**
परापूर्व काल देखि मधेशमा सिचाई गर्नका लागि कुलो कुलेसा निर्माण गरी देशको लागि खाद्यान्न उत्पादनमा बृद्धिगरि आत्मनिर्भर बनाउँदै सन् १९८० को दसक सम्म खाधान निर्यात समेत गर्दै आएको थियो। किसानहरूको आफ्नो प्रयासबाट रूपन्देहीका छत्तीस मौजा, एवं कैलालीको रानी जमरा र कुलरिया जस्ता बृहत सिचाई प्रणाली निर्माण गरी हजारौ हेक्टर क्षेत्रमा सिचाइको संरचना निर्माण गरी सिचाई सुविधा उपलब्ध गराइएको थियो। सप्तरीको चन्द्रनहर, सर्लाहीको युद्धनहर, जस्ता आयोजनाहरूको निर्माण गरी सरकारी स्तरबाट समेत सिचाइको आवश्यकतालाई स्वीकार गरिएको पाइन्छ। तराई-मधेशमा सिचाइ गर्न लायके १३,५६,००० हेक्टर जग्गा रहेकोमा झापाको कन्काई सिचाइ योजना, सुनसरी र मोरङ जिल्लाको सुनसरी मोरङ सिचाइ योजना सप्तरीको कोशी पम्प नहर आयोजनाका र कोशी वितरण प्रणाली, सिरहा र धनुषाको कमला सिचाई आयोजना, सर्लाही र रौतहटको बागमती सिचाई आयोजना, बारा र पर्साको गण्डक पुर्वी नहर प्रणाली, चितवनको नारायणी लिफ्ट सिचाइ प्रणाली, नवलपरासीको गण्डक पश्चिमी नहर, रूपन्देहीको मर्चवार र भैरहवा लुम्बिनी भुमिगत सिचाइ प्रणाली, कपिलवस्तुको बाणगंगा सिचाइ प्रणाली, बर्दियाको राजापुर सिचाई आयोजना र बवई सिचाई आयोजना एवं कञ्चनपुरको महाकाली सिचाई प्रणाली लगायतका आयोजनाहरू निर्माण गरी मधेशको सिचाइ गर्न लायकको कृषि योग्य भुमिमा सिचाइको पूर्वाधार तयार गरिएको छ। बाँकेको सिक्टा सिचाइ आयोजना निर्माणाधिन अवस्थामा छ।
कृषि योग्य भूमिमा अव्यवस्थित सहरिकरण गरिदैंछ। चुरेको बनजंगलको विनाशले बाढि, पहिरो जाने क्रम वढ्दै गएकोले मधेशको उर्वर भ"मिको उत्पादकत्व घटदै गएको छ।
नेपालको भू-बनोट नदी नालाहरूको अवस्थिति र ती नदीहरूमा बग्ने पानीको परिमाणको आधारमा मधेशका कृषियोग्य भूमिलाई वर्षभरी सिचाई सुविधा उपलब्ध गराउनका लागि आवश्यकता भन्दा बढी भएको जलाधारको पानीलाई अर्को नदीको जलाधारमा स्थानान्तरण गरी सिचाई संरचनाको निर्माण गर्ने र ती आयोजनाहरूबाट विद्युत उत्पादन समेत गर्न सक्ने सम्भावना रहेकोले अन्तर जलाधार आयोजनाहरूको निर्माण गर्न आवश्यक छ। यसै क्रममा भेरी नदीको पानी ववई नदीमा स्थानान्तरण गरी बर्दिया जिल्लाको ६०,००० हेक्टरमा सिचाई सुविधा उपलब्ध गराउन र ४८ मेगावाट विद्युत उत्पादन गर्ने आयोजनाको थालनी भएको छ। त्यस्तै सुनकोशीको पानीलाई कमला अथवा मरिन नदी वेसिनमा स्थानान्तरण गरी सर्लाही, महोत्तरी, धनुषा र सिरहाका १,७५,००० हेक्टर जमीनमा सिचाइ सुविधा पुऱ्याउने र ९० मेगावाट विद्युत उत्पादन गर्ने, कालीगण्डकीको पानी तिनाउ जलाधारमा स्थानान्तरण गरी नवलपरासी, रूपन्देही र कपिलवस्तुको १००,००० हेक्टर सिचाई गर्ने र ५० मेगाावाट विद्युत उत्पादन गर्ने, काली गण्डकीका पानी नवलपरासी स्थानान्तरण गरी नवलपरासी र रूपन्देहीको १२,००० हेकटरमा सिचाइ गर्ने र ५ मेगावाट विद्युत उत्पादन गर्ने सम्भावना देखिएको छ। यस्तै त्रिशुली-चितवन वाट ४०,००० हेक्टर सिचाइ र ३५ मेगावाट विधुत उत्पादन गर्ने, राप्ती डाइभर्सन वाट ८०,३५० हेक्टर सिचाइ तथा १०७ मेगावाट विधुत उत्पादन एवं माडी-दाङ्ग बाट लगभग ४०,००० हेक्टरका सिचाई र ८६ मे. वाट विद्युत उत्पादन गर्न सम्भावना रहेको छ। यी आयोजनाहरूबाट ५५०,००० हेक्टरमा सिचाइ र लगभग ४५० मेगावाट विद्युत उत्पादन हुनसक्ने सम्भावना रहेको छ। साथै बागमती नदीमा मझौला ड्याम निर्माण गरी सर्लाही रौतहट र महोत्तरी समेत करीब १,२२,००० हजार हेक्टरमा सिचाई पुऱ्याउने र १४० मेगावाट विद्यूत उत्पादन गर्न सकिने सम्भावना छ। यसरीनै कन्काईमा बाँध बनाई ३०० मेगावाट बिधुत र ३०,००० हेक्टर सिंचाइ उपलब्ध गराउन सकिने छ। उल्लेखित आयोजनाहरू अध्ययन अनुसन्धान गरी निर्माण गर्न १०-१५ बर्ष लाग्न सक्ने साथै यी आयोजनाहरूको लागि ठूलो धनराशी आवश्यक पर्ने भएकोले तत्काल अभियानको रूपमा अध्ययनबाट सम्भाब्य देखिएको तराई मधेशका ७,२६,००० हेक्टर भूमिमा भूमिगत सिचाईको सम्भावना रहेको स्थानमा स्यालो र डीप ट्युववेल निर्माण प्राथमिकताका साथ सुरू गर्नँ पर्दछ। स्यालो तथा डिप-टयुववेल तुरून्तै निर्माण गर्न सकिने, कम लागतमा निर्माण हुने मर्मत संभार किसानहरू स्वयँ वाट हुन सक्ने भएकोले वर्षिक ४०,००० स्यालो ट्यूववेल र २०० डिपटयूवेल निर्माण गरि ५ वर्षमा मधेशका सम्पूर्ण कृषि योग्य भूमिमा सिचाई सुविधा पुरयाउन सकिन्छ। यसबाट तत्कालै मधेशमा हरित कान्ति ल्याउन सकिन्छ।

**३. उर्जा**
बिद्युत बिकासको थालनी सन् १९०० मा सुरू भए पनि हालसम्मको १०५ बर्षमा खासै उपलब्धि प्राप्त गर्न सकिएको छैन। नेपालमा विद्यमान अवस्थामा जल विद्युतका ४८ ओटा आयोजनाहरूबाट ७७६ मेगावाट र थर्मल प्लान्टबाट ५३ मेगावाट गरी कुल जडित क्षमता ८२९ मेगावाट रहेको छ। हिउँदमा उत्पादन लगभग ३०० मेगावाट मात्र हुने तथा माग लगभग १३०० मेगावाट रहेको छ। भारतबाट २३० मेगावाट आयात गर्ने गरिएको छ। चालु आ.व.को अन्त सम्म माग १४२३ मेगावाट पुग्ने अनुमान छ भने थप २०० मेगावाट उत्पादन हुने सम्भावना रहेको छ। हाल विद्युत उर्जा खपत १३२ किलो वाट घण्टा रहेको छ जुन दक्षिण एसियाको न्यूनतम रहेको छ। कुल जनसंख्याको ५८ प्रतिशत मात्र ग्रिड प्रणामीमा जोडिएको अवस्था छ। यसरी हाम्रो भौगोलिक अवस्थिति एवं अपार जल सम्प्दाको प्रयोगबाट स्वच्छ नवीकरणीय उर्जा उत्पादनको प्रसस्त सम्भावनो भए तापनि हाल सम्म उर्जाको माग र उपयोगमा परम्परागत स्रोतको बाहुल्यता रहेको छ। विद्युत माग अबको १० वर्ष मा ३२०० मेगावाट हुने सरकारी अनुमान छ।
ढल्केवर-हेटौडा ४०० के.भी. प्रसारण लाईन र २०० एम.भी.ए. को २२०/१३२ के.भी सव स्टेशनको काम सम्पन्न हुन सकेको छैन। ढल्केवर-मुजफरपुर प्रशारण लाइनको ४०० के.भी. मा चार्ज गर्न ढल्केवर, इनरूवा र हेटौडामा ४००/२२०/ १३२-३३ के.भी. का सव स्टेशनहरू पनि बन्न सकेका छैनन्। यसो हुन नसकेका कारण भारतबाट आयात गर्ने भनिएको परिमाणको विधुत समेत आयात गर्न सकिएको छैन। लामो समय देखि विद्युत विकासको प्रयास गरिए पनि अत्यन्तै न्यून प्रगति हासिल गर्न सकिएको छ। यसो हुनका कारणहरूमा नेपाल विद्यूत प्रधिकरण एक मात्र उत्पादन, वितरण एवं थोक खरीद कर्ता हुनु, स्वतन्त्र प्रसारण कर्ता हुनु, नियमनकारी निकासको अभाव, अन्तर देशीय विधुत आदान प्रदन गर्ने पूर्वाधारको अभाव, वन फडानी, जग्गा प्राप्ति मा झन्झटिलो व्यवस्था, खरीद प्रक्रियामा लामो समय लाग्ने, चूहावट नियन्त्रण हुन नसक्नु आदि हुन्। समष्टिगत रूपमा भन्ने हो भने वितरण प्रणाली जीर्ण हुनु, प्रशारण लाईनको आवश्यक क्षमता नहुनु, उत्पादन आवश्यकता भन्दा अत्यन्तै न्यून हुनाका कारण उर्जा क्षेत्रको अवस्था दयनीय रहेको छ।
समग्र जलस्रोत क्षेत्रको विकासको लागि जलस्रोत रणनीति २००२ तथा राष्ट्रिय जलयोजना २००५ तयार भई नेपाल सरकारबाट स्वीकृत समेत भैसकेको अवस्थामा सरकार परिवर्तन हुने वित्तिकै सस्तो लोकप्रियताको लागि कहिले लोडसेडिङ मुक्त गर्ने नाउँमा त कहिले दश वर्षमा दश हजार मेगावाट विद्युत उत्पादन गर्ने सपना बाँडने गएिरको छ। जलस्रोतलाई राजनीति-मुक्त क्षेत्र बनाउने प्रमुख दलहरूले यस अघी साझा प्रतिवद्धता सार्वजनिक रूपमा व्यक्त गरे पनि तिनै दलहरूले सबभन्दा बढी राजनीति गर्ने क्षेत्र नै विकाश निर्माण र त्यसमा पनि जलस्रोत रहेको छ। खिम्ती-ढल्केवर प्रसारण लाईनको ६-७ वटा टावर राजनीतिक करणले बन्न नसकेको, केही आयोजनाहरू राजनीतिक दवावमा बनाउनु पर्ने भएको, दातृ संस्था तयार भई ऋण समेत प्राप्त हुने प्रतिवद्धता प्राप्त भइसकेको अवस्थामा पनि आयोजनामा दल




विशेषको आग्रहमा बन्द हुने कारणबाट राज्यले ठूलो आर्थिक भार खेप्नु परेको उदाहरण हाम्रो सामू छ। हाल सम्म कुलेखानी बाहेक कुनै पनि जलाशय युक्त आयोजना बनाउन न सकिएको कारणले समेत विद्युतको ठूलो अभाव हुने गरेको छ।
तसर्थ, अवका दिनहरूमा बहुउद्देश्यीय जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ निर्माण गर्नँ पर्दछ। यसबाट भरपर्दो विद्युत उत्पादन, सिचाइ, मत्स्य विकास, जलपरिवहन, खानेपानीको समग्र विकास हुनेछ। जलस्रोत क्षेत्र वैदेशिक लगानीको लागि सबभन्दा ठुलो क्षेत्र रहेकोले यो क्षेत्रको विकाश अपरिहार्य छ।

**४. सडक तथा अन्य पुर्वाधार**
अन्य क्षेत्र भन्दा मधेशमा पूर्वाधार निर्माण प्राविधिक दृष्टिकोणले सजिलो र आर्थिक दृष्टिकोणले सस्तो भए पनि राज्यको बिभेदकारी दृष्टिकोणले गर्दा सडक, सहरी विकाश, खानेपानीको आपूर्ति लगायत अन्य पूर्वाधार क्षेत्रको विकाश हुन नसकेको हो। मधेशमा पुर्व-पश्चिम राजमार्ग एक मात्र पुर्व पश्चिम जोड्ने सडक हो जस्ले देशको ५०% भन्दा बढी जनसंस्थालाई सेवा पुऱ्याउनु पर्ने हुन्छ। राणा शासनकालमा हुलाकी सडकको नाउँमा झापादेखि कञ्चनपुर सम्म सडकको रेखाङ्कन त गरियो तर भरपर्दो र वर्षभरी यातायात स'विधा पुऱ्याउने सडकको रूपमा विकास गरिएन। यसबाट मधेशको ग्रामीण भेग सम्म सडक सञ्जाल बिस्तार हुन नसकी कृषि उपजको वजारीकरण समेत हुन सकेन। यस सडकलाई भारतीय सहयोगमा निर्माण गरिने भनि राज्यतर्फबाट प्रचार गरिए पनि यो प्रचारमा मात्रै सीमित रहन पुग्यो। मधेशको ८८ लाख जनसँख्या लाई लाभान्वित गराउन सक्ने यो सडक नबन्नु सवभन्दा दुःखद र पीडादायी विषय हो। पूर्व-पश्चिम राजमार्गमा स्वस्फूर्त रूपमा सहरी विकास प्रारम्भ भए पनि मधेश भूभागमा सहरोन्मुख वस्तीहरूको विकास प्रकृया अवरूद्ध हुन पुग्यो। हाल रेखाङ्कन भईसकेको हुलाकी राजमार्गलाइ तराई- मधेश लोकमार्ग नामाकरण गरी नेपाल सरकारको आफ्नै स्रोतबाट बजेट विनियोजन गरी अभियानका रूपमा २-३ बर्ष भित्र निर्माण पुरा गर्ने गरी थालनी गर्नँपर्दछ।
झापादेखि कञ्चनपुर सम्म विद्युतीय रेलमार्गको सम्भावना रहेकोले अविलम्व निर्माण सुरू गर्नँ पर्दछ। काठमाण्डौ सँग तराई-मधेश जोड्ने सबभन्दा छोटो सडकको रूपमा फास्ट ट्र्याक नअलमलिई सुरू गर्नँ पर्दछ साथै निजगढ दोश्रो विमानस्थलको निर्माण पनि यथासिघ्र थालनि गर्नँ पर्दछ। विराटनगर, भैरहवा र नेपालगँज विमानस्थललाई आधूनिक सुविधा सम्पन्न बनाई क्षेत्रीय स्तरको विमान स्थलको रूपमा रूपान्तरण गरिनु पर्दछ।

**५. उद्योग**
समतल भूमी, कृषिजन्य उत्पादन र मेहनती जनशक्तिको उपलब्धताले मधेशको औद्योगिक विकास गरिनु पर्दथ्यो। हाल तीन हजारको हाराहारीमा यहाँ साना, मझौला तथा ठूला उद्योगहरू छन्। पचासौं हजारको संख्यामा घरेलु तथा कटिर उद्योगहरू छन्। जनसंख्याको अनुपात तथा राज्यश्रोत परिचालन गर्नका लागि यो संख्या न्युन नै हो। तसर्थ व्यापक रूपले कृषिजन्य उत्पादनमुखी तथा सेवाजन्य उद्योगहरूको विकास गरिनु पदर्छ। औद्योगिकरण नै यस्तो उपाय हो जसबाट व्यापक रोजगारी तथा आय स्रोतको सृजना हुन्छ। समावेशी औद्योगीकीकरणकालागि निम्नलिखित कार्यकमहरू ल्याउनु पर्दछ।
० तराई मधेश प्रदेशका विभिन्न उपयुक्त स्थानहरूमा औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक ज्गद तथा ऋयचचष्मयच हरूको स्थापना गरिनु पर्दछ। यसबाट उद्योग व्यवसाय गर्न तथा लगानीकर्ताहरू आकर्षित हुनेछन्।
० उद्योगलाई चाहिने पूर्वाधारहरू जस्तै बिजुली, संचार, पानी, सडक, दक्ष जनशक्ति इत्यादिको क्रमवद्ध विकास गरिनु पर्दछ।
० आन्तरिक खपत र निर्यात दुवै लाई आधार मानी औद्योगिकरण नीति तथा यसका कार्यक्रमहरू ल्याइनु पर्दछ।
० अन्तराष्ट्रिय सीमासँग जोडिएका क्षेत्रमा उद्योग स्थापना गर्न नपाउने भेदभावपूर्ण नीति हटाउनु पर्दछ।
० सबै प्रकारका उद्योगहरूमा (कृषिजन्य, उत्पादनमुखी, सेवा र अन्य) वैदेशिक लगानीको ठूलो सम्भावना छ। यसको लागि उदार तथा बजारमुखी अर्थ व्यवस्था पूर्ण रूपले लागु हनु पर्दछ।
० वैदेशिक लगानी आकर्षित गर्दै लगानी मैत्री नीति ल्याइनु पर्दछ। यस्का साथै प्रदेशले सोझै लगानीकर्ता संग सम्झौता गरेर अगाडी बढ्न् सक्ने परिस्थितिको निर्माण हुनु पर्दछ।
० विशेष आर्थिक क्षेत्र घोषणा नभएको प्रमुख शहरहरूमा यथाशक्य चाँडै घोषणा हुनु पर्दछ। मधेशी, मुश्लिम, दलित, थारू, जनजातिलाई आर्थिक विभेद बाट बचाउन उद्योगको प्रवन्ध, प्रविधिक कार्य र कामदारमा समेत यस्तो समुहको संलग्नता बढाउने कार्यलाई प्रोत्साहित गनुपर्दछ र यसका लागि विशेष तालिम आदिको समेत व्यवस्था गर्नु पर्दछ।
० उद्योग तथा अन्य आर्थिक क्रियाकलाप बढाउन सरलीकृत कर प्रणाली लागु गरिनु जरूरी छ। हाल विभिन्न देशमा आन्तरिक एकल कर प्रणाली (क्लतभचलर्बा क्ष्लनभि त्वह क्थकतभ्) लागु भई रहेका छन्। यसको मुख्य विशेषता एउटै करबाट सम्पूर्ण आन्तरिक कर उठाउनु हो र निर्यात गर्दा फिर्ता दिनु हो। यसले प्रतिस्पर्धी क्षमता बढाउछ।
० आयस्रोतलाई राज्य र केन्द्र बीच बाँडफाँड गरिनु पर्दछ।

**६. व्यापार**
आन्तरिक व्यापारको उचित विकास गरिनु पर्दछ। एकातिर ठूलो जनसंख्यालाई यस्ले रोजगारी उपलब्ध गराउँछ भने अर्को तिर देशको आप'र्ति तथा वितरण प्रणालीलाई सन्तुष्ट पारिराखेको हुन्छ। हाल तराई-मधेशमा २ लाख भन्दा बढी यस्ता पसलहरू आपुर्ति तथा सेवा दिने क्रियाकलापमा संलग्न छन्। यो "आफ्नो रोजगार आफैं खोजौं र आफ्नो रोजगार आफै चलाऔं" भन्ने सिद्धान्तमा आधारित छ। यसले वेरोजगारीको ठूलो समस्या केहि हद सम्म समाधान गरिराखेको छ। यसले "आफ्नो व्यवसायको आफै मालिक" भन्ने अभिव्यक्ति पनि दिइराखेको छ। यससलाई पूणरूपले संरक्षण र बढी भन्दा बढी प्रोत्साहन दिइनु पर्दछ। जसको लागि कार्यस्थलमै नै पञ्जिकरणको व्यवस्था, झन्झट मुक्त कर निर्धारण, कम मजदुर रहेको व्यवसायलाई श्रम कानुनको दायरा बाहिर राख्ने र प्रशासनिक निकायले अनावश्यक हैरान गर्ने प्रवृत्तिको अन्त्य गर्ने व्यवस्था गर्नु पर्दछ।
**निर्यातः** कुनै पनि मुलुक आर्थिक रूपले सवल हुनका लागि निर्यात व्यापारको वलियो जग हुनु पर्दछ। निर्यात भनेको आन्तरिक खपत बाहेक बढी भएका उत्पादनहरू विदेशी बजारमा निर्यात गर्नु हो। निर्यातले देशको कुल ग्राहस्थ उत्पादन र वृद्धी दर दुवै बढाउन मदत गर्दछ।
निर्यातको लागि कम व्याजदर, विभिन्न प्रकारका प्रोत्साहन (क्ष्लअभतष्खभक) तथा उदार श्रम नीति इत्यादि उपायहरू अपनाएर निर्यात क्षेत्र सवल बनाइनु पर्दछ। निर्यात विन्दु अधिकांश तराई-मधेशमा नै भएकोले यसले यहाको अर्थतन्त्रमा निश्चित रूपमा ठूलो योगदान गर्दछ।

**७. सहकारी**
विश्वमा खासगरेर पूजीवाद र समाजवाद दुई किसिमको अर्थ व्यवस्था धेरै लामो समय देखि सञ्चालनमा रहेको पाइन्छ। पछिल्ला दिनहरूमा सहकारी अर्थव्यवस्थाको पनि महत्वपूर्ण भूमिका देखिएको छ। हामीले विश्व परिवेशलाई हेर्ने हो भने फ्रान्स, जर्मनी, इजरायल, ब्रिटेन, क्यानाडा जस्ता मुलुकहरूपनि सहकारीको माध्यम बाट नै देशलाई आत्मनिर्भर र समृद्धि वनाएको उदाहरण छ। छिमकी मुलुक भारतमा सय वर्षदेखि सहकारी पद्धतीका व्यवसायहरू छन्। जसमा अमुल डेरी, लिज्जत पापड र इफ्को फर्टिलाइजर जस्ता थुप्रै सहकारी उद्योग एवम् कलकारखानाहरू सफल रूपमा संचालनमा रहेका छन्। महाराष्ट्र राज्यमा मात्र करिब ११७ वटा चीनी मिलहरू सहकारी मार्फत संचालनमा रहेको देहिन्छ।
**सहकारी विकासका प्रयासहरूः** हाल बचत तथा ऋण, उपभोक्ता, दुग्ध, तरकारी तथा फलफूल, कृषि, कफि, मौरीपालन, जुनार, चिया, उखु, विद्युत र सञ्चार गरी २२ वटा केन्द्रीय सहकारी संघहरू स्थापना भै संचालनमा रहेका छन्। २०४८ सालसम्म कृषि र उपभोक्ता क्षेत्रमा मात्र सीमित सहकारीहरू अहिले कृषि तथा उपभोक्ताका अतिरिक्त बचत तथा ऋण, शिक्षा, स्वास्थ्य, विद्युत, संचार लगायत सेवा क्षेत्रमा विस्तार गरिए पनि मधेशमा यसको प्रभावकारीता न्यून रहेको छ। २०४८ सालमा ८३० वटा सहकारी भएकोमा अहिले विभिन्न, विषय, क्षेत्र, तहका करिव ३२ हजार सहकारी संघ संस्थाहरू गठन भएका छन् भने ५० लाख यसका सदस्यहरू छन्।

**८. पर्यटन**
पर्यटन क्षेत्रलाइ नेपालको एक प्रमुख आय स्रोतको रूपमा चिनिन्छ। वैदेशिक मुद्रा आर्जन गर्ने महत्वपूर्ण माध्यमको रूपमा पर्यटन उद्योगको विकास गरिनु पर्दछ। नेपालमा विभिन्न किसिमका पर्यटकहरू आउने गर्दछन् जस्तैः सांस्कृतिक, धार्मिक, पर्वतारोहि, व्यापारी, शैक्षिक आदि। विभिन्न कारणले प्रत्येक वर्ष पर्यटकहरूको संख्यामा उतार-चढाव भई रहेको पाइएको छ।
तराई-मधेशमा धेरै सांस्कृतिक एवम् धार्मिक महत्वका स्थलहरू, पुरातात्विक धरोहरहरू, घना जंगल, रमणीय ठूला नदीका किनार आदि छन्। यस्ता ठाउँहरूमा मानव निर्मित तथा प्राकृतिक स्रोतमा आधारित पर्यटन उद्योगहरूको विकास गर्न सकिन्छ।
चितवन राष्ट्रीय निकुन्ज, वर्दिया राष्ट्रीय निकुन्ज, कोशी टप्पु, शुख्लाफाँट आदि कहलिएका र स्थापित पर्यटकिय गन्तव्यहरू हुन।
त्यस्तै मिथिला प्रदेश, लुम्बिनी, बाराह क्षेत्र, देवघाट आदि तराई-मधेशमा प्रचुर धार्मिक पर्यटनका सम्भावना बोकेका स्थलहरू हुन। यस क्षेत्रहरूमा लाखौ मानिसहरू धार्मिक अवसर तथा मेलाहरूमा भ्रमण गर्दछन्।
यसका अतिरिक्त पनि अन्य सम्भावनायुक्त धार्मिक र ऐतिहासिक स्थलहरू छन् जस्तैः झापाको अर्जुनधारा, सर्लाहीको सतीविहुला मन्दिर, महोत्तरीको जलेश्वर मन्दिर र रौजा मजार, परौल स्थान, सप्तरीको छिन्नमस्ता र कन्कालीनी मन्दिर, सिरहाको फुलबारी र सलहेस मन्दिर, बाराको गढीमाई, पर्साको माई स्थान, रौतहटको शिवनगर, नवलपरासीको त्रिवेनीधाम, तिलौरा कोट, बाँकेको बागेश्वरी मन्दिर, बर्दियाको ठाकुरद्धार इत्यादि।
साथै तराई-मधेशका थप आकर्षणहरू मध्ये झापाका जमुनीया, मोरङको शान्तिवन, सिरहाको बाबाताल, कपिलवस्तुको जगदीशपुर ताल, कैलालीको घोडा घोडी ताल, कर्णालीको गोरख ताल, सर्लाहीको नारीमन ताल, बाराको सिम्रौनगढ आदिलाई लिन सकिन्छ।
पर्यटन उद्योग आर्थिक उन्नति, प्राकृतिक स्रोत र सेवा क्षेत्रहरूको स्तर इत्यादि संग गाँसिएको हुनाले यसको वृहत रूपले विकास गरिनु पर्दछ। सरकारले यसकोलागी वाटो, पुलपुलेसा र सुरक्षा जस्ता पूर्वाधारको विकास गरिदिनु पर्दछ।
० तराई-मधेशमा दिर्घकालीन प्रर्यटन नीति तर्जुमा गरी कार्यन्वयन गर्ने।
० पर्यटन स्थलहरूमा पर्याप्त मात्रामा यातायात, स्वास्थ्य, सुरक्षा र सञ्चार सेवा उपलब्ध गराई, त्यस्ता सेवालाई नियमित र भरपर्दो बनाउने।
० तराई-मधेशमा पर्यटन सेवा केन्द्रहरूको विस्तार गरी, पर्यटनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय हवाई सेवा सुविधाहरूमा विस्तार गर्ने।
० पर्यटन सम्बन्धी तालीम प्राप्त जनशक्तिबाट पुर्वाधारका विकासको व्यवस्था गर्ने।
० कला संस्कृति र परम्पराको जगेर्ना, विकास र सम्बर्धन गरि पर्यटकहरूमाथि हुने शोषण र ठगीजस्ता कार्यलाई राक्ने।
० नेपाल र भारतकाका प्रमुख तीर्थस्थलहरू जस्तै : जनकपुर, पशुपतिनाथ, मुक्तिनाथ, अयोध्या र वनारस आदि जोडेर पर्यटन कोरीडोरको रूपमा विकास र प्रवर्द्धन गर्ने। अयोध्या र जनकपुरलाई जोडेर विशेष रामायण सर्किटको निर्माण गर्ने।
० पर्यटन र धार्मिक विकासकोलागि छुट्टै बजेट तर्जुमा गर्ने र सो रकम दुरूपयोग रोक्न कडा प्रभावकारी अनुगमन गर्ने।
० तराई-मधेशमा अवस्थित सम्पुर्ण तीर्थस्थल, ताल र सरोवरहरूलाई विशेष पर्यटन क्षेत्रको रूपमा विकास गरि संरक्षण गर्ने।

**९. शिक्षा**
हाम्रो देशमा औपचारिक शिक्षा विशेषतः सरकारी र निजी निकायबाट संचालन हुँदै आएको छ। दैनिक जिविकोपार्जनको आवश्यकतालाई परिपुर्ति गर्नैपर्ने बाध्यताले गर्दा युवाहरू विद्यालयमा अध्ययन गर्न असक्षम भएका छन् र शिक्षामा सबै वर्गको पहुँच पुग्न सकेको छैन। कर्णाली लगायत अत्यन्त पिछडिएका क्षेत्रमा बाल-बालिकाहरूलाई छात्रावास र विद्यालयको व्यवस्था भए बमोजिम तराई-मधेशमा पनि विविध समुदायको लागि यसको व्यवस्था नभएसम्म यी वर्गमा चेतनाको अभाव भइनै रहन्छ। अत्यन्त पिछडिएका समुदाय मुसहर, डोम, हलखोर, चमार इत्यादीका वाल-बालिका र किशोर किशोरीहरूले यस्तै सुविधा नपाएसम्म तिनको पठन पाठन सम्भव छैन। एकातिर राज्यले सबै क्षेत्रमा सबै तहको अध्यापन गराउने शैक्षिक संस्था स्थापना गर्न सकेको छैन भने अर्कोतिर भएका विद्यालयहरूमा पनि शैक्षिक सामाग्री, कम्प्युटर आदि को अभाव, खेलकुद मैदान एवं सामाग्री नहुनु, विद्यालयको भौतिक संरचनागत कमजोरी आदि पनि समस्याका रूपमा रहेका छन्।
शिक्षा क्षेत्रमा जे जति लगानी भएको छ त्यो आफैमा पर्याप्त छैन र जे जति लगानी गरिएको छ सो अनुसार उपलब्धी हासिल गर्न पनि सकिएको छैन। विषयगत एवं दक्ष शिक्षकको अभावले गर्दा प्रभावकारी पठन पाठन हुन सकेको छैन्। विद्यार्थीको संख्याको अनुपातमा शिक्षकहरू अत्यन्त न्यून हुनु र एउटै शिक्षकले सवै विषयको अध्यापन गराउनु पर्ने र धेरै विद्यार्थीहरूलाई पढाउनु पर्ने बाध्याताले गर्दा एकातिर शिक्षकलाई अनावश्यक बोझ परेको छ भने अर्को तिर विद्यार्थीहरूले विषयगत दक्षता हासिल गरेको शिक्षक पाउन सकेका छैनन्। विद्यालयमा जे जति शिक्षकहरू छन् ति मध्ये धेरैले आफ्नो जिम्मेवारीलाई ईमान्दारीता पूर्वक निर्वाह गरेको पाईदैन। राजनीतिक पूर्वाग्रहको कारणले पनि शिक्षाक्षेत्रमा नकारात्मक प्रभाव परेको देखिन्छ। हाम्रो शिक्षा प्रणालीमा व्यवहारिक एवं दैनिक जीवनमा उपयोग हुने ज्ञानको अभाव छ भने विद्यार्थीहरू पनि बुझ्ने र मनन् गर्नु भन्दा पनि घोकेर परीक्षा दिने मनोवृत्तिबाट प्रभावित छन्। जीर्ण एवं सैद्धान्तिक पुरातनवादी चिन्तन बाट निर्देशित सरकारी नीति र नियम एवं विद्यार्थीहरूको उदासिनताको कारणले गर्दा पनि शिक्षा उपलब्धिमूलक हुन सकेको छैन। परिणाम स्वरूप, विद्यार्थीहरू पढेर ज्ञान आर्जन गर्न भन्दा पनि प्रमाणपत्र लिनेमा मात्र सिमित छ। यसका अतिरिक्त विद्यालय व्यावस्थापन समितिको मनोमानीले र विद्यालयको व्यवस्थापन र आर्थिक पार्दर्शिताको वारेमा सम्बन्धीत निकायहरूवाट ठोस र प्रभावकारी रूपमा निरिक्षण र अनुगमन नभएको कारणले गर्दा पनि विद्यालय शिक्षामा सुधार हुन सकेको छैन। सरकारी विद्यालय एवं निजी विद्यालयहरूको पाठ्यक्रम समान किसिमको नभएकोले दुवैको शैक्षिक उपलब्धिमा व्यापक अन्तर रहेको छ।
एकातिर निजी क्षेत्रमा शिक्षा सेवामुखी भन्दा व्यवसायमुखी हुँदै गएको छ भने अर्कोतिर सरकारी विद्यालयमा नत पठन पाठन नै प्रभावकारी छ न त परीक्षा प्रणाली नै।
शिक्षण पेशामा आवद्ध हुन चाहनेले अध्यापन अनुमतिपत्र लिने समस्याले गर्दा शिक्षण पेशाको विकल्पमा अन्य पेशालाई अपनाएको पाइन्छ . शिक्षा विषयमा डिप्लोमा/मास्टर्स डिग्री गर्नेले पनि शिक्षक अनुमति लिनुपर्ने पद्धति वैज्ञानिक हुन सक्दैन। भाषिक विविधतालाई ध्यानमा राख्दै हरेक जातजातिले वोल्ने भाषाको आधारमा शिक्षण गराउनु पर्दछ र पाठ्य सामाग्री पनि सोहि अनुरूप प्रचुर मात्रामा उपलब्ध गराउनु पर्दछ। सकेसम्म मातृभाषामा प्रथमिक शिक्षा सम्म अनिवार्य पढनु पर्ने व्यवस्था मिलाउनु पर्दछ, साथै शिक्षा निशुल्क मात्र नभई व्यवहारिक र गुणस्तरिय हुनुको साथै जिविकोपार्जनको लागि उपयोगी समेत हुनुपर्छ।
नयाँ शिक्षा ऐन मा केही गम्भिर त्रुटीहरू रहेका छन् जसलाई समयमा नै ध्यान दिनु जरूरी छ। बाल विकासको कार्यक्रम स्थानिय निकायको जिम्मा दिन खोजेर सरकार र शिक्षा मन्त्रालय यसबाट पन्छिन खोजेको छ। यसले गर्दा न त यो प्रभावकारी हुन सकेको छ न त देश भरी यस कार्यक्रममा एकरूपता ल्याउन सकिएको छ। निजी क्षेत्रलाई प्रतिवन्धित गर्न अथवा अहिल जस्तै छाडा छोड्नु भन्दा पनि प्रणाली भित्र हालेर संचालन गर्नु पर्छ। सहि सुपरिवेक्षण र अनुगमनले शिक्षाको गुणस्तरलाई अझ प्रभावकारी पार्न सकिन्छ। नक्साङ्कन गरेर निजी क्षेत्रको आवश्यकता भएको ठाउँमा यसलाई संचालन गर्न दिन' पर्दछ। निजी क्षेत्रको जनशक्ति र साधन श्रोतलाई सामुदायिक विद्यालयको गुणस्तर उकास्न प्रयोग गर्नु पर्दछ। परीक्षा वोर्ड बनाउने निर्णयले पुरानो संरचनाको जनशक्तिको सहि व्यवस्थापन र स्पष्ट दिशा निर्धारण नगरीकन एक्कैचोटी भत्काउने निर्णयले ठूलो अन्यौल सिर्जना गर्ने निश्चित छ र यसमा राजनीतीक हस्तक्षेपको लागि प्रशस्त संभावनाहरू खडा गरिएका छन्। विद्यालय भवन मजबुत एवं पक्की वनाउनुको साथै यसका भौतिक पूर्वाधारहरू जस्तैः विद्युत, पर्याप्त पुस्तक सहितको पुस्तकालय, प्रयोगशाला आदिको राम्रो व्यवस्था र अतिरिक्त क्रियाकलापको लागि चाहिने सामग्रीहरूको यथेष्ठ मात्रामा उपलब्ध गराउनु पर्दछ।
शिक्षा भनेको बहुप्रणालीमा आधारित हुनुपर्दछ। सरकारी एवं नीजि विद्यालयको पाठ्यपुस्तकमा भएको भिन्नतालाई हटाई समान र एकै किसिमको पठन पाठन गराउनु पर्दछ। तर आवश्यकता र अवस्था अनुसार पाठ्यपुस्तक र पाठ्यक्रमलाई परिमार्जन एवं परिस्कृत गर्नु पर्दछ। शिक्षक र विद्यार्थी बीचको सम्बन्धमा पनि सुधार आउनु जरूरी छ यसरी नै विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूको सम्बन्ध पनि सहयोगी र सुमधुर हुन नितान्त आवश्यक छ।

**व्यावसायिक/प्राविधिक शिक्षाः**
हालसम्म व्यावसायिक एवं प्राविधिक शिक्षा अत्यन्त कमजोर छ र देशको सबै क्षेत्रमा पुग्न सकेको छैन। प्राविधिक शिक्षाको लागि आवश्यक पर्ने जनशक्ति विदेश पलायन भएकै कारणले गर्दा प्रभावकारी रूपमा पठन पाठन हुन नसकेको हो। प्राविधिक शिक्षा भएको शैक्षिक संस्थामा पनि सुविधा सम्पन्न प्रयोगशालाको राम्रो व्यवस्था नभएकोले प्राविधिक शिक्षा स्वभावतः व्यवहारिक हुनुपर्ने तर सैद्धान्तिक मात्र हुन पुगेको छ। कसैले राम्रो गुणस्तरयुक्त प्राविधिक शिक्षा प्राप्त गर्न चाहेमा अत्याधिक महँगो हुने हुँदा केहि सिमित र धनी व्यक्तिहरूमा मात्र केन्द्रित हुनु पगेको छ। सबै क्षेत्रमा सरकारी तहबाट यो शिक्षा संचालन भएको छैन भने यो शिक्षा संचालन गर्ने नीजी शैक्षिक संस्थाहरूले पनि स्वच्छेचारी रूपमा शुल्क लिने गरेका छन्। यसमा सरकारी अनुदान पनि प्राप्त हुने गरेको छैन।
व्यवसायिक/प्राविधिक शिक्षालाई प्रभावकारी बनाउनको लागि राज्यद्धारा यसलाइ प्राथमिकतामा राख्नु पर्दछ र प्रत्येक जिल्ला तथा स्थानीय निकायमा यो शिक्षाको व्यवस्था गर्नु पर्दछ। यस शिक्षालाई उपलब्धी मुलक बनाउनको लागि व्यसायिक शिक्षालय स्थापना गरि सैद्धान्तिक एवं व्यवहारिक ज्ञान दिने खालको हुनु पर्दछ। यसलाई सरकारी निकायबाट नै व्यस्थापन गर्नु पर्दछ। सर्वसाधारणमा यसको पहुँच पुऱ्याउने किसिमको कार्यक्रमहरू लागु गर्न आवश्यक छ। जनचेतनाको अभावका कारण सबैले यो शिक्षाको बारेमा त्यति चासो नदिएको हुँदा जनचेतना फैलाउने खालको कार्यक्रम पनि लागु गर्नु पर्दछ। आयमुलक कार्यहरू जस्तै सिलाई, बुनाई, पशुपालन, कृषि आदि विषयसँग सम्बन्धित शिक्षा प्रदान गर्नु पदर्छ। यसका साथ साथै पशु डाक्टर र जे.टि.ए. हरू अत्याधिक संख्यामा उत्पादन गर्नु पर्दछ र कम्प्युटर शिक्षालाई अनिवार्य बनाउनु पर्दछ। जनसंख्याको आधारमा प्राविधिक शिक्षण केन्द्रको स्थापना गर्नु पर्दछ। यस क्षेत्रमा सरकारी अनुदान बढाउने र यो शहर केन्द्रित भन्दा गाउँ केन्द्रित गर्नु पर्दछ। यस्तो शिक्षा लिएकाहरूका लागि रोजगारीको सुनिश्चितता गरिनु पर्छ . प्राविधिक शिक्षा औपचारिक शिक्षा भन्दा केही खर्चिलो भएकोले यसलाई कम खर्चिलो बनाउने र यसलाई प्राथमिक तहदेखि नै लागु गर्नु पर्दछ। यस शिक्षाको लागि आवश्यक पर्ने आधुनिक भौतिक पूर्वाधारको उचित व्यवस्था गर्नु पर्दछ।
**खुला विश्वविद्यालयः** नेपालको लागि खुल्ला विश्वविद्यालयको अवधारणा नयाँ भएकोले हाल सम्म यो कुनै जिल्लामा प्रभावकारी रूपले संचालन हुन सकेको छैन। एकातिर खुल्ला विश्वविद्यालय एउटा नयाँ अवधारणा भएकोले जनमानसलाई बुझाउनको लागि प्रचार प्रसारको कमि रहेको छ भने अर्को तिर अध्ययन गर्न चाहनेहरूको लागि पनि यो शिक्षा अत्यान्तै महँगो छ। खुल्ला विश्वविद्यालय संचालन गर्नको लागि राज्यले स्पष्ट नीति बनाउन जरूरी छ र सबै जाति, वर्ग र क्षेत्रका जनताहरूले सहज रूपमा उपभोग गर्नसक्ने गरी देशको ७५ वटै जिल्ला एवं देशको कुना कुनामा संदेश पुऱ्याउनु पर्दछ। खुल्ला विश्वविद्यालयलाई सस्तो र सर्वसुलभ पनि वनाउनु पर्दछ।
**नयाँ विश्वविद्यालय स्थापनाः** तराई-मधेशमा विश्वविद्यालय स्थापनाप्रति ठूला दलको उदासिनताले गर्दा विगतमा नेपालगञ्ज, विरगञ्ज, जनकपुर र सुनसरीमा विश्वविद्यालय स्थापनाको लागि विभिन्न विधेयक संसदमा प्रवेश गरेका र केही अगाडि बढि सकेर पनि विभेदकारी सोचले गर्दा थन्केर बसेका छन्। यि विश्वविद्यालयहरू अविलम्ब स्थापना गर्न ती चार वटै विधेयक पारित गर्नुको साथै बजेट छुट्याई स्थापना गर्ने कार्य गर्नु पर्दछ। मधेशमा शिक्षाको विकासको विश्वविद्यालयहरूको स्थापना अपरिहार्य छ।

**१०. स्वास्थ्य**
समग्र स्वास्थ्य (शारीरिक, मानसिक, बौद्धिक, अध्यात्मिक र समाजिक) कुनै नागरिकको निजी वा पारिवारिक सरोकार वा अभिरूचिको विषयवस्तु मात्र नभई राज्यको पनि अनिवार्य दायित्व हुनु पर्दछ। स्वास्थ्य सेवाका विभिन्न आयामहरूका लागि मानवीय विकासका अन्य अवयवहरूको अतिरिक्त स्वास्थ्य सेवाका संस्थागत संरचना, भौतिक पूर्वाधार, दक्ष मानव संसाधन, रोग निदानका लागि आवश्यक उपकरण र उपचारका लागि आपत्कालिन सेवा र जीवन रक्षक औषधी सहित आवश्यक निःशूल्क औषधिको पर्याप्त र सहज उपलब्धता नितान्त आवश्यक छन्।
*(राजपा नेपालको प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनका लागि जारी गरिएको चुनावी घोषणापत्रका मुख्य अंश)*

# तराई-मधेश बुद्धिजीवी समाजको अपिल

तराई मधेशमा पटक-पटक गरी जनविद्रोह र अन्दोलन गरेपनि विगतका शासकहरूबाट मधेशी समुदायले अधिकार पाएन । देशमा शीर्ष दल कहलाउनेहरूले विगतमा मधेशप्रतिका विभेद, असमानता तथा अन्याय समाधान गर्नेबारे समय समयमा भएको सम्झौतालाई यी दलहरूको मिलिभगतमा नकार्दै आएको कुरा सबैलाई सर्वविदितै छ । मधेशमा अन्दोलन र रक्तमय स्थितिबीच जवर्जस्ती देशको नयाँ सविंधान २०७२ जारी भयो । विभिन्न समयमा मधेश आन्दोलनताका सत्तापक्षीय दमनका कारण कैयौं मधेशी सपुतहरूले ज्यानको आहुती दिएपनि मधेशी समुदाय अझै पनि अधिकार सम्पन्न हुन सकेको छैन । तराई मधेशमा समय समयमा राज्य पक्षबाट सप्तरी लगायत अन्य ठाउँमा भएको हिंसा हत्या र विभेद विरूद्ध अवाज उठाउन गत २०७३ सालमा मधेशी जातीय समन्वय समाज गठन गरि विभिन्न निकाय र शीर्ष दलहरूमा ज्ञापन पत्र दिई सरकार र राजनीतिक दलहरूलाई सजग गराइएको थियो जसको प्रभाव सकारात्मक रह्यो । तत्पश्चात मधेश केन्द्रित दलहरूलाई एकीकरण गर्न वैशाख २ गते जुडशितलका दिन पहल तथा छलफल गरेका थियौं फलस्वरूप मधेशका ६ दल एकीकरण भई राष्ट्रिय जनता पार्टी नेपाल गठन भयो । यसका लागि मधेशी जातीय समन्वय समाजलाई धन्यवाद दिन चाहन्छौं ।

तराई मधेशमा समय समयमा शीर्ष दलका मधेशी तथा गैरमधेशी (पहाडी) शीर्ष नेताहरूलाई जिताइयो र यी दलहरूबाट प्रधानमन्त्री पनि भए तर मधेशले के पाए ? मधेश आन्दोलनको उपलब्धि नै संघीयता हो र २०६४ को संविधान सभामा मधेशको उल्लेखनीय प्रतिनिधित्वले गर्दा विभिन्न निकायमा समावेशी सिट पाउनथाल्यो । २०१२ सालकै मुलुकी ऐनअनुसार नेपालमा मधेश प्रदेश थियो भने अहिले आपत्ति किन ? पहिलो संविधान सभाको अन्ततिर राज्य पुनर्संरचना आयोगले दिएको सुझाव अनुरूप समग्र मधेश दुई प्रदेशमा राख्न करिव करिव यी शीर्ष दलहरू सहमति पनि भएका थिए । दोश्रो संविधान सभामा मधेशी दलहरूको संसदमा प्रतिनिधित्व कम भएकोले शीर्ष दलका नेताहरूले बदनियतपूर्वक विनाआधार २ नं. प्रदेशमा सबभन्दा बढी जनसंख्या भएको क्षेत्रलाई सबभन्दा कम प्राकृतिक श्रोत हुने गरी सीमा निर्धारण गरे । मधेशीको भोट लिने तर उसको पक्षमा आवाज नउठाउने नेता तथा दललाई तराई मधेशका जनताले किन भोट दिने ?

**संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टी नेपाललाई यसकारण भोट दिने ::**

१. शोसित र शासक पक्षबीचको द्वन्द्वलाई सामाधान गर्न, तराई-मधेशको राजनीतिक, सामाजिक, आर्थिक, वातावरणीय र सांस्कृतिक पहिचान तथा समृद्धिको लागि अन्दोलन, संघर्ष तथा आवाज उठाइरहेको छ र पछिसम्म मधेशी प्रतिनिधिले मधेशीको अधिकारबारे आवाज उठाइरहने छ ।

२. गत श्रावणमा तराई मधेशमा बाढीबाट धेरै जनधनको क्षति भयो तर बाढीपीडितले सरकारबाट क्षतिपूर्ति पाएन । तराईमा बाढीका लागि प्राविधिकरण गठन गरी दीर्घकालीन कार्यक्रम ल्याउन ।

३. तराईमा रहेको देशको सबभन्दा जेठो हुलाकी राजमार्ग हालसम्म सरकारको प्राथमिकतामा नपरि अलपत्र रहेकोले निर्माणमा द्रुतगति ल्याउन र वर्तमान रेल्वे एलाइनमेन्ट जिल्ला सदरमुकाम छुने गरी तथा वनजंगलको दक्षिणबाट लग्न पहल गर्न ।

४. सरकारलाई तराईबाट करिव ८५ प्रतिशत राजश्व उठे तापनि ५१ प्रतिशत जनता बस्ने तराईमा विकासका लागि करिव १५ प्रतिशत मात्र बजेट छुट्याउने परिपाटिको अन्त्य गरि तराई विकासको लागि समानुपातिक वार्षिक बजेट वितरणको पक्षमा जोडदार पहल गर्न ।

५. हिमाल र पहाडमा प्राकृतिक श्रोतबाट सोझै स्थानीय जनतालाई आयआर्जन हुने भएकोले तराईको भन्सारबाट उठ्ने राजश्वको अधिकाँश हिसा स्थानीय प्रदेशमा रहने व्यवस्थातर्फ जोड दिन ।

६. हालसम्म सरकारी सेवामा मधेशी ( थारू, मुश्लिम सहित) को स्थान मात्र ११.५ प्रतिशत रहेकोले राज्यको विभिन्न निकायहरू (व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका) मा समानुपातिक समावेशी गराउन ।

७. नेपालको संविधान २०७२, नियम कानुनमा प्राकृतिक साधनश्रोतको संरक्षण र उपभोगमा स्थानीय जनतालाई प्राथमिकता तथा अग्राधिकार दिने भन्ने उल्लेख भएकोले वन, जल र अन्य प्राकृतिक श्रोतको उपभोग गर्नबाट तराई मधेशका ९० प्रतिशत जनता बन्चित भएका छन् । त्यसैले संविधान, नीति नियममा वनलगायत प्राकृतिक श्रोत सम्पदाको उपभोगबारे बर्तमान असमानतालाई हटाइ तराई-मधेशका परम्परागत उपभोक्ताको वन उपभोग गर्ने अधिकारको सुनिश्चितता गर्न र साझेदारी वनलाई प्रवर्द्धन गर्न ।

८. तराई मधेशको कृषकको प्रमूख समस्या सिचाई, उन्नत, गुणास्तीय बीउ, मलबजार, र उत्पादनको उचित मूल्यको पाउनु हो । यसका लागि आश्यक नीति बनाई प्रदेशको प्रकृति र क्षमता अनुसार सिचाइ, मलबीउको साथै भौतिक पूर्वाधार, आदिमा पहिलो प्राथमिकता दिन ।

९.सरकारी, गैरसरकारी तथा नीजि किसिमको नाफामूलक कृषिलाई व्यवसायिकरण, रोजगारी सृजना गर्ने, नगदे बाली, बढी आम्दानी हुने खालको प्रविधि अनुसन्धान, विकास, र विस्तार गर्न

१०.तराई मधेशमा जलबायू परिवर्तनका असर कम गर्न वातावरण तथा जैविक विविधता संरक्षण र मरूभूमीकरणबाट जोगाउनका लागि तालतलैया, पोखरी र चुरेको फेदमा जलाशय निर्माण गरि सिचाई र पर्या पर्यटन विकास समेत गर्ने व्यवस्था मिलाउन ।

११. तराई मधेशमा बाढी नियन्त्रण तथा विपद् प्रकोप कम गर्न चुरे संरक्षणको साथै तल्लो तटीय क्षेत्रमा हरित वेल्ट सहित तटबन्धको निर्माण गरि नदि उकास जग्गामा वृक्षारोपण र बगर खेती संचालन गर्न, गराउन ।

१२. मधेशको पहिचान तथा भूगोललाई बिर्सेर पुर्वाग्रही रूपले बनाएका राज्य पुनर्संरचनाअन्तर्गत ७ प्रदेशको खाकालाई विचार गर्दा २ नं. प्रदेशको क्षेत्रफल सबभन्दा सानो, कम प्राकृतिक श्रोत र सबभन्दा बढी जनसंख्या भएकोले श्रोत सामर्थ्य बढाउन २ नं. प्रदेशको सिमाना चुरे सहित हुनु पर्नेमा जोडदार पहल गर्न ।

१३. तराई मधेशको सिमाना, भू क्षेत्र संरक्षण तथा अतिक्रमण हुन नदिन भूउपयोग नीतिअनुसार र अनियमित वसोवास हटाउन र तराई मधेशको सुकुम्वासीलाई व्यवस्थित गर्न ।

१४.तराई मधेशमा शिक्षा, स्वास्थ्य, पूर्वाधारको गुणस्तर सुधार्न पहलको साथै तराई मधेशका कलासंस्कृति जोगाउने खालका कार्यक्रम संचालन गर्न ।

१५. अब बन्ने नीति, ऐन कानून, नियममा मधेशी, थारू, जनजाति, दलित, मुस्लिमको समानूपातिक प्रतिनिधित्व तथा तराई मधेशका मर्म अनुसार बनाउन ।

१६. देशमा आउने विभिन्न दातृ निकायको कार्यक्रम, आयोजना, परियोजनाको न्यायोचित वितरण तराई मधेशका भूमिमा संचालन गर्न ।

१७. तराई मधेशका महिला, बालबालिका, युवा, कृषक, व्यापारी, उद्योगी, शिक्षक, कर्मचारी, मजदूर, ज्येष्ठ नागरिक मैत्री विभिन्न कार्यक्रमको योजना निर्माण, संचालन तथा व्यवस्थापन गर्न ।

१८. तराई मधेशमा समृद्धिका लागि रोजगारी, उद्योग संचालन, र प्रशासन तथा विकास निर्माणमा सुशासन, शिक्षण अस्पताल, अन्तर्राष्ट्रिय विमानस्थल निर्माण र पर्यटन विकास गर्न ।

अत: यहाँहरूसंग तराई मधेशको जागरूक नागरिकको तर्फबाट विनम्र अनुरोध छ कि भावी पुस्ता, आफ्नो मातृभूमिका स्वाभिमान, पहिचान, अधिकार, विकास र सम्मानका लागि अबको मत संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टी नेपाललाई प्रदेशसभा र प्रतिनिधि सभामा प्रत्यक्ष र समानुपातिक प्रतिनिधित्व गर्न मधेशी अनुहार हैन कि मधेशकेन्द्रित उम्मेदवारलाई भारी बहुमतले विजयी बनाऔ । नीति निर्माण तहमा मधेशीको पहुँच भएमा मात्र यो संभव छ ।

**तराई मधेश वुद्धिजीवि समाज, नेपाल**

## मधेशको...

सिंह यादव, लालु यादव र नितीस कुमारहरूको लामो सतारोहण सफल कथाको रूपमा मधेशमा बढी नै छाप छोडेको सत्य हो । मधेशमा यस खेललाई काँग्रेस-एमालेले पनि बेला मौकामा हौस्याएकै हुन् । राष्ट्रपतिको पहिलो निर्वाचनमा डा.रामवरण यादवलाई सघाउन काँग्रेस-एमालेका नेताहरूले उपेन्द्र यादवलाई सीमावर्ती भारतीय प्रदेशका बलिया नेताहरू मुलायम सिंह यादव र लालु यादवबाट फोन गराएको कुरालाई बिर्सन सकिदैन । यस खेलका अनुभवीमा गजेन्द्र नारायण सिंहलाई पनि बिर्सन सकिदैन । मधेशी राजनीतिमा गजेन्द्रबाबुले अधिकारका मुद्दाहरू पस्के पनि जातीय राजनीतिलाई यथेष्ठ बढावा दिनुभयो, फलत: उहाँ स्वयंले आफ्नो जीवनकालमै मधेशको राजनीतिमा घोर अवसरवादिता र मुद्दाहीनताबाट स्वंय प्रताडित हुनु पर्‍यो ।

यो सत्य हो कि, दक्षिण एशियाली समकालीन राजनीतिमा प्रतिनिधित्वलाई निश्चित गर्नका लागि जातिवाद विभिन्न समाज र त्यहाँका पार्टीहरूका लागि लाभकारी सूत्र सावित भएकै हो । यसको प्रयोग गरेर विचारमा आधारित कैयन पुराना पार्टीहरू चिरन्तर शासन गर्नका लागि नवअवतार लिएको देखिन्छ । तर, तत् तत् मुलुकहरूको यदि गहिरिएर अध्ययन गर्‍यौं भने देखिन्छ कि आमूल परिवर्तनका लागि दशकौंसम्म लडेका पार्टीहरू अन्तत: सत्ताको नालायक नमूना बनेर समाप्त भएका छन् । नेपालका सन्दर्भमा माओवादी र मधेशी दलहरू यसैका उदाहरण हुन पुगेका छन् ।

जातिवादबाट पीडित समाज, त्यस समाज भन्दा पनि तल्लो स्तरको हुन्छ, जहाँ परम्परागत दासत्वको प्रचलन हुन्छ । एक अर्थमा त्यो समाज रंगभेद भन्दा पनि निम्नस्तरीय हुन्छ । यौटा यस्तो समाज, जसले मानसिक रूपमा नै स्वीकार गरेको हुन्छ कि जातीय आधारमा उसको प्रतिनिधि छान्ने पद्धतिलाई परिवर्तनका लागि खडा भएको क्रान्तिकारी राजनीतिक पार्टीहरूबाट समेत मान्यता प्राप्त छ । त्यो समाज जातीय दासत्वबाट कहिले मुक्त हुन सक्छ र ? मानौं, यदि समग्र समाजले यस मान्यतालाई स्वीकार गरेको होस् कि उसले भोगीरहेको विभेद राजनीति र राज्य प्रदत्त भन्दा पनि त्यस समाजमा कायम रहेको जातीय बहुसंख्यकहरूको बर्चस्वबाट अनुमोदित छ । यस समाजसँग हामी कसरी लड्न सक्छौ ? वा यसरी भ्रष्टीकरणमा पारिएको समग्र समाज विभेदकारी राज्यसँग कसरी लड्न सक्छ ? हिन्दू समाजको शताब्दीऔं देखिको अवनीतिको एक महत्वपूर्ण सत्य कारण यो नै हो कि, हिन्दू समाजले मान्दै आएको छ कि उसले शुद्र तथा दलितहरू उपर गर्ने विभेदलाई अकाट्य धर्मग्रन्थहरूको मान्यता प्राप्त छ । धर्मबाट निस्सृत अन्यायको पदाक्रमलाई हिन्दूहरूले शास्त्रसम्मत भन्दै उसको जोडदार पक्षपोषण गरिआएको छ । जुन मनुविधीबाट हिन्दू समाज चलिरहेको छ, यसलाई प्रगतिशील भनाउँदाहरूले निरन्तरता दिदै छन् र दार्शनिक भावमा समाजका अगाडी शुद्र तथा दलितहरूलाई समानताको धारलाई बलियो पार्न व्याख्यान दिन्छन् कि कसरी समाज परिवर्तित हुन्छ र ? तपाई कसरी लड्न सक्नु हुन्छ ?

यस तथ्यमा कसैको पनि द्विमत हुन सक्दैन कि, कुनै पनि परिवर्तनकारी पक्षको अन्तरनिहीत शक्ति उसको जनादेशको भावनामा लुकेको हुन्छ । यदि जनादेशको संरचना जातीय प्रतिनिधित्व प्रकारको छ भने जातीय हीतको सम्वर्द्धन नै त्यस पक्षको मूलभूत ध्येय हुनेछ । डर यस कुराको छ कि यस चुनावको जनादेशमा हिड्ने मधेश त्यही भावनाको पक्ष पोषण गर्नेछ, न कि आन्दोलनको मर्मको । समयले यस सत्यलाई पछुतोका साथ स्वीकार्न हामीलाई बाध्य पार्नेछ ।

## संक्षिप्त समाचार

### “वामले समावेशितालाई समाप्त पार्न खोज्दै”

रूपन्देही । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले वाम गठबन्धनले समावेशी र समानुपातिक समावेशिताको सिद्धान्तलाई समाप्त पार्न खोजेको आरोप लगाएका छन् । चुनावी अभियानका क्रममा मंगलबार रूपन्देही क्षेत्र नम्बर ५ को सालझण्डीमा आयोजित सभामा उनले यो चुनावमा नेपाली कांग्रेसले दुई तिहाई बहुमत ल्याउने र वाम गठबन्धनको सपना ध्वस्त हुने बताए ।

### “संशोधन गरी सबैको स्वीकार्यता बनाइने”

विराटनगर । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालाले संविधानलाई संशोधन गरेर सबैको स्वीकार्यता बढाउने बताएका छन् । उनले मंसिर २१ गते हुने प्रतिनिधि र प्रदेशसभाको निर्वाचनपछि संविधान संशोधन गरी सबैको स्वीकार्य बनाइने बताए । काँग्रेसबाट मोरङ क्षेत्र नं ६ मा प्रतिनिधिसभा सदस्य उम्मेदवारसमेत रहेका डा कोइरालाले छुट्टाछुट्टै वडामा बुधबार आयोजित कोणसभामा सबै जाति र समुदायको पहिचान, पहुँच र प्रतिनिधित्व कायम गर्न काँग्रेसको नेतृत्व आवश्यक छ भने ।

### सञ्चारकर्मीहरू सम्मानित

कपिलवस्तु । संघीय समाजवादी फोरम नेपालको जनसभा कार्यक्रममा सञ्चारकर्मीहरू सम्मानित भएका छन् । बहादुरगन्जमा आयोजित जनसभामा ईन्डो नेपाल सामाजिक मञ्च कपिलवस्तुले सात जना पत्रकारहरूलाई सम्मान गरेको हो । बनारसी बर्मा, मो. इमरान खान, रामेश मिश्रा, मनोज कुमार श्रीवास्तव, मनोज पौडेल, सगिर खाकसरलाई मायाको चिनो, प्रमाण पत्र तथा दोसल्लाले सम्मान गरिएको छ । ईन्डो नेपाल सामाजिक मञ्चका अध्यक्ष अकरम अब्दुल रहेमान खान संघीय समाजवादी फोरम नेपालको प्रदेश नं. ५ का समानुपातिक उम्मेदवार पनि छन् ।

### जिसस सप्तरीमा राजपा विजयी

राजविराज । जिल्ला समन्वय समिति सप्तरीको प्रमुखमा राष्ट्रिय जनता पार्टी नेपाल विजयी भएको छ । समितिको सम्पन्न निर्वाचनमा राजपाका प्रभाकर यादव प्रमुखमा विजयी भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । उनले २० मत प्राप्त गरे भने उनका प्रतिद्वन्द्वी नेपाली काँग्रेस र नेकपा (एमाले) गठबन्धनका भुपेन्द्र यादवले १६ मत प्राप्त गरे । यस्तै, समितिका उपप्रमुखमा संघीय समाजवादी फोरमका थानेश्वर यादवले २० मत प्राप्त गरी विजयी भएका छन् । उनका निकटतम् प्रतिद्वन्द्वी एमालेका सञ्जयकुमार पासवानले १६ मत प्राप्त गरे ।

### सीमा समन्वय बैठक

धनगढी । आसन्न निर्वाचनलाई लक्षित गरी नेपाल-भारत सीमावर्ती जिल्लाका स्थानीय सुरक्षा प्रमुखको जिल्लास्तरीय सीमा समन्वय बैठक भारतको लखिमपुर खिरी जिल्लाको पलियामा सम्पन्न भएको छ । नेपालमा दोस्रो चरणमा यही मंसिर २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको सुरक्षामा केन्द्रित सो बैठकमा निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउन निर्वाचन हुनु अगाडि ७२ घन्टा कैलाली र कञ्चनपुर जिल्लासँग जोडिएको सीमा बन्द गर्ने समझदारी भएको बैठकमा सहभागी कैलालीका प्रजिअ गोविन्दप्रसाद रिजालले जानकारी दिए ।

### सयौं कार्यकर्ता कांग्रेसमा प्रवेश

राकेश यादव, रौतहट । रौतहट जिल्लाको राजदेवी नगरपालिका वार्ड नंबर ७ मूडवालबामा नेपाली कांग्रेसको घरदैलो तथा पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ । प्रतिनिधि सभाका उम्मेदवार कृष्णा प्रसाद यादवको प्रमुख आतिथ्य तथा प्रदेश सभा सदस्य उमेदवार नागेन्द्र साहको विशेष उपस्थतिमा भएको कार्यक्रममा संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपालका सयौं कार्यकर्ताहरू पार्टी परित्याग गरी कांग्रेसमा प्रवेश गरेका छन् । फोरमका पूर्व गाउँ इकाई कमिटी अध्यक्ष कृष्णनन्दन प्रसाद यादव, सक्रीय कार्यकर्ता धर्मेन्द्र प्रसाद यादव, रामबसिष्ठ राय यादव, बैजू साह कलवार, मुंगलाल महतो, विकास जैसवाल, भोली महतो, बासो महतोसहित १ सय ५० जना कार्यकर्ताहरू कांग्रेसमा प्रवेश गरेका हुन् ।

### ट्याक्टरको ठक्करबाट बालकको मृत्यु

कपिलवस्तु । शिवराज नगरपालिका-८ विसनपुरस्थित भित्री सडकमा लु.३ त २७४० नम्बरको ट्याक्टरले शुक्रबार ठक्कर दिँदा साईकलयात्री सोही नगरपालिका-६ मजगवा बस्ने ९ वर्षीय असर्फी तेलीको घटनास्थलमै मृत्यु भएको छ । उक्त ट्याक्टर प्रहरीले नियन्त्रणमा लिएको छ भने चालक फरार रहेकोले खोजी कार्य भइरहेको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

### करेन्ट लागेर युवकको मृत्यु

धनुषा । गणेशमान चारनाथ नगरपालिका-५ सखुवनी बस्ने २८ वर्षीय गंगाबहादुर खप्तडीको करेन्ट लागेर शुक्रबार मृत्यु भएको छ । आफ्नै घरमा बिजुलीको बल्ब फेर्ने क्रममा अचानक करेन्ट लागेर गम्भीर घाइते भएका खप्तडीको उपचारको लागि जनकपुर अंञ्चल अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि तथा खाद्य सुरक्षा आयोजना

कृषि तथा खाद्य सुरक्षा आयोजना वहुदाताहरूको सहयोगमा स्थापित **Global Agriculture and Food Security Program (GAFSP)** को अनुदान सहयोगमा नेपाल सरकार, कृषि विकास मन्त्रालय मार्फत मुख्य रूपमा कार्यान्वयनमा रहेको छ । पाँच बर्षे यो आयोजना आ.ब. ०७०।७१ देखि जिल्लास्तर (जुम्ला, डोल्पा, हुम्ला, कालिकोट, मुगु, रूकुम, रोल्पा, प्यूठान, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, बझागं, बाजुरा, बैतडी, डडेलधुरा, डोटी, दार्चुला, अछाम) मा कार्यान्वयन भइरहेको र आयोजनाको सुपरिवेक्षण बिश्व बैंकले गर्दै आएको छ । कृषि तथा पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वढाई खाद्यान्न तथा पौष्टिक खाद्य पदार्थको उपलब्धता र पहुँच बढाउनुका साथै खाद्य पोषण सम्बन्धि आनिवानिमा परिवर्तन ल्याई लक्षित वर्गको समग्र खाद्य तथा पोषण अवस्थामा सुधार ल्याउने उद्धेश्य आयोजनाको रहेको छ । यस आयोजनाले घरायसी स्तरमा खाद्यान्न र पशुजन्य उत्पादनको बृद्धी र पोषण बगैंचा स्थापना गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउनको साथै साना अनुदान कार्यक्रम मार्फत स्थानीय सम्भाब्यत्ताका आधारमा तरकारी खेती, ग्रामिण कुखुरापालन, बाख्रापालन, दुग्ध उत्पादन, कृषि यान्त्रिकरण, घरभित्रको वातावरण सुधार तथा पोषण सुधारको लागि सुधारिएको चुलो, पानी घट्ट स्थापना, खाद्य प्रशोधन तथा मिल स्थापना जस्ता कार्यक्रममा पनि समुह सहकारी मार्फत सहयोग गर्दै आएको छ । समग्रमा आयोजनाले एक लाख ६२ हजार घर धुरीमा सेवा प्रदान गरी खाद्यपोषण सुरक्षामा टेवा पुर्‍याउने लक्ष राखेको छ ।

आयोजना सम्बन्धि बिस्तृत जानकारीको लागि सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरू, जिल्ला पशु सेवा कार्यालयहरू र जिल्ला जनस्वास्थ्य कार्यालयहरू, सो क्षेत्रका क्षेत्रिय निर्देशनालयहरू (कृषि, पशु सेवा) तथा आयोजना व्यवस्थापन कार्यालयमा सम्पर्क गरी जानकारी लिन हुन अनुरोध छ ।

**आयोजना व्यवस्थापन कार्यालय, गैरीधारा, काठमाडौं**
फोन नं. : ९७७-१-४००४०७५/७६
फ्याक्स नं. : ९७७-१-४००४०७८
website: www.afsp.gov.np

क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू**

● भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार संस्कृतिको विकास गरौं ।

● घुस लिने र दिने दुवै उत्तिकै दोषी हुन् ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व परिवेश

## पाकिस्तानी संगमरमर उद्योग खस्कँदो अवस्थामा

एशियाई क्षेत्रमा ताजमहलको गृह भारत भएपनि, अरू सबै देशभन्दा पाकिस्तानसँग बढी संगमरमर हुँदा-हुँदै चीन-पाकिस्तान इकोनोमिक करिडोर योजनामा पाकिस्तानको संलग्नताले गर्दा अन्य थुप्रै उद्योगहरू जस्तै पाकिस्तानी संगमरमर उद्योग र व्यापारको भविष्यलाई चीनले ध्वस्त प्रायः गरि दिएको छ। सि.पि.इ.सी योजनाले पाकिस्तानी संगमरमरलाई गोदामहरूमा संचय गरेर राख्न योग्य बनाईदिए पनि त्यसलाई अतिरिक्त मुल्यमा प्रशोधन गरेपछि स्थानीय स्तरमा बेच्नुका साथै पाकिस्तानी निर्यातकर्ताहरूसँग प्रतिस्पर्धा गर्दै निर्यात समेत गदै आएको छ ? वर्षौं अघिदेखि चीनले पाकिस्तानी संगमरमरलाई अप्रशोधित सहुलियत अवस्थामा किन्दै आएको थियो जसलाई सि.पि.इ.सी योजना त्यहाँ संचालन गर्न थालेपछि उसले आयात गर्नु परेको छैन तर पाकिस्तानी व्यापारीहरूको तुलनामा प्रतिस्पर्धात्मक रूपमा अब निर्यात गर्न थालेको छ। 'डान' पत्रिकामा प्रकाशित एक लेख अनुसार धनी पाकिस्तानीहरूले संगमरमर आफ्ना घर सजाउनका निमित्त चीन गएर पाकिस्तानमै उत्पादित संगमरमर त्यहाँबाट आयात गरी ल्याउने गरेका छन्। जसले गर्दा चीनले पाकिस्तानको संगमरमर (मार्बल) उद्योगहरू जीवित राख्ने तथा नष्ट पार्ने विरोधात्मक स्थितिको आभास समेत गराउँदै आएको छ। त्यसले गर्दा संगमरमरको खानीलाई संचालन गरी त्यसको व्यापार गरी आफ्ना उत्पादनहरू चिनियाँहरूलाई बेचनका निमित्त पाकिस्तानीहरू आपसमै प्रतिस्पर्धा गर्ने अवस्थामा पुगि सकेका छन्। पाकिस्तान व्यापार-विकास प्राधिकरणको अनुमान



अनुसार त्यहाँ संगमरमर र अर्को त्यस्तै रत्नको भण्डारण र संचय क्षमता ३०० बिलियन टनभन्दा बढी रहेको छ भने ग्रेनाईटको भण्डारण र संचय १००० बिलियन टन रहेको भए पनि पाकिस्तानका अन्य संसाधनहरूका दाँजोमा त्यसलाई विफल तुल्याउने कार्य हुँदै आएपनि सरकारले त्युस क्षेत्रलाई राम्ररी संचालन गर्ने तर्फ कुनै प्रयास गरेको छैन। पाकिस्तानीहरू सरकारी बेवास्ता सम्बन्धमा प्रतिक्रिया व्यक्त गर्दै सि.पि.ई.सी योजनाको संचालनले गर्दा पाकिस्तानको संगमरमर उद्योग र व्यापार धराशायी अवस्थामा पुगिसकेको आरोप समेत लगाएका छन्। यदि संगमरमर उद्योग संचालन गर्न जरूरी छ भने त्यसलाई सि.पि.इ.सी.को कागजी योजनाले तुँवालोले जस्तै ढाकि दिएको छ। एस.एम.बी. संगमरमर निर्यातकर्ता कम्पनीका मालिक तारीक अनीसले झण्डैले ७५% कच्चा पदार्थहरू चीन जाने गरेको दाबी गरेका छन्। तारीकले सरकारसँग माग गरेका छन् कि- 'सरकारले चिनियाँहरूलाई आफ्नो व्यापार व्यवसाय मात्र संचालन गर्न बाध्य गर्नुपर्छ तब मात्र पाकिस्तानी साझेदारी रहेको खण्डमा हामी विकास गर्न सक्छौं।'

तर पाकिस्तनी संगमरमर कम्पनीहरूले खुदाईको क्रममा ब्लस्ट गर्ने पुरानो प्रविधि प्रयोग गर्ने गरेकाले धेरै नोक्सान हुने गरेको जबकी चिनले नयाँ प्रविधिको प्रयोग गरेर त्यस्तो र त्यत्रो नोक्सान गर्ने गरेको छैन। यसका साथै चीनसँग प्रशस्त पैसा रहेको छ र पाकिस्तानका बैंकहरूले त्यस्तो कार्यका लागि अनुकुल प्रावधान राखेका छैनन् जसले गर्दा ठूला संगमरमर कम्पनीहरूले मात्र बैंकबाट उच्च दरमा रकम पाउने गरेका कारण खुदाई कार्य, व्यापार वा निर्यात गर्ने क्रममा तिनीहरूलाई अप्रतिस्पर्धी बनाई दिने गरेको छ।

स्टेट बैंक अफ पाकिस्तानले संगमरमर र संगमरमरको उत्पादन सम्बन्धी एक अनुसन्धान प्रतिवेदनमा यस्तो उल्लेख गरेको छ - "चीन पाकिस्तानबाट संगमरमरको सबभन्दा ठूलो आयातकर्ता रहेको छ त्यसमा पनि उसले अर्द्ध प्रशोधित संगमरमर आयात गरेपनि त्यसैलाई प्रशोधित गरेपछि मूल्य थपेर पुनः पाकिस्तानमा नै निर्यात गरेपछि त्यसले पाकिस्तानको संगमरमर उद्योगलाई धेरै हदसम्म क्षति पुऱ्याउने गरेको छ।" पाकिस्तानीहरूको दावा छ कि तिनीहरूको संगमरमर इटलीको प्रख्यात संगमरमर जस्तै भएपनि चीनले त्यसबाट धेरै फाईदा र नाफा लिने गरेको छ। चीनले कति पाकिस्तानी संगमरमर बेच्ने गरेको छ त्यसको निश्चित संख्या वा परिणाम यकिन गर्न गाह्रो छ तर पनि चीनमा जति उपयोग गर्ने गरिएको छ त्यसभन्दा निश्चित रूपमा कम छैन। चीनमा निर्यात गरिने संगमरमरको कच्चा पदार्थको सबभन्दा नराम्रो प्रभाव वा असर यो छ कि त्यसले स्थानीय उद्योगलाई विकसित हुने क्षमतालाई अवरोधित पार्दै आएको छ। पाकिस्तानी संगमरमरकालागि निश्चित रूपमा नराम्रो ढंगले कुचक्र संचालित भै सकेको छ जसलाई पूरा गर्ने कार्य चीनले सि.पि.इ.सी योजना मार्फत अर्थव्यवस्थालाई औपनिवेशीकरण गरेर सम्पन्न गर्नेछ। –एजेन्सी

## जाधव सम्बन्धमा पाकिस्तानको दुर्नियत

**-अल्लाबक्श**

कुलभूषण जाधवलाई पाकिस्तानले खुफियगिरीको आरोपमा मृततुल्य बनाई दिएको बारे उनकी श्रीमतीले भेट्न पाकिस्तानसँग चाहना व्यक्त गरे पनि भारतको निरन्तरको प्रयास पश्चात् पनि पाकिस्तानले त्यो सहूलियत प्रदान नगरेकोबाट कुलभूषणको माता-पिता समेत आशावादी रहेका छैनन्। पाकिस्तानले जाधव विरूद्ध लगाएका आरोपहरूको सच्चाई र विश्वसनीयता निष्पक्ष अदालत समक्ष मात्र उनको अभिव्यक्तिबाट छर्लङ्ग हुन आउनेछ र त्यसले गर्दा पाकिस्तानको पोल खुल्ने डरले पाकिस्तानीले भारतको प्रस्तावलाई बेवास्ता गर्दै कुलभूषणको पत्नीलाई अझसम्म भेट्न दिएको छैन, पाकिस्तानले उनलाई कसरी र कहाँ फेला पारेको बारे आश्वश्त हुने प्रकारले केही उल्लेख वा सार्वजनिक गर्ने काम गरेको छैन। पाकिस्तानले एकतर्फी रूपमा उनीमाथि आरोप लगाउँदै उनलाई इरानबाट अपहरण गरेको सतही र ज्यादै परिस्थितिजन्य सबूतको मात्र उल्लेख गरेको छ। सबैले यसमा आश्वश्त हुनु पर्यो कि पाकिस्तान जाधवविरूद्ध हरेक प्रकारको गलत प्रक्रियाहरूको उपयोग मात्र आफ्नो तथ्यरहित भनाईलाई पुष्टि गर्ने उद्देश्यले गर्नेछ। पाकिस्तानको भनाईबाट यो शंकास्पद संकेत हुन आएको छ कि उनी जीवित रहेका छन् र उनलाई कुनै गुप्त स्थानमा राखिएको छ। सहि अर्थमा भन्ने हो भने यसलाई छूटको अर्थमा लिन सकिन्न ? पाकिस्तानीहरूले जाधवसँग उसको श्रीमतीलाई भेट्न दिने स्वीकृती दिएर भारतको प्रयासलाई पाकिस्तान मोजर नदिएको सम्बन्धमा प्रचारित नकारात्मक गलत समाचारहरूलाई खण्डन गर्ने प्रयास गरेको छ। यस्तो अन्दाज गर्न सकिन्छ कि एक पटक भेट भयो भने पाकिस्तानले त्यसको अत्यधिक प्रचार-प्रसार गर्नेछ भन्ने कुरा मान्न सकिन्छ। सामान्य भावले यस्तो संकेत गर्छ कि जाधवलाई कसैसँग एक्लै भेट्न दिने स्वीकृति दिने छैन। जहिले पनि जुन स्थलमा जाधवलाई उनको श्रीमतीलाई भेट्न दिईनेछ, त्यस बखतको दृश्यमा समेत जाधवलाई आफ्नो श्रीमतीलाई विस्तारसँग कुरा गर्न दिईने कुरो गाह्रो नै रहेको छ किनकि त्यहाँ पाकिस्तानी गुप्तचरहरू उपस्थित रहने नै छन् र जसले गर्दा पाकिस्तानको कुकृत्यको पर्दाफाश नहोला भन्ने प्रकारले नै व्यवस्थापन गरिनेछ। यो पनि सम्भव छ कि उनलाई समातेर लगेपछि छाडिएको भन्ने प्रकारको स्वीकारोक्ति वक्तव्य दिन समेत दबाब दिईनेछ।

यो विशेष उल्लेखनीय छ कि जब पाकिस्तानले जाधवकी पत्नीलाई पाकिस्तानमा उनीसँग भेट गर्ने स्वीकृति दिईएको घोषण गर्छ तब विदेशमा रहेका उच्चाधिकारी र सैनिक कार्यालयहरूको यो बयान दिन थाल्नेछ कि पाकिस्तानको सबैभन्दा ठूलो आतंकवादी संगठनको प्रमुख विदेशी गुप्तचर निकायहरू को चुनौती भित्र पर्नेछ। हुन त त्यसको नाम उल्लेख नगरिए पनि यो अनुमान गर्न सजिलो छ कि त्यो हफिज सईद नै हो। हफिज सईदको लश्कर-ए-तैयबा र उसको वर्तमान जमात-उद-दावा (जद) अवतार अन्तराष्ट्रिय घोषित आतंकवादी र उसको नवगठित राजनीतिक दल मूलधारामा समाविष्ट भै सकेको छ। २००८ को नोभेम्बर २६ का दिन मुम्बईमाथि गरिएको आक्रमणहरूका मुख्य संचालक हफिज सईद र उसको संगठनका सदस्य र कार्यकर्ताहरू स्वतन्त्र रूपले विचरण गर्दै आएको सम्बन्धमा संचारमाध्यमहरूले आफ्ना प्रतिवेदनहरू मार्फत सार्वजनिक गरी सकेको छ। त्यस रहस्यमय दृश्यले पाकिस्तान आफ्नै देशको तालिवानीकरण गर्ने तर्फ बढ्न थालेको प्रदर्शित गर्दछ। जाधवको सम्बन्धमा प्रदर्शित र अभिव्यक्त पाकिस्तानी दृष्टिकोण अल्पकालीन दृष्टिकोण जस्तो नरहने बारे सामान्य रूपमा आँकलन गर्न सकिन्छ। यसबाट पनि आश्वश्त हुन सकिन्न कि पाकिस्तान इतिहासको खाल्डोबाट माथि उठेर 'हेट इण्डिया' (भारतलाई हेला गर्ने) र 'ब्लीड इण्डिया' (भारतमा रक्तपात रूचाउने) लाई परित्याग गर्न इच्छुक रहेको अपेक्षा गर्न सकिन्न ? – एजेन्सी

# पत्रपत्रिकाबाट...

## लोकतन्त्रमा वाम गठबन्धन

नेपालको २०४६ सालको जनआन्दोलनको नेतृत्व पंक्तिमा रहेका नेपालका राजनीतिक शीर्ष र अग्रणी दलहरू – नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र लगायतका अन्य सहयोगी दलहरूका शीर्ष नेता भनाउँदाहरूको आजसम्मको क्रियाकलाप र गतिविधिहरू हेर्दा तिनीहरूको एकमात्र उद्देश्य सत्तालिप्सा, सत्ता सुखभोग र आ-आफ्नो तथा दलीय स्वार्थ साधन एवं निहित स्वार्थपूर्ति मात्र रहेको थियो र त्यसै क्रममा लोकतान्त्रिक गणतन्त्रको पुनर्वहाली भएको साढे दुई दशक पश्चात् पनि तिनीहरू निरन्तर रूपमा संलग्न रहँदै आएका छन् भने आ-आफ्नो निहित स्वार्थ पूर्ति गर्न निमित्त जे-जस्ता अवाञ्छनीय काम-कारवाहि गर्नु परे पनि त्यसलाई अन्जाम दिनबाट पछि परेका छैनन्, जसको प्रत्यक्ष उदाहरण रूपमा सत्ताबाट हटे पछि माओवादी केन्द्रले प्रतिपक्षी नेकपा एमाले लगायतका अन्य कम्युनिष्ट विचारधाराका राजनीतिक भनिने दलहरूसँग साँठ-गाँठ गरेर हालै जुन बाम गठबन्धनको निर्माण गरेको अविवेकपूर्ण अलोकतान्त्रिक संयन्त्रलाई लिन सकिन्छ। पूर्वका एकतन्त्रीय भनिने शासन प्रणालीलाई फाल्न निमित्त लोकतान्त्रिक गणतन्त्र बहालीको नारा घन्काएर सर्वसाधरण नेपाली जनतालाई होमिन लगाएका तीन वटै माथि उल्लेख भएका अग्रणी र शीर्ष राजनीतिक दलका शीर्ष नेता भनाउँदाहरू सत्तासीन रहेर पालै-पालो देश र नेपाली जनताको साढे दुई वर्षसम्म निर्बाध रूपमा घोर शोषण गरी सके पश्चात् सत्ताबाट हटे पश्चात् सत्ता लोलुपता र आफ्नो स्वार्थ साधनका लागि अब माउसुली जस्तो व्यवहार गर्न थालेका छन्। कांग्रेस र माओवादी केन्द्र सत्तासीन रहेको बखत नेकपा एमाले प्रतिपक्ष रहेको बखत माओवादी केन्द्र लगायतका दलहरू प्रतिपक्षमा रहेका थिए। सत्तासीन कांग्रेसबाट माओवादी केन्द्र बाहिरिएपछि नेकपा एमालेले त्यस दलका शीर्ष नेतासँग साँठ-गाँठ गरेर प्रतिपक्षी एमालेले बाम गठबन्धन जस्तो जुन घोर अलोकतान्त्रिक र राष्ट्र तथा जनविरोधी चरित्र प्रदर्शन गरेको छ त्यसबाट ती दुबै राजनीतिक दललाई नेपालको लोकतान्त्रिक गणतन्त्रको थालनी गर्ने सूत्रधारका रूपमा नाम लिनु लोकतन्त्र र गणतन्त्र दुबैको हास्यास्पद चरित्रलाई प्रस्तुत गर्नुको साथै विश्वमञ्चमा नेपालको लोकतान्त्रिक दल भनिने राजनीतिक चरित्रको घोर निकृष्ट र रंगबदलू चरित्रलाई समेत प्रदर्शन गरी सकेको छ ?

सबभन्दा महत्वपूर्ण र विचारणीय कुरो- लोकतन्त्रमा सत्तापक्ष हुन्छ कि प्रतिपक्ष। लोकतान्त्रिक परिवेशमा सत्तासीन हुने मुख्य तथा अन्य दलहरूलाई सत्तापक्ष भनिन्छ भने प्रतिपक्षमा हुने मुख्य दल तथा अन्य दलहरूलाई प्रतिपक्ष भनिन्छ, जो विश्वव्यापी मान्यता हो र त्यसै अनुरूप विश्वभर हुँदै आएको छ। तर नेपालमा एमालेका वर्तमान अध्यक्षले हालै सत्ताबाट बाहिरिएका माओवादी केन्द्रका अध्यक्षसँग साँठ-गाँठ गरेर जुन निकृष्ट परिपाटीको शुरूवात बाम गठबन्धनको रूपमा गरेको छ, त्यो प्रायः विश्वकै लोकतान्त्रिक राजनीतिमा घोर विकृतिपूर्ण नव संरचनाको परिचायक बन्न पुगेको छ। जसको एकमात्र उद्देश्य सत्तालिप्सा र निहित स्वार्थसाधन गर्नु बाहेक अरू केही छैन र त्यसै क्रममा एमाले अध्यक्षले देशका विभिन्न भागमा आमसभा गरेर जनतालाई दिग्भ्रमित पार्दै भावी सरकार बाम गठबन्धनको बन्ने प्रचार बडो जोड-तोडले गर्दै आएको छ। सब भन्दा दुःखको कुरो २०६६ सालको जन आन्दोलनको अगुवा तथा अग्रणी व्यक्ति माओवादी केन्द्रका अध्यक्ष पनि स्वार्थलिप्साले गर्दा आफ्नो अगुवा बनेको भूमिका बिर्सेर अब उनको त्यस आन्दोलनमा पछुवा अर्थात् पछि हिड्ने एमाले अध्यक्षका पछुवा बनेर आफ्नो उँचाईलाई स्वयं नै सबैका नजरमा तल खसाली सकेका छन् ? त्यसबाट यो स्पष्ट हुन आउँछ कि स्वस्थ्य राजनीतिक सोच र दृष्टिकोण नभएका व्यक्तिको कुनै स्थायी व्यक्तित्व र छाप हुँदैन, त्यस्ताले आफ्नो स्वार्थ साधन र सत्तालिप्साका लागि जस्तो निकृष्ट कार्य पनि गर्न पछि पर्दैनन् ?

सबभन्दा अवलोकनीय र विवेच्य पक्ष, खासगरीकन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को के रहेको छ कि नेपालको लोकतान्त्रिक गणतन्त्रको पूर्व सन्ध्यामा आयोजित २०४६ सालको ऐतिहासिक महत्वपूर्ण जनआन्दोलनका जन्मदाता र संचालक रहि सकेका ऐतिहासिक शीर्ष नेता आज उनकै त्यस आन्दोलनको पछिल्लो पंक्तिमा रहेका नेताको पछाडि लागेर खुदै आफ्नो व्यक्तित्वलाई तल्लो पार्नबाट के तिनको गरिमा तल खस्किएको संसारले टिप्पणी गर्नबाट हिच्कियाउँछ त ? के तिनको अवसरवादी स्वार्थी चरित्र प्रदर्शित हुँदैन त ?

दोस्रो विवेच्य प्रसंग सत्ता प्राप्तिका लागि त्यस्तो साँठ-गाँठ गरेर सत्तासीन हुनेले आफू सत्तामा रहेको बखत त जनता र देशका लागि केही पनि गरेका थिएनन् भने अब ती दुबै मिलेर सत्तासीन भएपछि के नेपाली जनताका लागि तिनीहरूबाट केही राम्रा र भलाईका कार्य गर्ने अपेक्षा गर्न सकिन्छ त ? साढे दुई दशकसम्म देश र जनताको शोषण गरेर एक सामान्य व्यक्तिबाट अरबपति सम्म बन्न पुगेका ती दुबै राजनीतिका व्यापारीहरूले अब पनि आ-आफ्ना व्यापार विस्तारमा नै नलाग्लान त ? उखानै छ - 'मुसा खान पल्केको र अभ्यस्त भै सकेको बिरालोले आफ्नो पुरानो बानी परित्याग गरेर साधु चरित्र प्रदर्शन गर्न सक्छन् त ?' नेपाली जनताले गहिरिएर सोच्ने बेला आई सकेको छ ? नेपालको सबभन्दा ठूलो दुभाग्य नेपालमा त्यागी र समर्पित राजनीतिक नेता आजसम्म सुवर्ण शमशेर बाहेक कोही भएकै छैन। खासगरीकन भन्ने हो भने लोकतान्त्रिक गणतन्त्रको पुनर्वहाली पश्चात् नेपालमा फस्टाएको व्यापारहरू मध्ये सबैभन्दा फाइदाकारक व्यापार राजनीति नै रहेको छ, जसमा २०४६ सालसम्म सामान्य अवस्थामा रहेकाहरू प्रायः सबै राजनीतिको निरायद व्यापारमा लागेर करोडपति देखि अरबपति सम्म बनी सकेको छ भने नेपाली जनतालाई अभूतपूर्व बासदीपूर्ण अवस्थामा जीवन जिउन बाध्य पारी दिएको छ ? अब पनि नेपाली जनता जागेन भने तिनीहरूले नेपाल र नेपालीलाई सखाप नपार्लान भन्न सकिन्न ?

# जिल्ला समाचार

## मैथिली सम्मेलन सम्पन्न

जनकपुर। उनन्तीसौं अन्तराष्ट्रिय मैथिली सम्मेलन शनिबारदेखि जनकपुरधाममा सम्पन्न भएको छ। अन्तराष्ट्रिय मैथिली परिषद्द्वारा आयोजित सो सम्मेलनमा नेपाल र भारतका मैथिलीका स्रष्टाको सहभागिता थियो। पूर्वप्रधानन्यायधीश रामकुमारप्रसाद साहले सम्मेलनको उद्घाटन गर्दै मैथिलले मैथिली भाषाको प्रयोगमा देखाएको उदासीनताले भाषाको विकास र विस्तारमा संकट मडारिरहेको बताए। मैथिलले मैथिली भाषाको प्रयोगमा हीनता र मैथिलीबाहेक अन्य भाषाको प्रयोगमा हीनता र मैथिलीबाहेक अन्य भाषको संरक्षणमा समस्या भएको छ, उनले भने।

## कम्युनिष्ट शासन ल्याउने प्रयास : प्रधानमन्त्री

रूपन्देही। प्रधानमन्त्री शेरबहादुर देउवाले कम्युनिष्टहरूले झुठा नारा लगाएर जनतालाई झुक्याएर नेपालमा कम्युनिष्ट शासन ल्याउने प्रयास गरिरहेको बताएका छन्। रूपन्देहीको सालझण्डीमा आयोजित सभामा बोल्दै प्रधानमन्त्रीले एकदलीय अधिनायकवादी शासन आएमा जनताले बोल्न पनि नपाउने बताए। उनले आसन्न निर्वाचनले नेपालको भाग्य निर्धारण गर्ने बताए। देउवाले लोकतन्त्र बचाउने कि कम्युनिष्ट शासन ल्याउने भन्ने रोज्न मतदातालाई आग्रह गरे। प्रधानमन्त्री देउवाले भने, 'यो बेला कस्तो सरकार बनाउने, कस्तो व्यवस्था गराउने भन्ने हो, त्यसैले लोकतन्त्र बचांउने कि कम्युनिष्ट शासन ल्याउने ?'

## "नो भोट" प्रचारप्रसार गर्दा पक्राउ

रौतहट। आसन्न निर्वाचनमा जनताले आफ्नो 'राइट टू रिजेक्ट' प्रयोग गरी 'नो भोट' का लागि प्रचारप्रसार गरेको अभियोगमा अशोक सिंह र वीरेन्द्र कुमार साहलाई रौतहटबाट नेपाल प्रहरीले बिहीबार पक्राऊ गरेको छ। वीरेन्द्र कुमार साहलाई रौतहटको पिपरा चौकको चिया पसलबाट पक्राउ गरेको हो भने ६० वर्षका अशोक सिंहलाई हजमिनिया स्थित उनकै निवासबाट प्रहरीले पक्राउ गरेको हो। सर्वोच्च अदालतले विगतमा 'राइट टू रिजेक्ट' को प्रावधान निर्वाचनमा राख्न निर्देश गरे तापनि वर्तमान निर्वाचनमा सो प्रावधान नराख्दा सो को विकल्पको रूपमा स्वतन्त्र मधेश गठबन्धनले नेपालको विभेदपूर्ण संविधान तथा औपनिवेशिक शासन आफूलाई स्वीकार्य नभएको जनाउनका लागि, मतपत्रमा 'कोठा बाहिर मोहर' लगाई नो भोट खसाउनका लागि जनतासँग अपील गर्दै आएको छ।

## विकास योजना बनाउँदै नेतृ आरजु

कैलाली।'मैले आम जनतासंगको प्रत्यक्ष भेटघाटका क्रममा यहाँका मुलभूत मुद्दा तथा विकासका चुनौति र अवसरबारे पहिचान गरिरहेकी छु र त्यसकै आधारमा विकासका खाका कोरिरहेकी छु' दिनहुँ दर्जन बढी स्थानमा चुनावी सभा, कार्यकर्ता भेटघाट सहितका चुनावी प्रचारप्रसारमा निकै व्यस्त कांग्रेस नेतृ डाक्टर आरजु राणा देउवाले बिहीबार धनगढीमा पत्रकारहरूका लागि समय निकालिन्। ठूलो संख्यामा उपस्थित सञ्चारकर्मीहरूमाझ कैलाली क्षेत्र नम्बर ५ बाट नेपाली कांग्रेसका प्रतिनिधि सभा सदस्य उम्मेदवार डाक्टर देउवाले आर्थिक, भौतिक, सामाजिक, शैक्षिक, स्वास्थ्य लगायतका क्षेत्रको विकासका विद्यमान चुनौति र समस्या तथा विकास योजनाबारे विस्तारपूर्वक चर्चा गरिन्। 'यो क्षेत्रमा ऐलानीपर्ती जमिन र भूमिहिन सुकुम्बासीहरूको समस्या विकराल छ' उनले भनिन्, 'भूमिहीनहरूले ऐलानीपर्ती जमिनमा बसोबास गर्नु गल्ती होइन, सरकारले उहाँहरूलाई उचित ढंगले व्यवस्थापन गर्न नसक्नु कमजोरी हो।' उनले आगामी दिनमा व्यवस्थित बसोबासलाई प्राथमिकताका साथ अगाडी बढाइने बताइन्।

## उम्मेद्वारहरू घरदैलोमा केन्द्रित

बाँके। आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा लोकतान्त्रिक गठबन्धनलाई विजयी बनाउन बाँकेका विभिन्न ठाउँमा घरदैलो अभियान तीव्र रूपमा बढेको छ। शुक्रबार बिहान लोकतान्त्रिक गठबन्धनले क्षेत्र नम्बर १ अन्तर्गत कोहलपुर नगरपालिकाको वडा नम्बर ६ रझेनामा घरदैलो कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा प्रतिनिधि सभा क्षेत्र नम्बर १ का उम्मेदवार माधबराम खत्री र प्रदेश सभा 'ख' का उम्मेदवार नारायणप्रसाद गौडेल, नेपाली काँग्रेस र राप्रपाका नेता, कार्यकर्ता र शुभेच्छुकहरू सहभागी भएका थिए। यस्तै प्रदेश सभा-१ 'क' का उम्मेदवार सरदचन्द्र बर्माले बिहान नरैनापुरका विभिन्न गाउँमा घरदैलो कार्यक्रम सम्पन्न गरेका छन्। घरदैलोमा स्थानीय स्तरका काँग्रेस र राप्रपाका नेता, कार्यकर्ता सहभागी थिए।

## हरिनारायण रौनियारको पल्ला भारी

वीरगञ्ज। मंसिर २१ गते दोस्रो चरणमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति नजिकिएसँगै पर्सा क्षेत्र नम्बर ३ मा अन्य पार्टी परित्याग गरी संघीय समाजवादी फोरम नेपालमा प्रवेश गर्नेहरूको लहर नै चलेको छ। यसबाट सो क्षेत्रमा प्रतिनिधिसभा सदस्यमा फोरम र राजपा नेपालका संयुक्त उम्मेदवार हरिनारायण रौनियारको पल्ला भारी देखिएको छ। आइतबार सो क्षेत्रको प्रसौनीमा एमालेका स्थानीय नेता लक्ष्मण पटेलसहित ५५ जना कार्यकर्ता फोरममा प्रवेश गरेका छन्। फोरम नेपालका केन्द्रीय सदस्यसमेत रहेका रौनियारले उनीहरूलाई टीका लगाएर पार्टीमा भित्र्याएका छन्। यसअघि पनि दिनहुँजसो कांग्रेस र एमाले परित्याग गरी फोरम प्रवेशको क्रम चलिरहेको थियो।

## ठूलो उद्योग खोल्छु : उद्योगपति चौधरी

धनगढी। प्रतिष्ठित उद्योगपति तथा नेपाली कांग्रेस नेता विनोदकुमार चौधरीले कैलाली सहित प्रदेश नम्बर ७ मा छिट्टै दुईवटा ठूला उद्योग खोल्ने बताएका छन्। उनले दुई ठूला (मेगा) उद्योग स्थापनासंगै प्रदेश नम्बर ७ मा आर्थिक गतिविधिमा उल्लेख्य बृद्धि हुने तथा रोजगारीका प्रशस्त अवसर सिर्जना हुने बताए। नेपाल प्रेस युनियन कैलालीले शनिबार धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले कैलाली तथा कञ्चपुरका दुई क्षेत्रमा विशेष औद्योगिक क्षेत्र स्थापना हुन लागेको चर्चा गरे। देशका विभिन्न क्षेत्रमा सात वटा विशेष औद्योगिक क्षेत्र खुल्दैछन्। उनले भने- प्रदेश नम्बर ७ मा दुई वटा औद्योगिक क्षेत्र स्थापना हुँदैछन् र यहा उद्योग खोल्ने मेरो प्राथमिकता छ। नेपाली कांग्रेसका समानुपातिक उम्मेदवार समेत रहेका प्रतिष्ठित उद्योगपति चौधरीले पछिल्ला २५ वर्षमा कुनै पनि क्षेत्रमा औद्योगिक क्षेत्र नखुलेकोमा कांग्रेस नेतृत्वको सरकारले यसको पहल गरेर मुलुकको तीव्र आर्थिक समृद्धिमा गतिलो योगदान पुऱ्याएको चर्चा गरे।

## बिनाविभागीय मन्त्रीका अंगरक्षकको मृत्यु

मोरङ। बिनाविभागीय मन्त्री शिवकुमार मण्डलका अंगरक्षकको हृदयघातका कारण मृत्यु भएको छ। मन्त्री मण्डलका अंगरक्षक नेपाली सेनाका जमदार ४६ वर्षीय रामबहादुर बुढाको हृदयघातका कारण मंगलबार बिहान निधन भएको हो। वाम गठबन्धनबाट मोरङ क्षेत्र नं ५ प्रतिनिधिसभा सदस्यका उम्मेदवार समेत रहनुभएका मन्त्री मण्डलको विराटनगर-१ पोखरियास्थित निवासमा बुढालाई राति असहज महसुस भएपछि उपचारका लागि स्थानीय विराट नर्सिङ होममा भर्ना गरिएको थियो। उपचारका लागि नर्सिङ होम पुऱ्याउनासाथ राति नै बुढालाई चिकित्सकले मृत घोषणा गरेको थियो।

## गठबन्धनका दुई जना पक्राउ

विराटनगर। नोट भोटको प्रचारप्रसार गरिरहेका स्वतन्त्र मधेश गठबन्धनका दुई जना नेतालाई प्रहरीले पक्राउ गरेको छ। मोरंङ जिल्ला प्रहरी कार्यालयले स्वतन्त्र मधेश गठबन्धन मोरंङको जिल्ला संयोजक डा. प्रमेशवर मुरमुरलाई उनको कार्यालयबाट र श्रीराम थारूलाई उनको पसलबाट गिरफ्तार गरेको छ। डा. मुरमुर र चौधरी दुवै जना नो भोटका लागि सक्रिय रूपमा मत बदर अभियानमा लागेका थिए। स्थानीय निकायमा स्वतन्त्र मधेशको पक्षमा कोठली बाहिर १९ हजार भन्दा बढी मत नो भोट भएको गठबन्धनको दाबी छ।

## कांग्रेसको गढमा राजपाको जनलहर

नवलपरासी। बर्दघाट सुस्ता पश्चिम नवलपरासीको निर्वाचन क्षेत्र नं २ मा यति बेला विभिन्न पार्टीका उम्मेदवारहरूले आ-आफ्नो घरदैलो र कोणसभा कार्यक्रममा व्यस्त भएका छन्। यसैगरी मंगलबार राजपा नेपालका उम्मेदवारहरू पूर्वगृहराज्यमन्त्री एवम् नेपाली कांग्रेस केन्द्रीय सदस्य देवेन्द्रराज कंडेलको गढ मानिने उनको महेशपुर गाउँमा राजपा नेपालले आफ्नो घरदैलो कार्यक्रममा जनलहर प्रदर्शन गरेको थियो। राजपा नेपालले पाल्हीनन्दन गाउँपालिकाको हरपुर, अमानीगंज, सुगौली, रमपुरवा लगायतका गाउँहरूमा घरदैलो गरेको थियो र घरदैलो पछि महेशपुर बसपार्कमा भएको चुनावी सभालाई संबोधन गर्दै पाल्हीनन्दन विधानसभाका युवा उम्मेदवार नगेन्द्र अग्रहरीले मधेशी शहिदहरूको सपना सकार गर्न आफ्नो उम्मेदवारी रहेको बताएका थिए।

नेपाली राजनीतिक शब्दकोशमा प्रयोग हुने राष्ट्र राज्य र अंग्रेजीको लबतष्यल कतबतभ मा भिन्नता छ र ? अंग्रेजीबालाको व्याख्यामा नथाक्नेहरू राष्ट्र राज्यमा देश विभाजनको संकेत देख्नु ठिक हो र, राजपाको चुनाव घोषणापत्रमा जे देखियो ? **जेपी गुप्ता**

कसैले एउटा सन्ठी बिचमा भाँच्यो र भन्यो देब्रे हातको रोज्छौ कि दाहिने हातको ? नेपालमा अहिले कांग्रेस र कम्युनिष्ट बिचको छनौट ठिक त्यस्तै हो । विगत ३ दशकको व्यबहार र निर्वाचन घोषणापत्र तुलना गरौ, हात फरक सन्ठीको टुक्रा एकै हो । **डम्बर खतिवडा**

बाल विवाह रोक्न सख्त कानुनी राज्यको परिकल्पना नगरी राजपाको घोषणा पत्रमा उल्लेखित उमेर पुगेर विवाह गर्ने युवतीलाई आधा तोला सुन दिइने" कुरा चुनावको मुखमा प्रचारात्मक उद्देश्यबाट मात्र निहित छ । सामाजिक कुरीति राजनीतिक प्रतिवद्धता वा कडा कानुनबाट मात्र सम्भव हुँदैन । **निमिष झा**

यो चुनाव नश्लवाद र बहुराष्ट्रियता बिच हुने मतादेशको लडाइँ हो । ओलीको वाम गठबन्धन र मधेशी-जनजाति-थारू-प्रजातान्त्रिक गठबन्धन बिचको परीक्षा हो । भ्रममा नपरौं ओली गठबन्धनले जितेमा कम्युनिष्टले होइन नश्लवादले जित्नेछ । जसको अर्थ एकतिहाइले राज्य कब्जा गर्नेछ । **मणिराज राई**

धनुषा ३ मा एमालेको उम्मेदवार रहेनछ : यस क्षेत्रमा एउटा वडा पनि नजितेको माओवादीलाई १३ हजार मत होल्ड गर्ने एमालेले समर्थन गर्नु भनेको आफ्नो मत विमलेन्द्र निधी वा राजेन्द्र महतोमा विभाजित गराउने निश्चित देखियो । **मात्रिका पौडेल**

गोरखा परिषद् (नेपाली संसद) बाट मधेशले कुनै पनि अधिकार पाएको छैन र पाउने छैन । संसदबाट अधिकार कटौती र अधिकार गुमाएकै छ । मधेशले जे हाँसिल गरेको छ त्यो सडकबाटै गरेको छ । त्यसकारण मधेशी नेताहरूलाई संसद र सत्ताबाट टाँढै राखेको बेस । **बीपी साह**

कुनै दुई मत रहेन कि दलगत सिद्धान्त र अन्य नेताहरूको योगदानलाई न्युनीकरण गर्दै मधेश राजनीतिको धूरीलाई राजेन्द्र महतोले आफ्नो वरीपरी घुमाउन सफल हुनु भएको छ । राजेन्द्र महतोको विरोध गर्नेलाई नीजको विरोधी हैन "मधेश विरोधी" र समर्थन गर्ने जमातलाई "सच्चा मधेशी" को उपाधी यसै कुरोको प्रमाण हो । **विकास ठाकुर**

जातीय मतभेदको पराकाष्ठा हेर्नु छ भने धनुषा जानू पर्छ छर्लङ्ग हुन्छ । धनुषाको चुनावी अवस्था हेरेर यस्तो लाग्छ कि यहाँ मधेशको पक्षधर भर्सस सत्ताको पुजारी बिच प्रतिस्पर्धा हुँदैछ । को कुन कित्तामा छ प्रष्ट देखिन्छ । **रिता साह**

निर्वाचनको रौनक हेर्ने हो भने मधेश आए हुन्छ । र यो रौनक हिजो जो मधेशीलाई निर्वाचन चाहँदैनन् भन्ने मिथ्या गर्थे उनिहरूलाई मौन जवाफ हुनेछ । **मनिष झा**

हामीले जित्यौ भने नेपाल बन्द, चक्का जाम गर्दैनौ भनेर घोषणा-प्रतिबद्धतापत्र सार्वजनिक गरेका दलहरूले सडकमै चुनावी सभा गरेर सर्वसाधारणलाई सास्ती दिईरहेका छन् । नयाँ भन्नेले पनि क्षणिक जलप लाएका रहेछन् । **सरोजराज अधिकारी**

# "मधेशका जिल्लामा शिक्षालाई निःशुल्क बनाइने"

राजविराज । राष्ट्रिय जनता पार्टी नेपाल(राजपा)का संयोजक महन्थ ठाकुरले मधेश आन्दोलन र मधेश विद्रोहकै कारण मुलुक संघीयतातर्फ उन्मुख भएको बताएका छन् ।



महन्थ ठाकुर

राजपा-फोरम गठबन्धनले राजविराजमा आज आयोजना गरेको संयुक्त चुनावी जनसभालाई सम्बोधन गर्दै नेता ठाकुरले मधेशका २२ जिल्ला मधेश राज्यका रूपमा संगठित नभएसम्म संघर्ष जारी रहने जिकिर गरे । उनले अथक संघर्षपछि मधेशका रूपमा प्राप्त आठ जिल्लालाई रक्षा गर्नका लागि सम्पूर्ण जनतालाई मंसिर २१ गतेको प्रतिनिधि र प्रदेशसभाको चुनावमा मतदान गर्न आग्रह गरे ।

मधेशी जनताको भारी मतबाट अब बन्ने सरकारले मधेशका जिल्लामा शिक्षालाई निःशुल्क बनाउनाका साथै विपन्न समुदायका घर घरमा ग्यास चुलो र बालिकाको जन्म हुनेबित्तिकै उनका नाममा रू १० हजार बैंक खातामा जम्मा गरिने घोषणासमेत गरे ।

सभालाई संबोधन गर्दै संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले दुई पार्टीको चनुावी एकता मधेशको अधिकार र पहिचानको स्थापनाका लागि भएको बताए ।राजपा अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतोले आगामी मंसिर २१ गते हुने प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा 'मधेश आन्दोलनका क्रममा निहत्था आन्दोलनकारीमाथि गोली चलाउने राज्य र तिनका सञ्चालक'माथि बदला लिनुपर्ने जिकिर गरे । राजपाका महासचिव मनिषकुमार सुमनले वर्ग, लिङ्ग, क्षेत्र र जनताका आधारमा विभेद अत्य नभएसम्म संघर्ष जारी रहनेमा जोड दिए । सभामा सप्तरीको मलेठमा भएको घटनामा शहादत प्राप्त परिवारलाई मधेश गठबन्धनका शीर्ष नेताले सम्मान गरेका थिए ।

## 'कालो धुवाँमा जलिरहेको मधेश' बजारमा



सर्लाही । युवा साहित्यकार मयुदिन अन्सारीको कृति 'कालो धुवाँमा जलिरहेको मधेश' नामक एकाङ्की नाटक बजारमा आएको छ । यो नाटकमा मधेश आन्दोलन, आन्दोलन परिणामुखी हुन नसक्दा देखिएको समस्या, राज्यले गर्दै आएको विभेदलगायत विषय समेटिएका छन् । यो कृतिमा रक्ताम्मे मधेश, कालो धुँवामा जलिरहेको मधेस, व्यर्थको सवाल, जीवन दर्पण र निम्तो गरी पाँचवटा नाटक समावेश छन् । पाँच एकाङ्कीमध्ये 'रक्ताम्मे मधेश' र 'कालो धुँवामा जलिरहेको मधेस'मा मधेश आन्दोलनसँग सम्बन्धित विषय राखिएको छ । युवा साहित्यकार अन्सारीको यो पहिलो प्रकाशित कृति हो । उनले खण्डकाव्य 'साथी सन्देश' पनि लेखिसक्नुभएको छ । यो कृति वैशाखमा प्रकाशन गर्ने उनले जानकारी दिए ।

## आर्थिक समाचार

### एनसेलको नयाँ भ्वाइस प्याक

काठमाडौं । एनसेलले आफ्ना प्रिपेड ग्राहकका लागि चार नयाँ भ्वाइसप्याक लिन सक्ने कम्पनीले जनाएको छ । एनसेलका ग्राहकले अब महिनामा सात सय मिनेट सम्मको भ्वाइस सेवा प्रयोग गर्न सक्नेछन् । नयाँ भ्वाइस प्याक गएको बिहीबारदेखि ९० दिनका लागि संचालनमा आएको छ, जसअन्तर्गत ग्राहकले आवश्यकता अनुसार दैनिक, साप्ताहिक तथा मासिक प्याक सुचारू गर्न सक्नेछन् । ग्राहकले अब तीन दिने भ्वाइस प्याक सुचारू गर्न सक्ने कम्पनीले जनाएको छ । एनसेलका सम्पूर्ण प्रिपेड ग्राहकले एस्ट्रिक्स १७११८ ह्यास डायल गरी प्राप्त जानकारी अनुसार आवश्यकता बमोजिम भ्वाइस प्याक सुचारू गर्न सक्नेछन् ।

### टेलिकमको माइक्रोवेभ प्रविधि विस्तार

काठमाडौं : नेपाल टेलिकमले विभिन्न जिल्लामा भिस्याट प्रविधिमार्फत जिएसएम मोबाइल सेवा उपलब्ध गराइरहेकोमा हाल माइक्रोवेभ प्रविधिमार्फत प्रतिस्थापन गर्ने कार्यलाई निरन्तरता दिइरहेको छ । हालै पूर्वाञ्चलका सोलुखुम्बु, ताप्लेजुङ, ओखलढुंगा, उदयपुर, मोरङ, झापा, सप्तरी र सुनसरी जिल्लाका विभिन्न स्थानमा बिटिएस स्थापना गरी माइक्रोवेभ प्रविधिमार्फत जिएसएम मोबाइल सेवा सञ्चालन गरिएको टेलिकमले विज्ञप्तिमार्फत जनाएको छ । पुरानो प्रविधिमा भ्वाइस सेवामात्र उपलब्ध भइरहेकोमा अब नयाँ प्रविधिमार्फत मोबाइलमा भ्वाइस र डाटा दुवै सेवा उपलब्ध गराउन सकिने टेलिकमको भनाइ छ ।


## पशुसेवा विभाग हरिहरभवनको अनुरोध

- उन्नत नश्लका पशुपालन गरी उत्पादन तथा उत्पादकत्व बढाऔं ।
- कृत्रिम गर्भधान गरौं, पशुको उत्पादन तथा उत्पादकत्व बढाऔं ।
- हरियो घाँसमा आधारित पशुपालन गरौं, बाह्रै महिना घाँसको आपूर्ति गरौं ।
- पशुपन्छीलाई संक्रामक रोग विरूद्ध खोप लगाऔं ।
- संक्रामक रोग लागेको सूचना प्राप्त हुने बित्तिकै नजिकको जिल्ला पशुसेवा कार्यालय तथा पशुसेवा केन्द्रमा खबर गरौं ।

**पशुसेवा विभाग**

हरिहरभवन, ललितपुर


## भारतीयद्वारा रेलसेवा उद्घाटन

नयाँदिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मंगलबार भारतीय मेट्रो रेल सेवा पहिलो चरणको सेवा हैदराबादमा उद्घाटन गर्ने कार्यक्रम रहेको छ । उनले भारती मेट्रो सेवाको पहिलो चरणको ३० किलोमिटर रेल सेवाको मंगलबार भारतीय दक्षिणी सहर हैदराबादमा उद्घाटन गर्न लागेको बताइएको हो । भारतीय सरकारी रेडियो अल इन्डिया रेडियोले सो जानकारी दिएको समाचारमा जनाइएको छ । प्रधानमन्त्री मोदीले सो सेवाको सञ्चालनको उद्घाटन गरेसँगै सोही रेलमा बसेर प्रधानमन्त्री मोदी र तेलङ्गाना राज्यका मुख्यमन्त्री के सी हन्द्राशेखर मैयापुरदेखि कुकातपल्लीसम्म पुग्नुहुने कार्यक्रम तया भएको सो रेडियोले जानकारी दिएको छ । भारतीय मेट्रो रेल सेवाको यो पहिलो चरणको कार्यक्रम हो ।

## भारतमा समालोचक सुवेदीको अभिनन्दन

काठमाडौं । भारतको उत्तर प्रदेशस्थित मेरठमा तीनदिने अन्तराष्ट्रिय मेरठ साहित्य सम्मेलन सम्पन्न भएको छ । सो सम्मेलनमा नेपाल, भारत, भुटानलगायत देशका लेखक, साहित्यकारहरूको सहभागिता थियो । सम्मेलनमा नेपाली साहित्यको विकासमा योगदान दिएबापत वरिष्ठ साहित्यकार एवं समालोचक दधिराज सुवेदीलाई अभिनन्दन गरिएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै साहित्यकार सुवेदीले नेपाली साहित्यलाई हिन्दीमा अनुवाद गरी अन्तराष्ट्रियकरण गर्ने कार्यमा सबैले सक्रियता देखाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । गोष्ठिमा हिन्दी, बङ्गाली, अवधि र अंग्रेजी भाषामा काव्य वाचन गरिएको थियो । सम्मेलनको उद्घाटन उत्तर प्रदेशका राज्यपाल राम नायकले गर्नुभएको थियो ।











## मिथिला दर्शन टी.भी.

कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं